# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष ५ अङ्क २० पूर्णाङ्क २१० २०७७ कात्तिक २४ गते सोमबार Monday, 9 Nov., 2020 पृष्ठ ८ मूल्य रू. १०।–


## क.चेतबहादुर कार्कीप्रति भावपूर्ण श्रद्धाञ्जली



काठमाडौँ। अखिल नेपाल किसान महासङ्घ सिन्धुपाल्चोक जिल्ला समिति सदस्य तथा नेकपा(क्रान्तिकारी माओवादी)का इर्खु सेल सदस्य सिन्धुपाल्चोक चौसागढी नपा इर्खु निबासी क.चेत बाहादुर कार्कीको यही २०७७ कार्तिक १८गते साँझ ६ बजे ६५ बर्षको उमेरमा निधन भएको छ। उहाँ लामो समय देखि दमको रोगी हुनुहुन्थ्यो। उहाँ अत्यन्त मिलनसार देशभक्त क्रान्तिकारी किसान हुनुहुन्थ्यो। उहाँको मृत्युले सिन्धुपाल्चोक पार्टीलाई मर्माहित बनाएको छ। उहाँप्रति हार्दिक भावपूर्ण श्रध्दान्जली अर्पण गर्दै सोकसन्तब्द परिवारजनप्रती हार्दिक संबेदना व्यक्त गर्दछौं।

*(नेकपा(क्रान्तिकारी माओवादी)*
*सिन्धुपाल्चोक*

# अक्टोबर समाजवादी क्रान्तिको आयाम र महत्वबारे चर्चा



काठमाडौं। महान अक्टोबर समाजवादी क्रान्तिको १०३ वर्ष पुगेको सन्दर्भ पारेर यसको आयाम र महत्वबारे चर्चा गरिएको छ। नेकपा (क्रान्तिकारी माओवादी)को मजदुर संगठन अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासंघले आयोजना गरेको कार्यक्रममा वक्ताहरुले यसबारे सघन चर्चा गरे। कार्यक्रमका प्रमुख अतिथि तथा नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी)का महासचिव मोहन वैद्य'किरण'ले नेपाली क्रान्तिको सन्दर्भसँग जोडेर अक्टोबर समाजवादी क्रान्तिको उल्लेखनीय चर्चा गर्नुभयो।

उहाँले अक्टोबर समाजवादी क्रान्तिका तीनवटा मुख्य पक्षलाई विशेष रूपले उल्लेख गर्नुभयो। अक्टोबर समाजवादी क्रान्तिको नारा, सरकारको प्रश्न र फौजी संघर्षको तयारीलाई विशेष रूपले चर्चा गर्नुभयो।

उहाँले भन्नुभयो, "अक्टोबर समाजवादी क्रान्तिले विश्व इतिहासमा नयाँ युगको उद्घोष गऱ्यो। पेरि कम्युन पश्चातको यो अत्यन्तै महत्वपूर्ण दिन हो। यही दिनलाई आधार मान्दै र यसै दिनलाई टेक्दै अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलन पनि सशक्त रूपमा अगाडि बढ्यो। त्यसैले विश्व कम्युनिस्ट आन्दोलनको इतिहासमा र नेपाली कम्युनिस्ट आन्दोलनको इतिहासमा पनि अक्टोबर समाजवादी क्रान्तिको विशेष महत्व छ।"

यसको महत्वबारे तीनवटा कुरा विशेष रूपले उल्लेखनीय रहेको भन्दै महासचिव किरणले भन्नुभयो, "पहिलो कुरा नारा के लगाउने भन्ने प्रश्न। मार्क्सले भन्नुभयो- संसारका मजदुरहरु एक होऔं। लेनिनले भन्नुभयो- मजदुर मात्र होइन है। संसारका उत्पीडित जनसमुदायहरु एक होऔं।

उत्पीडित जनसमुदाय भनेपछि महिला, आदिवासी जनजाति सबै पर्ने भए। आ-आफ्नो देशमा, आ-आफ्नो ठाउँमा को को उत्पीडित छन्, ती सबै यो नाराको वरिपरि आए। संसारका मजदुरहरु र उत्पीडित जनसमुदायहरु एक होऔं। उत्पीडित जनसमुदाय भन्नाले तेस्रो विश्वका उत्पीडित मुलुकहरु भन्ने बुझिन्छ। एशिया, अफ्रिका र दक्षिण अमेरिकाका उत्पीडित मुलुकहरु। साम्राज्यवादको शोषण उत्पीडनमा परेका मुलुकहरु। उत्पीडित मुलुकहरुलाई पनि एकजुट बनाएर लैजानुपर्छ भन्ने अर्थ पनि यसमा सन्निहित रहेको छ। अक्टोबर क्रान्तिले आन्दोलनकारी शक्तिहरुलाई एकीकृत गरेर लैजाने एउटा सैद्धान्तिक अवधारणा विकास गऱ्यो। यो धेरै महत्वपूर्ण कुरा हो। भन्दा सामान्य नारा मात्रै देखिए पनि यसमा सिद्धान्त, दृष्टिकोण, विचार, राजनीति रहेको छ।

दोस्रो कुरा राजनीतिको क्षेत्रमा लोकतान्त्रिक गणतन्त्र भन्ने गरियो। अहिले खुब लोकतान्त्रिक गणतन्त्र भन्ने गरिएको छ। हामीले जनयुद्धको बेला नयाँ जनवादी गणतन्त्र भनेका थियौं। पार्टीका साथीहरुले संशोधनवादी बाटो अपनाइसकेपछि नयाँ जनवादी गणतन्त्रलाई छोडेर लोकतान्त्रिक गणतन्त्रलाई पकडिए। मार्क्सले परिस कम्युन खालको सरकार हुन्छ भन्नुभयो, एङ्गेल्सले पेरिस कम्युन भनेको सर्वहारावर्गको अधिनायकत्व हो भन्नुभयो। लेनिनले १९०५ र १९१७ को रसियन क्रान्तिको अनुभवको सार खिच्दै रुसमा लोकतान्त्रिक गणतन्त्र होइन, सोभियत गणतन्त्रको स्थापना गर्नुपर्छ भन्नुभयो। राजनीतिको क्षेत्रमा यसको धेरै विशेष महत्व छ।

तेस्रो भनेको क्रान्तिको *बाँकी ४ पेजमा*

## ओली सरकारलाई किन 'संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल' हटाउने निर्णय गर्न आवश्यक पर्यो ?

### प्रतिपक्षहरूबाट सरकारको नियतमाथि प्रश्न उठे, संविधान नचलाएको सरकारको दाबी

काठमाडौँ। सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाप्रति वर्तमान सरकारको निष्ठा र नियतमाथि बेलाबेला प्रश्न उठ्ने गरेको छ। प्रधानमन्त्री केपी शर्मा ओलीले विगत र वर्तमानमा गणतन्त्र र सङ्घीयताविरुद्ध शृङ्खलाबद्ध रूपमा दिएको अभिव्यक्तिले यसबारे प्रश्न उब्जाएको देखिन्छ। विगतमा 'बयलगाडा चढेर अमेरिका जानु र नेपालमा गणतन्त्र आउनु उस्तै' भनेर अभिव्यक्ति दिने प्रधानमन्त्री ओलीले केही दिनअघि मात्र उनले प्रदेशलाई केन्द्र सरकारको प्रशासनिक युनिटको संज्ञा दिएका थिए। त्यसलाई बल पुग्ने गरी ११ असोजको मन्त्रिपरिषद् बैठकबाट 'सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपाल' नलेख्ने निर्णय भयो। सोही निर्णयअनुसार कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयद्वारा 'सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपाल' नलेख्न मातहत निकायमा परिपत्र जारी गरेपछि फेरि सार्वजनिक रूपमा प्रश्न उठेको हो।

कानुन मन्त्रालयबाट गत असोज २८ मा जारी परिपत्रअनुसार 'सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपाल'को स्थानमा 'नेपाल' मात्र लेख्न भनिएको छ। यस्तै अङ्ग्रेजीमा 'फेडेरल डेमोक्रेटिक रिपब्लिक अफ नेपाल' लेख्ने गरेकोमा 'एनईपीएएल' मात्र लेख्ने क्याबिनेटबाट निर्णय भएको परिपत्रमा उल्लेख छ। साथै 'विभिन्न कूटनीतिक नियोगबाट हुने पत्राचार र कतिपय सरकारी लिखतहरूमा समेत नेपालको औपचारिक नाम नेपालीमा 'सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपाल' र अंग्रेजीमा (Federal Democratic Republic of Nepal) लेख्ने गरिएकोमा अब उप्रान्त नेपालको औपचारिक नाम नेपालीमा 'नेपाल' र अङ्ग्रेजीमा 'Nepal' लेख्न निर्देशन दिइएको छ।

क्याबिनेटबाट गैर संवैधानिक निर्णय लिएको भन्दै सरकारी कदमको आलोचना भइरहेको छ। संविधानको धारा २७४ अनुसार संविधानको कुनै धारा खारेज वा संशोधन गर्ने अधिकार सङ्घीय संसदलाई मात्रै छ। प्रमुख प्रतिपक्षी नेपाली काँग्रेसले 'सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपाल' नलेख्न सरकारले मातहतलाई दिएको निर्देशनमा आपत्ति जनाएको छ। *बाँकी ४ पेजमा*

# नरवणे भ्रमणको विरोधमा काला झण्डा फहराउँदै माइतीघरमा विरोध प्रदर्शन

### *घन्कियो 'भारतीय सेना कालापानी छोड'को नारा*



काठमाडौं। भारतीय सेनाध्यक्ष मनोज मुकुन्द नरवणे तीन दिने नेपाल भ्रमणका लागि काठमाडौं आइपुगेका छन। २१ राजनीतिक संगठनहरुले माइतीघर मण्डलामा नरवणे भ्रमणको व्यापक विरोध गरेका छन। भारतीय वायु सेनाको विमानमार्फत बुधबार दिउँसो काठमाडौं आइपुगेका नरवणेलाई सम्भावित विरोध प्रदर्शन छल्दै रिङरोडको रुट हुँदै सोल्टीहोटल पुऱ्याइएको छ। नरवणे भ्रमणको विरोधमा प्रदर्शनमा उत्रिएका २१ राजनीतिक संगठनका नेता कार्यकर्ताहरुले काला झण्डा पहराउनुका साथै भारतीय विस्तारवादी हस्तक्षेप र दलाल शासकहरुको विरुद्धमा चर्कोको नाराबाजी गरेका थिए। प्रदर्शनकारीहरुले 'भारतीय सेना कालापानी छोड'को नारा चर्कोको रूपमा घन्काएका थिए।

राष्ट्रिय स्वाधीनताको रक्षा गरौं, नेपाली सार्वभौमिकतामाथिको हस्तक्षेप बन्द गर, अतिक्रमित भूमि लिम्पियाधुरा, लिपुलेक, कालापानी फिर्ता गर, विस्तारवादी सेनालाई दिइने नेपाली सेनाको महारथीको पदवी खारेज गर, भारतीय सेना कालापानी छोड, भारतीय विस्तारवाद मूर्दावाद लगायतका नाराहरुसहित भएको विरोध प्रदर्शनलाई आयोजकहरुको तर्फबाट नेता *बाँकी ७ पेजमा*

# नेकपा सचिवालय नै विभाजित, ओलीमा आफूसहित चार र प्रचण्डमा आफूसहित पाँच

### *प्रधानमन्त्री ओलीले त्यसलाइ नेकपामा अहिले गुट मात्रै रहेकाले आ-आफ्नो गुटको बैठक गरे भइहाल्यो नि भने*

काठमाडौँ। प्रधानमन्त्री एवं नेकपा अध्यक्ष केपी शर्मा ओलीले केही दिनअघि सचिवालय सदस्य तथा गृहमन्त्री रामबहादुर थापालाई बोलाएर आफू र अर्का अध्यक्ष पुष्पकमल दाहालमध्ये कसको पक्षमा लाग्ने हो, स्पष्ट गर्न आग्रह गरे।

राष्ट्रपति विद्यादेवी भण्डारीले बुधबार साँझ थापासँगको भेटमा पार्टीभित्रको विवाद मिलाउनका लागि भूमिका निर्वाह गर्न आग्रह गरिन। यी दुवै भेटमा थापाले स्थायी कमिटी बैठकले गरेका निर्णय कार्यान्वयन गरेर एकता बचाउन दुवै अध्यक्ष मिल्नु नै अन्तिम विकल्प भएको जवाफ दिए। त्यही कुरा थापाले शुक्रबार बिहान अध्यक्ष दाहालसँगको भेटमा पनि गरे। तर शुक्रबारै दिउँसो अध्यक्ष दाहालले बोलाएको सचिवालय सदस्यहरूको अनौपचारिक छलफलमा थापा देखिएनन। ओलीलाई जानकारी दिएरै दाहालले बोलाएको छलफलमा समेत नगएर थापाले ओलीको पक्षमा आफ्नो कित्ता स्पष्ट गरेका हुन त ? 'उहाँ अन्तिमसम्म पनि दुई अध्यक्ष नै मिल्नुपर्छ भनेर लाग्नुहुन्छ,' थापानिकट स्रोतले कान्तिपुरसँग भन्यो, 'यो सन्देश उहाँले अध्यक्ष दाहाललाई पनि दिइसक्नुभएको छ।' पार्टी कार्यालय धुम्बाराहीमा बसेका दाहालनिकट नेताहरूको भने थापासहित अनुपस्थित अरू नेताहरूबारे बेग्लै बुझाइ छ। सचिवालय सदस्यहरूको भेलाले थापासहित पार्टी महासचिव विष्णु पौडेल र सचिवालय सदस्य ईश्वर पोखरेल छलफलमा नआएर आफूहरूलाई गुटवादी र फुटपरस्त नेताका रूपमा उभ्याएको निष्कर्ष निकालेको छ।

करिब २ घण्टा भएको उक्त छलफलमा सचिवालय सदस्य अब को कता छन भनेर कित्ता स्पष्ट भएको निचोड निस्किएको त्यहाँ सहभागी एक नेताले बताए। 'निर्णय केही गर्छ कि भनेर डराएको हो भने अनौपचारिक बैठक हो, समस्याबारे छलफल गरौं भन्दा पनि उहाँहरू नआएकोमा हामी छक्क पर्यौं,' उनले कान्तिपुरसँग भने। 'हामीलाई नै गुटबन्दी गरे भनेर आरोप लगाउने साथीहरू उल्टै किन गुटवादी र फुटपरस्त भएका होलान ? यो त सरासर कित्ताकाट नै हो नि,' उनले भने।

दाहालले सचिवालयका चार सदस्यहरूलाई गरेको ब्रिफिङअनुसार प्रधानमन्त्री ओलीले बिहीबार नै नेकपामा अहिले गुट मात्रै रहेकाले आ-आफ्नो गुटको बैठक गरे भइहाल्यो नि भनेका थिए। 'पार्टी लगभग अलग नै भइसक्यो। हाम्रा आ-आफ्ना पार्टी छन, मेरा कार्यकर्तालाई म मैरै लाइनको अपडेट गराउँछु, तपाईं तिरकासित तपाईंकै लाइनको कुरा गर्नुस,' ओलीको भनाइ उद्धृत गर्दै दाहालले उक्त छलफलमा ब्रिफिङ गरेका थिए, 'हाम्रो पार्टीको कमिटी भनेको गुट हो, मेरो गुटको छुट्टै बैठक बस्छु, तपाईंको गुटको छुट्टै बैठक बस्नुस।' ओलीले आफ्नो लाइनबारे बिहीबार नै प्रस्ट पारिसकेको र शुक्रबार अरू *बाँकी ४ पेजमा*

# अमेरिकाको ४६ औँ राष्ट्रपतिमा जो बाइडेन विजयी



एजेन्सी। अमेरिकाको ४६ औँ राष्ट्रपतिमा जो बाइडेन विजयी भएका छन्। रिपब्लिकन उम्मेदवार तथा वर्तमान राष्ट्रपति डोनाल्ड ट्रम्पलाई पराजित गर्दै डेमोक्रेटिक पार्टीका उम्मेदवार बाइडेन राष्ट्रपति निर्वाचनमा विजयी भएका हुन्। पेन्सलभेनिया राज्यको मतगणना सकिएसँगै बाइडेनका लागि ह्वाइट हाउस प्रवेशको बाटो खुलेको अमेरिकी सञ्चारमाध्यमहरुले उल्लेख गरेका छन्।

जितका लागि महत्त्वपूर्ण मानिएको पेन्सलभेनियाको मतपरिणाम आएसँगै बाइडेनले जितका लागि आवश्यक २ सय ७० इलेक्टोरल भोटको आँकडा पार गरेका छन्।

यो जितसँगै बाइडेन पछिल्ला तीन दशकमा पदासीन राष्ट्रपतिलाई हराउने पहिलो उम्मेदवार भएका छन्।

बाइडेनले आफूलाई अमेरिकी जनताले नेतृत्वको जिम्मेवारी दिएर सम्मानित गरेको लेखेका छन्। उनले सामाजिक सञ्जाल ट्विटरमा आफूलाई भोट दिने र नदिने सबै अमेरिकी जनताको राष्ट्रपतिका रूपमा काम गर्ने पनि उनले उल्लेख गरेका छन्।

अमेरिकामा नोभेम्बर ३ मा राष्ट्रपति पदका लागि मतदान भएको थियो। यो निर्वाचनमा सन् १९०० पछिका राष्ट्रपति चुनावमा सबैभन्दा बढी मतदान भएको बताइएको छ।

राष्ट्रपतिमा विजयी बाइडेनले यो निर्वाचनमा ७ करोडभन्दा बढी भोट प्राप्त गरिसकेको र यसअघि कुनै पनि अमेरिकी राष्ट्रपतिले यति धेरै भोट नपाएको बीबीसीले लेखेको छ।

रिपब्लिकन उम्मेदवार तथा वर्तमान राष्ट्रपति ट्रम्पले भने आफूले जितेको भनेर ट्विट गरेका छन्। उनले आफू पराजित भएमा कानुनी लडाइका लागि अदालत जाने चेतावनी दिँदै आएका छन्।

# युगदर्शनको अन्तरवार्ताबारे स्पष्टिकरण सम्बन्धमा थप केही कुरा

***क. मोहन जीले विषयलाई जसरी प्रस्तुत गर्नु भएको छ त्यसले उहाँहरू त्यतिबेला केन्द्रीय समितिमा नभएका कारणले त्यो फुटमा उहाँको कुनै भूमिका थिएन भन्ने अर्थ लाग्ने खालको छ। मेरो भनाइ यो हो कि उहाँहरू प्राविधिक रूपमा केन्द्रीय समितिमा नभएको भएता पनि बहुमत पक्षको नेता मोहन विक्रम जी र अल्पमत पक्षको नेता निर्मल लामा नै हुनुहुन्थ्यो***



● क. राजवीर ●

कमरेड मोहनविक्रम सिंहले २०७७ साल भाद्र ७ गते 'युगदर्शन साप्ताहिक'मा पार्टी इतिहास सम्बन्धी अन्तरवार्ता दिनुभएको थियो। त्यो अन्तरवार्तामा उल्लेख भएका केही विषयहरूमा मैले टिप्पणी गरेको थिएँ। त्यस पछि उहाँले ' युगदर्शन साप्ताहिकको अन्तरवार्ताबारे स्पष्टिकरण' भन्ने शिर्षकमा २०७७ साल असोज २१ गते उही 'युगदर्शन साप्ताहिक'मा मैले उठाएका विषयका बारेमा स्पष्टिकरण दिनुभएको छ।

सर्वप्रथम उहाँले स्पष्टिकरण दिनु भएकोमा धन्यवाद दिन्छु। अर्को कुरा मैले गलत भयो भनेर उठाएका केही कुराहरूलाई उहाँले प्रत्यक्ष्य रूपमा नै स्वीकार्नुभएको छ भने केही कुराहरू अप्रत्यक्ष रूपमा स्वीकार्नु भएको छ। त्यसको लागी पनि मैले उहाँलाई धन्यवाद दिनु चहान्छु। अव केहि कुराहरूमा उहाँको अडान कायमै छ। त्यसबारेमा मैले आफ्ना कुराहरू राख्न गइरहेको छु।

१- मेरो मत निर्णायक भएको भन्ने सन्दर्भमा

स्पष्टिकरणमा उहाँले भन्नु भएको छ, ' उहाँले महाधिवेशनमा भएको मतको तथ्याङ्क उल्लेख गर्नुभएकोछ तर मैले प्रस्तुत गर्न खोजेको विषय महाधिवेशन सँग सम्बन्धीत नभएर केन्द्रीय समिति सित नै सम्बन्धित छ। केन्द्रीय समितिमा मध्यपंथी कमजोरी छ भन्ने बारे बहुमत थियो। क. भक्तबहादुर आएपछि मत बराबर भयो। त्यो बेला सम्म श्रीस मध्यपंथी कमजोरी भएको छ भन्ने पक्षमा नै हुनुहुन्थ्यो। तर पछि उहाँले मत परिवर्तन गरेपछि हामी अल्पमतमा। *बाँकी ७ पेजमा*

## सम्पादकीय

### क्रान्तिको टड्कारो आवश्यकता

ओली नेतृत्वको सरकारले प्रतिगमनतर्फ पाइला चालेको छ। संविधान र कानुनको धज्जी उडाउँदै ओली सरकारले अबदेखि 'संघीय लोकतान्त्रिक गणतन्त्र' नै नलेख्ने निर्णय र उर्दी जारी गरेको छ।

राष्ट्रियता, जनतन्त्र र जनजीविकाका समस्याहरु निकै विकराल र भयावह अवस्थामा रहेका छन्। ओली सरकारले जनघात र राष्ट्रघातको चाङ लगाएको छ। जनता रोग र भोकले मरिरहँदा ओली सरकारले न्यूनतम मानवीय संवेदना समेत देखाउन सकेको छैन। बरु कानुन र संविधानको ठाडो उलंघन गर्दै कोरोनाको महामारीमा जनताको उपचारको जिम्मेवारीबाट पन्छिएको छ। अदालतले निःशुल्क उपचार गर्न आदेश दिंदा समेत त्यसलाई ठाडै अस्वीकार गरिरहेको छ र अदालतको अवहेलना गरिरहेको छ। विदेशी सहायता र ऋणमा समेत चरम भ्रष्टाचार र अनियमितता गरिएको छ। राज्यसंयन्त्र सिंहदरबारदेखि स्थानीयतहसम्म भ्रष्ट र निकम्मा साबित भएको छ। माफिया र बिचौलियालाई दायाँ बायाँ राखेर सरकार चलाएका ओलीले देशलाई सबै हिसाबले बर्बादीको दिशातिर डोऱ्याइरहेका छन्। सत्तास्वार्थका लागि नेपालको स्वाधीनता र सार्वभौमिकतालाई समेत दाउमा राख्दै ओलीले अँध्यारो कोठामा विस्तारवादी शासकका खुफिया प्रमुखसँग गोप्य साँठगाँठ गरेका छन्, विस्तारवादी सेना प्रमुखलाई रातो कार्पेट बिच्छ्याए। कालापानीबाट विस्तारवादी सेना हटाउन सिंगो नेपाली जनताले आवाज बुलन्द गरिरहेको बेला ओली सरकार त्यही विस्तारवादी सेनाको प्रमुखलाई नेपाली सेनाको महारथीको फुली लगाइदिएर सम्मान गर्न व्यस्त छ। तर भारतले कब्जा गरेको लिम्पियाधुरा, लिपुलेक, कालापानी फिर्ता गराउने विषयमा चुँ सम्म बोल्दैन। बरु देशमा विदेशी हस्तक्षेप निम्त्याउँने र बँचेखुचेको नेपाली स्वाधीनता समेत साम्राज्यवादीहरुको पाउमा सुम्पने गरी एमसीसी जस्तो राष्ट्रघाती सम्झौता सदनबाट अनुमोदन गराउन दिनरात मरिहत्ते गरेर लागिपर्छ।

यसरी नालायक शासकहरुले राज्य शक्ति र स्रोतको दुरूपयोग गरेर देशको अस्तित्व नै नामेट पार्न लागिरहेको बेला स्वाभिमानी नेपाली जनतामा धैर्यताको बाँध टुट्न थालेको छ। जनता 'अति भयो' भन्दै स्वतःस्फूर्त सडकमा निस्कन थालेका छन्। सामाजिक जीवनका कुनै पनि क्षेत्रमा सरकारको अनुभूति गर्न छाडिसकेका छन् जनताले। जनताले सबैतिर 'दलालै दलाल' देख्न थालेका छन्। यस्तो अवस्थामा जनता एउटा भरपर्दो क्रान्तिकारी राजनीतिक शक्ति र वैकल्पिक व्यवस्थाको खोजीमा छन्। देशको राष्ट्रिय स्वाधीनता, सार्वभौमिकता र क्षेत्रीय अखण्डताको रक्षा गर्न, जनताको सर्वाङ्गि अधिकारको स्थापना गर्न र जनजीविकालाई व्यवस्थित, सहज र उन्नत बनाउन एउटा वैकल्पिक व्यवस्थाको खोजीमा श्रमजीवी शोषित वर्ग र उत्पीडित समुदाय लागिरहेका छन्।

यो देशका मजदुर, किसान, दलित, महिला, आदिवासी जनजाति, मधेसी, मुश्लिम लगायत उत्पीडित वर्ग र समुदायले आफ्नो वास्तविक मुक्ति खोजी रहेका छन्। त्यो मुक्ति यो व्यवस्था, सत्ता र संविधानभित्र खोजेर पाउने स्थिति छैन। नयाँ जनवादी व्यवस्था अर्थात् जनगणतान्त्रिक राज्यव्यवस्थामा मात्र शोषित उत्पीडित वर्ग र समुदायको मुक्ति सम्भव छ। त्यो विचार र विकल्पसहित अहिले सडकमा आन्दोलनमा रहेको राजनीतिक शक्ति भनेको नेकपा (क्रान्तिकारी माओवादी) हो। नेकपा (क्रान्तिकारी माओवादी)ले छरिएर रहेका सबै क्रान्तिकारी शक्तिहरुलाई एक ठाउँमा ल्याएर क्रान्तिको प्रक्रिया अगाडि बढाउने दिशामा पहलकदमी गरिरहेको छ। नेपाली विशिष्टामा आधारित सशस्त्र जनविद्रोहबाट मात्रै जनगणतान्त्रिक राज्यव्यवस्था स्थापना गर्न सकिन्छ भन्ने ठोस कार्यदिशा लिएर हिडिरहेको क्रान्तिकारी माओवादी नै अबको एकमात्र क्रान्तिकारी विकल्प हो। अग्रगामी राजनीतिक परिवर्तनको पक्षमा उभिने विशाल जनपंक्ति यही पार्टीको वरिपरि गोलबन्द हुन जरुरी छ। क्रान्ति अपरिहार्य र अहिलेको टड्कारो आवश्यकता बन्न गएको छ। वस्तुगत हिसाबले परिस्थिति परिपक्व बनेको छ। आवश्यकता छ वस्तुगत आवश्यकतालाई नेतृत्व गर्न सक्ने आत्मगत शक्ति। त्यसलाई सुदृढ बनाएर क्रान्तिकारी पहलकदमी लिनु क्रान्तिकारी माओवादी लगायत सबै क्रान्तिकारी शक्ति र व्यक्तिहरुको यतिखेरको ऐतिहासिक दायित्व र जिम्मेबारी हो। बेलैमा ध्यान पुऱ्याउन जरुरी छ।

परिवर्तनको सम्वाहक

मूलबाटो

सत्यतथ्य निष्पक्ष खबर तथा
विचारका लागि सधैँ हेर्ने र पढ्ने गरौँ।

www.moolbato.com

# नरवणेको सम्मानमा चिप्लिएको ओलीको नक्कली राष्ट्रवाद !!


● अशोक शर्मा ●

***पहिला पहिला भारतीय सेनाको आन्तरिक संरचनामा स्थलसेना अध्यक्षको वरियता एक नम्बर हुने गर्दथ्यो, तर अहिले यो वरियता पनि घटेको स्थिति छ। भारतीय सेनाका स्थलसेना जलसेना र हवाई सेना गरि तीन संरचना रहेका छन। यी तीनवटै सम्रचनाको एउटै कमाण्ड बनाउनु पर्ने विषयमा भारत सरकारमा विगत लामै समयवाट कुरा उठ्दै आए पनि यसप्रकारका कुराहरु उठ्दै हराउदै आएका थिए***

भारतीय स्थल सेनाअध्यक्ष मनोज मुकुन्द नरवणेले यहि कार्तिक १९ गते नेपालको राष्ट्रपति विद्यादेवी भण्डारीको हातवाट नेपाली सेनाको मानार्थ प्रधानसेनापतिको मानपदवी सहितको दर्ज्यानी चिन्ह लिए। परम्परागत रूपमा लिदै आएको भनिएको उक्त मानपदवी लिने र दिने सम्वन्धमा पहिलाको तुलनामा यसपल्ट निकै विवाद र विरोध समेत भयो। नेकपा (क्रान्तिकारी माओवादी) सहित २१ दलिय मोर्चाले नरवणेलाई यो सम्मान नदिनका लागि माइतिघर मण्डलामा जुलुस र प्रदर्शन नै गरे। देशव्यापी रूपमा सामाजिक सन्जाल र सडक लगायतवाट नरवणे सम्मान कार्यक्रमको तिब्र विरोध भयो। तर देशब्यापी विरोध र प्रदर्शनका बाबजुद पनि ओली सरकारले नरवणेलाई नेपाल देशको प्रधानसेनापतिको दर्ज्यानी चिन्ह प्रदान गरेरै छाड्यो।

यस सन्दर्भमा केही मानिसहरुको तर्क के रहेको छ भने यो त परम्परागत रूपमा दिदै आएको हुनाले सरकारले आफ्नो नियमित डिउटी मात्र पूरा गरेको हो र यसमा सरकारलाई दोष दिनु उपयुक्त हुदैन। खास गरिकन सरकारी नेकपा भित्र पनि वर्तमान प्रधानमन्त्री केपी शर्मा ओली गुटका मान्छेले यो तर्कलाई वडो जोडतोडका साथ प्रतिरक्षात्मक ढंगले उठाइरहेको पाइन्छ। तर सरकार संचालन गरेको पार्टी भित्रैको अर्को समुहले भने ओली सरकारले यसो गर्नु उपयुक्त नभएको बताउदै आएको छ। खासगरिकन जुनसुकै रूपमा हुँदै आएको भएपनि अर्को देशको स्थल सेनाअध्यक्षलाई यसप्रकारको सम्मानले सम्मानित गर्ने कुरा र नेपालको प्रधानसेनापतिको दर्ज्यानी चिन्हनै प्रदान गर्नेकुरा देशको राष्ट्रिय स्वाभिमान र स्वाधीनता माथि आँच आउने कुरा भएको हुनाले यसको खारेजी गरिनु पर्ने कुरा आज तिब्र रूपमा उठिरहेको पाईन्छ। नेपालको राष्ट्रिय स्वाधीनतासंग यो कसरी जोडिन्छ ? भन्ने विषयमा प्रष्ट हुनका लागि यस्को ऐतिहासिक परम्परासंग जोडिएका केही पाटा र पक्षहरुको वारेमा विश्लेषण गर्नु उपयुक्त हुन्छ।

विशेषगरी यो परम्परागत सम्मानको विषयलाई राष्ट्रिय स्वाधिनताको विषयसंग किन जोडिन्छ ? भन्ने प्रश्नमा छलफल हुन आवश्यक छ। पहिलो कुरा भारतीय स्थल सेनाअध्यक्ष र नेपालको प्रधानसेनापतिको हैसियत नै समान छैन। नेपालको प्रधानसेनापति नेपाली सेनाको एक नम्बर बरियतामा हुन्छ तर भारतीय स्थल सेनाध्यक्ष अहिले त्यहाँको सेनाको दुई नम्बर बरियतामा रहेको छ। यसरी असमान बरियातामा हाम्रो देशको प्रधानसेनापतिलाई दिने सर्वोच्च सैन्यसम्मान अर्को देशको जुनियर अफिसरलाई दिनु राष्ट्रिय स्वाधिनता र स्वाभिमानको दृष्टिकोणले आफैमा नमिल्ने विषय हो। यो नेपाल राष्ट्र र नेपालको सार्वभौमसत्ताको समेत उपहास वाहेक अरु केही होइन। समान हैसियतमा यसप्रकारको दर्ज्यानी चिन्ह आदान प्रदान नै हुनेथियो भने यतिवेला नेपालमा मानर्थ प्रधानसेनापतिको दर्ज्यानी चिन्ह लिनका लागि मनोज मुकुन्द नरवणे नआएर भारतीय सेनाका चिफ अफ डिफेन्स स्टाफ (सि डि यस)का प्रमुख विपिन राउत आउनु पर्दथ्यो। यदि उनी आएका थिए भने तुलनात्मक रूपमा समान हैसियतको कुरा त्यहाँ जोड्न पनि मिल्दथ्यो, यद्यपि कुनैपनि नाममा गरिने यस्ता परम्परा अव पनि मानिरहन जरुरी छैन। किन भने भोली भारत जस्तै चीन अमेरिका वा पाकिस्तानले पनि यसप्रकारको दर्ज्यानी चिन्न र कथित सम्मानको आदानप्रदानको लागि प्रस्ताव राखे भने हाम्रो जवाफ के हुने ? तसर्थ नेपालले यस प्रकारका परम्परागत हिसाबले गलत नजिरको रूपमा विकास हुँदै आएका र भविष्यमा पनि राष्ट्रिय स्वाधिनतामा दुरगामी असर पुर्याउने प्रथालाई दृढतापुर्वक खारेज गर्न सक्नु पर्दछ।

पहिला पहिला भारतीय सेनाको आन्तरिक संरचनामा स्थलसेना अध्यक्षको वरियता एक नम्बर हुने गर्दथ्यो, तर अहिले यो वरियता पनि घटेको स्थिति छ। भारतीय सेनाका स्थलसेना जलसेना र हवाई सेना गरि तीन संरचना रहेका छन। यी तीनवटै सम्रचनाको एउटै कमाण्ड बनाउनु पर्ने विषयमा भारत सरकारमा विगत लामै समयवाट कुरा उठ्दै आए पनि यसप्रकारका कुराहरु उठ्दै हराउदै आएका थिए। तर पछिल्लो समय नरेन्द्र मोदी सत्तामा आएपछि भारतीय सेनाभित्रका उनी निकट रहेका तत्कालिन स्थलसेना प्रमुख विपिन राउतलाई सेनानृबृत्त हुने बित्तिकै भारतीय सेनाको सर्वोच्च निकाय चीफ अफ डिफेन्स स्टाफ (सीडियस।) निर्माण गरि त्यसको प्रमुख(चिफ) बनाउने काम गरे र उनी अहिले भारतीय तीन तहकै सेनाका प्रमुख भएका छन। विपिन राउतले यो भन्दा पहिला नै नेपालको बाँकी ८ पेजमा

# ओलीको ओह्रालो


● कुमार शाह ●

दुईतिहाई बहुमतको नजिक पुगी निकै चर्चाका साथ निर्वाचित भएका प्रधानमन्त्री केपी शर्मा ओलीको पाँच वर्षे कार्यकालको उत्तरार्धसँगै प्रत्याशित ओह्रालो सुरु भएको छ। उनको नेतृत्वमा सरकार निर्माण राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अन्तरविरोधको विशिष्ट मोडमा भएको थियो। नेपालमा चुलिएको राष्ट्रवादको नारा अन्तर्गत् तात्कालीन एमाले-माओवादी (केन्द्र)को वाम गठबन्धनले प्राप्त गरेको लोकप्रियता र अन्तर्राष्ट्रिय रूपमा चीनविरुद्धको रणनीतिक प्रहारको तयारीमा पश्चिमा महाशक्तिका लागि 'नेपाली रातो घोंडा'को आवश्यकताजस्तो असंगतिपूर्ण घडीमा यो निकै संश्रयसहित उभिन आएको थियो। बाह्य दबाब यति धेरै थियो कि सरकार निर्माणसँगै वाचाअनुरूप कित्ताबन्दी हुने क्रममा प्रम केपी शर्मा ओली खुलेरै अमेरिकी लबीमा आफूलाई उभ्याउन पुगेका थिए।

यसबीचमा भारत तथा चीनको आआफ्नो लबी निर्माणको प्रयास पनि कम चासोको विषय बनेको थिएन। चिनियाँ राष्ट्रपति सी जिन पिङको भ्रमण र चिनियाँ कम्युनिष्ट पार्टी र सत्तारुढ नेकपा बीचमा भ्रातृसम्बन्धको बसाइ, वैठक र प्रशिक्षण पनि यो सिलसिलामा अर्थपूर्ण रूपमा जोडिएर आएको थियो। भारतीय शक्तिकेन्द्रको नेपालको राजकीय कार्य सञ्चालनमा 'सुक्ष्म व्यवस्थापन' सहितको हस्तक्षेप त झन् सार्वभौम भूगोल (लिम्पिया धुरा, लिपुलेक र कालापानीलगायतका विभिन्न स्थान) कब्जा र भारतीय नक्सामा तिनको सम्मिलनसम्म पुगेको छ।

नेपालमा ओली सरकार निर्माणका पछाडि तात्कालीन केही अन्तर्राष्ट्रिय वस्तुगत र आत्मगत कारणले ठूलो भूमिका निर्वाह गरेका थिए। यसमा चीनको संभावित अतिमहाशक्तिका रूपमा उदयको प्रबल संभावना र अमेरिकी साम्राज्यको आन्तरिक रूपमा संरक्षणवादी रणनीति अख्तियारीका साथै बाह्य रूपमा चीनविरुद्धको आक्रामकतामा भूरणनीतिक करिडोरको खोजीले पहिलो काम गरेको थियो। अन्य कारणहरुमा बूढो युरोपको विश्वमा कमजोर उपस्थिति, चीनको माल उत्पादन तथा विश्व बजारमाथि चिनियाँ मालको उल्लेख्य बिस्तार तथा विश्व महाशक्तिको केन्द्रका रूपमा एशियाको क्रमिक उदय नै रहेका थिए।

इतिहासमा बाह्य वा अन्तर्राष्ट्रिय चासो र स्वार्थका कुराले नेपालको आन्तरिक मामलामा प्रत्यक्ष असर पार्न पुगेको विशिष्ट क्षण थियो यो। आत्मगत रूपमा नेपाली शासकको दलाल मनोवृत्तिले विदेशी शक्तिलाई निकै खेल्ने र हस्तक्षेप गर्ने सहजता प्रदान गरेको थियो। परिणामतः नेपाल अन्तर्राष्ट्रिय महाशक्ति बीचको अन्तरविरोधको कार्यनीतिक खेल मैदानमा परिणत हुँदै थियो। यही डिजाइनमा ओलीको नेतृत्वमा 'वाम सरकार' गठन हुन पुगेको थियो।

अन्तर्राष्ट्रिय हस्तक्षेप त यतिसम्म थियो कि स्थानीय सरकार निर्वाचन-गठजोडमा जुटेका नेपाली कांग्रेस र तात्कालीन माओवादी (केन्द्र) बीचको गठबन्धन सहजै चुडाएर तात्कालीन वाम गठबन्धन निर्माण गरिएको थियो। यसको पछाडिको मूल कारण महाशक्तिहरु कांग्रेसको नेतृत्वमा 'सेतो घोडा' होइन, वामपन्थीको नेतृत्वमा 'रातो घोडा' चढेर चीनमाथि सरगर्न सफल हुने निचोडमा पुगिसकेका थिए। भेडाको छाला ओढेर भेडाको बथानमाथि आक्रमण गर्न सजिलो हुने भेउ पाएका महाशक्तिको आँखामा देखिएको 'रातो' चीनमाथि खनिदा नेपाली करिडोरमा रातो घोडा नै उपयुक्त र समयसापेक्ष हुने कुरामा विश्वस्त थिए।

आन्तरिक रूपमा नेपाली वामवृत्तभित्रै राजनीतिक रूपमा ती महाशक्तिको चासोअनुरूप चल्ने/चलाउने दलाल नेतृत्व र प्रवृत्तिको विकास नेतृत्व तहमै भैसकेको थियो। यसले बदलिएको आचरणअनुसार अनुकूल बन्दै गएको राजनीतिक परिवेशको बोध गरी टेकोपुँडो खोज्दै हिँडिरहेको थियो। ठीक यही बेला वाम नामको गठबन्धन तयार भएको थियो।

यसैले अमेरिका-भारत सम्बन्ध, भारत-चीन सम्बन्ध, चीन-अमेरिका सम्बन्ध वा भारत-चीन-अमेरिकाकोत्रिकोणात्मक सम्बन्ध र अन्तरविरोधमा सामान्य मात्रात्मक चलखेल वा 'हँ' र 'न' को टेलिफोन वार्ता मात्र हुँदा पनि ओली सरकारको दुईतिहाईको डुँगा आकाश पातालको अकल्पनीय उछाल र छलाङ्ग लगाउन पुग्छ। यही वस्तुगत र आत्मगत पृष्ठभूमि नै वर्तमान ओली सरकारको जग भएको कुरा हामीले भुल्नु हुँदैन। वामपन्थीको सरकार, मैले भोट हालेको मेरो सरकार, समाजवाद निर्माण गर्ने सरकार, दुईतिहाईको सरकार आदि भावनात्मक कुरा मात्र हुन्। राज्यसत्ता भावनामा होइन, निर्मम दमनकारी संयन्त्रका रूपमा चल्छ।

वर्तमान ओली सरकारको प्रत्याशित ओह्रालोको सबैभन्दा प्रमुख कारक अमेरिका-भारतबीच नेपालको राज्यसत्ताको 'सुक्ष्म व्यवस्थापन' भारतले नै गर्ने तर रणनीतिक स्वार्थ र कदममा भारतले अमेरिकालाई साथ दिने भनी गरिएको आपसी समझदारी नै हो। यसको सूचना पाउनासाथ प्रम ओलीले रातारात दूत पठाउन भारतीय प्रम मोदीलाई तारन्तार खबर अनुनय विनय गरेका थिए। परिणामतः भारतीय जासुसी संस्था रअका अध्यक्ष सामन्त गोयल र ओलीबीच भेटवार्ता जुरेको थियो। यसैका आधारमा भारतीय प्रधान सेनापति नरवणेको स्वागत र मानार्थ सेनापतिको सम्मान प्रक्रिया अघि बढाइएको छ। स्मरण रहोस्, संसदीय खेलमा कसले के भन्छ होइन, कसले के गर्छ, त्यसका आधारमा व्यवहार गरिन्छ। वचनका हिसाबले भारतविरुद्ध ओलीले के बोले भन्दा पनि महाकाली सुम्पिएपछिका दिनमा भारतीय स्वार्थअनुसार उनले के गरिरहेका छन्, भारतीय शासक यसैमा खुशी देखिन्छन्।

विना सोच, विचार र विकल्प 'असंलग्नता'को स्थानमा 'संलग्नता'को कुटनीतिक सम्बन्ध अघि बढाउन उद्दत प्रम ओली नेपाली भूराजनीतिक अवस्थितिको विशिष्टतालाई बुझ्न अयोग्य साबित भैसकेका छन्। एकमुखे रुद्राक्ष-प्रवृत्ति बोकेका उनको कार्यकालमा आन्तरिक र बाह्य सन्तुलन मिलाउन सक्ने क्षमताको सर्वथा अभाव महसुस भएको छ। उनी बढी अद्वन्द्ववादी र अतर्क वुद्धिवादी दर्शनको प्रभावमा छन्। रामायण, महाभारत र पुराणका किस्सा, कुट र तर्कले अहिलेको नेपाली विशिष्टतामा निकै पेचिलो हुँदै गैरहेको अन्तर्राष्ट्रिय कुटनीतिक सम्बन्धलाई सन्तुलनमा ल्याई देश हाँक्न संभव देखिदैन।

समयक्रमसँगै ओलीको नक्कली राष्ट्रवाद जनताका माझमा हाँसोको विषय बनिसकेको छ।। २०७२ सालको भूकम्पपछि भारतीय नाकाबन्दीका बेला देखिएको उनको नक्कली राष्ट्रवाद सत्तारोहणसँगै बेनकाब हुन पुगेको छ। उनीभित्र रहेको जनविरोधी चरित्र पनि कोरोना महामारीको संक्रमणसँगै छताछुल्ल हुन पुगेको छ। महामारी बढेर आमजनतालाई सरकारी सहयोगको आवश्यकता पर्दै जाँदा उनी एकाएक उक्त कर्तव्यबाट बिमुख हुने निर्णय गरी बसेका छन्।

ओलीको ओह्रालोको अर्को कारक हो, अन्तरघाती चरित्र। उनमा अन्तरनिहित चरम व्यक्तिवादी महत्वाकांक्षाका कारण उनीभित्र हुर्किएको मपाई महाभारतका सकुनी झैं अन्तरघाती खेलको व्युह रचनामा लागिपरिरहेको छ। परिणामतः सत्ताधारी पार्टी र दुईतिहाईको सरकार संकटमा छ। पछिल्लो समयमा उनकै आफ्नै पार्टीभित्र संघीय चुनावमा बर्दियाबाट वामदेवलाई पत्तासाफ बनाएपछि सरकार आलोपालो गर्ने प्रचण्डसँगको भद्र सहमतिको अवज्ञा, पार्टी एकता संयन्त्रको सुझाव ओखरपौवा डम्पिङसाइटमा निर्यातसहित कर्णाली प्रदेशमा अविश्वासको प्रस्ताव र आफ्नो राजीनामा मागेको जाली कुरासम्म आउँदा उनी एकोहोरो उधिन्दै र सिंगौरी खेल्दै गैरहेका छन्। उनले पार्टी फुटाउने र नेकपा एमाले पुनर्गठन गर्ने सन्देश निर्वाध रूपमा प्रवाह गरिरहेका छन्। यसले पनि उनको ओह्रालो गतिमा थप बल पुर्याइरहेको छ।

ओलीको जनविरोधी कित्तामा फेरिने क्रम तीब्रतामा छ। पहिचानको राजनीति देखिनसक्ने उनले अहिले संघीय लोकतान्त्रिक गणतन्त्र नलेख्न निर्देशन जारी गरेर संवैधानिक 'कु' गरिसकेका छन्। यसको बारेमा न त सत्ताधारी पार्टी बोलेको छ, न त प्रतिपक्ष नै। अन्य पार्टी पनि यसमा खासै चासो लिइरहेको देखिदैन। नेपालविरुद्ध निकै आक्रामक रहँदै आएका भारतीय थलसेनापति नरबणेको मानार्थ सेनापतिको सम्मानको एकोहोरो विरोध गरिरहेको मौका पारी प्रम ओलीले संविधानलाई कागजी खोस्टोमा परिणत गर्ने हर्कत थालिसकेका छन्।

उनको ओह्रालो झराइमा ब्रेक लगाउनुभन्दा पनि एक्सिलेटर दबाउन आतुर उनैको संरक्षणप्राप्त माफिया, कमिसनखोर र कालाबजारियाको जताततै रजगज हुन पुग्नु ओलीका लागि 'रातो माटो चिप्लो बाटो' साबित हुँदै गैरहेको छ। यस्तो बेलामा ओली सत्तामा टिकिरहनका लागि जस्तोसुकै अन्तरघाती र राष्ट्रघाती कामहरु गर्न तयार हुन सक्छन्। आन्तरिक रूपमा समकक्षी नेताहरुसँग उनको इर्ष्या निकै बढेर गएको छ भने अर्कोतिर अहमताले सीमा पार गरिसकेको छ।

विचार, नीति र आचारभन्दा पनि मै ठूलो भन्ने लगामविनाको यो अवस्थामा रहेका उनका क्रियाकलापमाथि गम्भीर निगरानी राख्नु जरुरी छ। किनकि उनी सिंगो राज्यको हर्ताकर्ताको हैसियतमा छन्। यस्तो बेलामा उनीबाट सिक्किमको राष्ट्रियता र सार्वभौमसत्ताको अन्त्य गर्न नहिच्किचाएका राष्ट्रघाती तथा दलाल लेण्डुप दोर्जेको प्रवृत्ति र भूमिकाको नवसंस्करण देखा नपर्ला भन्न सकिदैन। समय छँदै सबै नेपाली यस विषयमा गम्भीर हुनु जरुरी छ।

# राष्ट्रिय स्वाधीनता र सीमा अतिक्रमणको प्रश्न



● क. प्रवीण ●

*१. विषय प्रवेश*

राष्ट्रियता, राष्ट्रिय स्वाधीनता, सार्वभौमिकता, क्षेत्रीय अखण्डता र राष्ट्रिय अस्मिता कुनै पनि मुलुकको निम्ति अत्यन्तै प्यारो र महत्वपूर्ण हुन्छ । हाम्रो देश नेपाल एक स्वतन्त्र र स्वाधीन राष्ट्र हो । नेपाल कहिल्यै पनि कुनै पनि शक्ति राष्ट्रको उपनिवेशमा रहनु परेन । नेपाल सधैं स्वाधीन र स्वतन्त्र रहिआएको देश हो तर सन १८१६ डिसेम्बर ४ मा नेपाल र इष्टइन्डिया कम्पनी (बेलायती साम्राज्यवाद) बीच सम्पन्न राष्ट्रघाती सम्झौता पश्चात् एउटा स्वतन्त्र, स्वाधीन देश एक अर्ध सामन्ती र अर्ध औपनिवेशिक देशका रूपमा परिणत हुन पुग्यो ।

नेपाल र बृटिश साम्राज्यवादबीच राष्ट्रघाती सुगौली सन्धिबाट नेपालले पूर्वको सिमाना टिष्टा र पश्चिम सिमाना काँगडासम्म रहेकोमा खुम्चिएर वर्तमान नेपालको भौगोलिक सीमाभित्र सीमित हुन पुगेको हो । सन १८५७ मा बृटिश साम्राज्यवादी शासकहरुका विरुद्ध भारतमा उठेको सैनिक विद्रोहलाई दबाउन राणा प्रधानमन्त्री जंगबहादुर राणाले सैनिक सहयोग गरे वापत तत्कालीन इष्टइन्डिया सरकारले सुगौली सन्धिबाट गुमेको भूभाग हालको बाँके, बर्दिया, कैलाली र कञ्चनपुर नेपाललाई फिर्ता दिएको थियो । त्यसपछि नेपालको वर्तमान सिमाना कायम हुन आएको हो । मात्रिका प्रसाद कोइराला प्रम बनेदेखि सन १९६२ (बि.सं.२०१९) सम्म आउँदा नेपालको सुदूर पश्चिमको दार्चुला जिल्लाको कालापानीमा भारतीय विस्तारवादले सैनिक क्याम्प खडा गरे यता कालापानी, लिम्पियाधुरा र लिपुलेक क्षेत्रको करिब ३८५ वर्ग किलोमिटर भूभागमा हस्तक्षेप तथा अतिक्रमण गर्न पुगेको छ ।

भारतीय सरकारले कालापानी, लिम्पियाधुरा र लिपुलेक समेतको भूभागलाई आफ्नो नक्सामा राख्दै आएको स्थितिमा वर्तमान केपी ओली नेतृत्वको सरकारले उक्त भूभागलाई समेटी नेपालको नक्सा छापेर त्यसलाई सार्वजनिक गरेको छ र राष्ट्रिय निशानछापमा समेत राखेर नयाँ नक्सालाई आधिकारिकता प्रदान गरेको छ । यो स्वागतयोग्य कुरा हो । तर नेपाल सरकारले भारतीय विस्तारवादी सरकारबाट उक्त क्षेत्रलाई आधिकारिक तथा अन्तर्राष्ट्रिय कानुन बमोजिम नेपालमा ल्याउन उपयुक्त पहलसम्म गर्न सकिरहेको छैन ।

राष्ट्रियता, राष्ट्रिय स्वाधीनता, क्षेत्रीय अखण्डता जस्ता विषयहरु एउटा स्वाधीन र स्वतन्त्र राष्ट्रका लागि अत्यन्तै महत्वका विषय हुन् । यस आलेखमा यिनै महत्वपूर्ण विषयहरुलाई समेटेर लेख्ने प्रयास गरिएको छ ।

*२. राष्ट्रघात र अतिक्रमणका श्रृंखला*

नेपालमा लामो समयदेखि राष्ट्रघात तथा बाह्य अतिक्रमणका अनेकौ घटना घट्दै आएका छन् । यस प्रकारका घटनाहरुका श्रृखलालाई यसरी प्रस्तुत गर्न सकिन्छ :

*(क) गोर्खा भर्ती केन्द्र*

सन १९४७ मा नेपाल तथा बृटिश भारतका बीच राष्ट्रघाती संझौता गरी साम्राज्यवादी स्वार्थका लागि नेपाली युवाहरुलाई भाडाका सिपाहीका रूपमा प्रयोग गर्न गोर्खा भर्ती केन्द्रको स्थापना गरिएको थियो । यो आजसम्म पनि यथावत छ ।

*(ख) सन १९५० को असमान सन्धि*

नेपालले भारतीय विस्तारवादी शासकहरुसँग जुलाई ३१, १९५० को राष्ट्रघाती, असमान तथा अपमानजनक सन्धि गरेको थियो । यो सन्धि अहिलेसम्म पनि यथावतै छ । यस सन्धिले नेपाललाई भारतीय पराधीन राष्ट्रका रूपमा परिणत गरिदियो ।

*(ग) दिल्ली संझौता*

बिक्रम सम्वत २००७ साल फाल्गुन ४ गते भारतीय विस्तारवादी शासकहरुको ग्राण्ड डिजाइन र मध्यस्थतामा भारतको राजधानी नयाँ दिल्लीमा राजा, राणा र कांग्रेसबीच त्रिपक्षीय दिल्ली संझौता गरिएको थियो । यो राष्ट्रघातको थप अर्को संझौता थियो । यस संझौताले नेपाल राजनीतिक रूपमै बढी भारत परस्त बन्न पुग्यो ।

दिल्ली संझौतादेखि भारतले नेपालप्रति विशेषाधिकारको शक्ति प्रदर्शन गर्न थाल्यो । २००८ सालतिर नेपाल स्थित भारतीय राजदूत नेपालको मन्त्री परिषदको बैठकमा उपस्थित हुने र मन्त्रिपरिषदले गरेका सबै निर्णयहरु भारतीय राजदूत मार्फत भारत सरकारलाई रिपोर्टिङ गर्ने व्यवस्था गरिएको थियो । र ललितपुरको जाउलाखेलमा भारतीय सेनाको एउटा व्यारेक राख्ने व्यवस्था गरिएको थियो । त्यसपछि २००९ साल माघ १० गते तत्कालीन नेपाली काँग्रेसको मातृका सरकारले नेपाल कम्युनिस्ट पार्टीमाथि प्रतिबन्ध लगायो ।

*(घ) कोशी संझौता*

बिक्रम सम्बत २०११ साल बैशाख १२ गते (२५ अप्रिल सन १९५४) मा नेपाल र भारत सरकार बीच राष्ट्रघाती, जनघाती कोशी संझौता गरिएको थियो । यो राष्ट्रघाती संझौता नेपाली काँग्रेसको मातृका सरकारले गरेको थियो । यस संझौता पछि नेपालका राष्ट्रघाती शासकहरुलाई भारतीय शासकहरुले नेपाली सत्तामा पुऱ्याउन र टिकाउन उधारो आश्वासन दिने र त्यसको साटो नेपालका शासकहरुले आफ्नो देशका नदीनालाहरु भारतीय विस्तारवादलाई सुम्पने राष्ट्रघाती र जनघाती हर्कतहरुको थालनी भएको थियो, जुन आजसम्म पनि रोकिएको छैन ।

*(ङ) गण्डक संझौता*

नेपाल सरकार र भारत सरकारका बीच २०१६ साल मंसिर १९ गते राष्ट्रघाती गण्डक संझौता गरिएको थियो । गण्डक संझौता विश्वेश्वरप्रशाद कोइराला नेतृत्वको नेपाली काँग्रेसको सरकारले गरेको थियो ।

*(च) टनकपुर संझौता*

२०४६/४७ सालको राजनीतिक परिवर्तन पछि २०४८ सालको आम निर्वाचनबाट निर्वाचित नेपाली काँग्रेसका प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले भारत भ्रमण गरेका थिए । त्यस भ्रमणका क्रममा उनले नेपालको संसदलाई छलेर, नेपाली जनतालाई ढाँटेर चोरबाटोबाट भारतसित टनकपुर संझौता गरे । कोइरालाले भारतसित गोप्यरूपमा गरेको उक्त टनकपुर संझौता सार्वजनिक भए पछि उनको राष्ट्रघाती कमदका विरुद्ध नेपालमा धेरै विरोध भएको थियो । देशभक्त नेपाली जनताले अहिलेसम्म पनि यो संझौाको विरोध गर्दै आएका छन् ।

*(छ) महाकाली सन्धि*

२०५३ साल असोज ४ गते मध्यरातमा संसदको दुई तिहाई बहुमतले नेपाली काँग्रेस र नेकपा (एमाले) मिलेर भारत सरकारसित राष्ट्रघाती महाकाली सन्धि गरे । संसदमा नेपाली काँग्रेसको मात्रै दुई तिहाई बहुमत नभएको अवस्थामा प्रतिपक्ष एमालेको सहयोग संसदको दुई तिहाई बहुमतले राष्ट्रघाती महाकाली संझौता गरेको थियो ।

*(ज) नेपालका सबै नदी नेपाल र भारतका साझा नदी*

२०४६ सालको जनआन्दोलन पश्चात तत्कालीन प्रधानमन्त्री कृष्णप्रसाद भट्टराई भारत भ्रमण गएका बेला १० जुन १९९० मा नेपाल सरकार र भारत सरकारका बीच जारी संयुक्त बक्तव्यमा 'नेपालका सबै नदी नेपाल र भारतका साझ नदी' भएको सहमतिपत्र जारी गरियो । त्यही वक्तव्यको जगमा टेकेर भारतीय विस्तारवादी शासकहरुले नेपालका नदी र खोलाहरुमा गिद्धेदृष्टि लगाउँदै आएको छ ।

*(झ) बिप्पा सम्झौता*

२०६८ साल कार्तिक ४ गते भारत भ्रमणका क्रममा तत्कालीन प्रधानमन्त्री डाक्टर बावुराम भट्टराईले नेपालको हितविपरीत भारत सरकारसित बिप्पा सम्झौता गरेका थिए । यो सम्झौता राष्ट्रघाती रहेको छ ।

(ञ) माथिल्लो कर्णाली र अरुण तेस्रो परियोजना

भारत भ्रमणका क्रममा तत्कालीन प्रधानमन्त्री सुशील कोइरालाले माथिल्लो कर्णाली र अरुण तेस्रो परियोजनाको सहमति पत्रमा हस्ताक्षर गरेका थिए । यी दुबै सम्झौता राष्ट्रघाती रहेका छन् ।

*(ठ) २५ बुँदे राष्ट्रघाती सम्झौता*

२०७३ भदौ ३० देखि असोज २ गतेसम्म तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल भारत भ्रमण गर्ने क्रममा नेपाल भारत सम्बन्धका विषयमा पहिलेदेखि चल्दै आएको, तर संझौता हुन नसकेको भारतीय छाताभित्र राख्ने भन्ने सम्झौता पत्रमा हस्ताक्षर गरी प्रचण्डले नेपाललाई भारतीय सुरक्षा छाताभित्र पुऱ्याउने काम गरे ।

*३. भारतीय विस्तारवादद्वारा अतिक्रमित भूभाग*

विविध क्षेत्रका सीमाविदहरुको खोज-अनुसन्धान अनुसार नेपालको २४ जिल्लाका झण्डै ७४ स्थानहरुमा भारतीय विस्तारवादले अतिक्रमण गरेको पाइएको छ । अतिक्रमित भूभागको करीव ६० हजार हेक्टर मध्ये सबैभन्दा बढी भूभाग कालापानी तथा सुस्ता क्षेत्रमा रहेको छ ।

*४. क्रान्तिकारीहरुको संघर्ष र जनदबाबका कारण नक्सा पास*

दार्चुला जिल्लाको कालापानीमा भारतीय सैनिक क्याम्प राखेको विषयलाई लिएर नेपाल कम्युनिस्ट पार्टीले निरन्तर संघर्ष गर्दै आएको छ । नेपाली भूमि कालापानीबाट भारतीय सैनिक फिर्ता गर भन्दै नेपाल कम्युनिस्ट पार्टी र क्रान्तिकारी जनताले शुरुदेखि संघर्ष गर्दै आएका भए पनि भारतीय विस्तारवादी शासकहरुले अहिलेसम्म उक्त भूभाग फिर्ता गरेको छैन ।

गत वर्ष २०७६ साल कार्तिक १६ गते (सन २ नोभेम्बर २०१९) का दिन भारत सरकारको गृह मन्त्रालयले आफ्नो राजनीतिक नक्सामा नेपालको लिम्पियाधुरा, कालापानी र लिपुलेक क्षेत्र समेटिएको नक्सा सार्वजनिक गरे लगत्तै हाम्रो पार्टीले विशाल जुलुस सहित उक्त कार्यको विरोध तथा भर्त्सना गऱ्यो ।

यसै वर्षको बैशाख २६ गते भारतीय रक्षा मन्त्रीले लिपुलेक हुँदै चीनको मानसोवरसम्म पुग्ने पर्टकीय बाटो उद्घाटन गरे पछि हाम्रो पार्टीले शुरुमै बन्दाबन्दीको जोखिमलाई पनि छिचोल्दै संघर्षका गतिविधिहरुलाई अगाडि बढाई नै रह्यो । त्यसै क्रममा ११ दलीय मोर्चा र विभिन्न देशभक्त व्यक्ति तथा समूहहरुले भारतीय सरकारको उक्त कार्यको विरोधको श्रृङ्खलालाई अगाडि बढाए । क्रान्तिकारी कम्युनिस्ट पार्टीहरुको संघर्ष र जनदबाबका बीच बाध्य भएर ओली सरकारले गत २०७७ जेठ ५ गते कालापानी, लिपुलेक र लिम्पियाधुरा समेतको भूभागलाई समेटेर नेपालको नयाँ नक्सा जारी गऱ्यो । यो स्वागतयोग्य कुरा हो ।

*५. जारी गरिएको नयाँ नक्सा कार्यान्वयनको प्रश्न*

अब यसको कार्यान्वयनको विषय निकै चुनौतिपूर्ण बन्न पुगेको छ । वर्षौंदेखि भारतले आफ्नो कब्जामा राख्दै आएको अन्दाजी ३८५ वर्ग किलोमिटर भूभाग अन्तर्राष्ट्रिय कानुन अनुसार भारतबाट अलग गरेर नल्याएसम्म हामीले गुमेको भूमि प्राप्त गर्न सक्तैनौ । नक्सा छापेर त देखायो तर ओली सरकारले आफ्नो गुमेको भूमि फिर्ता ल्याउने सवालमा आजसम्म कुनै पहल गरेको छैन र गर्ने पनि देखिँदैन । हाम्रो पूर्खाले गुमाएको भूमि फिर्ता गर्नका लागि सम्पूर्ण क्रान्तिकारी, वामपन्थी प्रगतिशील तथा देशभक्त शक्तिहरुको एकता र देशभक्तिपूर्ण आन्दोलनको विकास गर्नु जरुरी छ ।

*६. भारतले नेपाललाई किन हेप्दै आएको छ ?*

ऐतिहासिक कालदेखि स्वतन्त्र, स्वाधीन र सार्वभौमसत्ता सम्पन्न रहेको मुलुक नेपाललाई पछिल्लो समयमा किन भारतीय शासकहरुले हेप्दै, थिचोमिचो गर्दै, सीमा अतिक्रमण गर्दै र असमान तथा अपमानजनक सन्धि सम्झौताहरु थोपर्दै आएका छन् ? यी गंभीर प्रश्नहरु हुन् । हामी क्रान्तिकारीहरुले यी प्रश्नको सटिक जवाफ र त्यसको निरूपणको विधि खोज्नु पर्दछ ।

पहिलो कुरा भारती शाषक वर्गले आफ्ना मालिक वेलायती शाषकहरुको औपनिवेशिक विरासतलाई पच्छ्याइ रहेका छन् । जस अनुसार दक्षिण एशियाका मुलुकहरुबाट प्राकृतिक सम्पदाहरुको दोहन गर्न र बजार विस्तार गर्नका लागि आफ्नो अनुकुलको सरकार स्थापना गर्न भारतीय विस्तारवादी शाषकहरुले राजनैतिक, आर्थिक, सांस्कृतिक हस्तक्षेप गर्ने गर्दछन् । भारतीय हेपाई, थिचोमिचो, सीमा अतिक्रमण र असमान सन्धिहरु यसैका परिणाम हुन् ।

दोस्रो कुरा, भारतीय शाषक वर्गले नेपाललाई हेप्दै र थिचोमिचो गर्दै आउनुको मुख्य कारण नेपाली शासकहरुको लम्पसारवादी चिन्तनको परिणाम हो । नेपाली शाषकहरुमा सत्तामा पुग्न र त्यसमा टिकिरहनका निम्ति भारतीय शाषक वर्गको आशिर्वाद प्राप्त गर्नु पर्दछ भन्ने दास मानसिकताका कारण भारतले नेपाललाई हेप्ने र थिचोमिचो गर्ने मौका पाएको छ । प्रथम राणा प्रधानमन्त्री जंगबहादुर राणाले बुटिश (भारत)को आशिर्वाद र सहयोगले सत्तामा पुग्ने र टिकिरहने जुन मानसिकताको थालनी गरेका थिए त्यो मानसिकता आज केपी ओलीको पालासम्म पनि कायमै छ ।

*७. सीमा सुरक्षाको प्रश्न*

भारतीय विस्तारवादले नेपालको विभिन्न ठाउँमा सीमा अतिक्रमण गरेको छ । हाम्रो पार्टी र अन्य विभिन्न पार्टीमा रहेका देशभक्त जनता तथा स्वतन्त्र बुद्धिजीवीहरुले यसको विरोध गर्दै आएका छन् । तर पनि यो समस्या समाधान भएको छैन । सत्तामा पुगेका राजनीतिक पार्टीहरुले सीमा अतिक्रमणको प्रश्नलाई गंभीर रूपमा उठाउन नसक्नुका पछाडिको कारण लम्पसारवादी चिन्तन हो । अहिलेसम्म सीमानाको जे जति रक्षा भएको छ त्यो क्रान्तिकारी पार्टीहरु र देशभक्त जनताको स्तरबाट हुँदै आएको विरोधको परिणाम हो । यो प्रक्रियालाई जारी राख्नु पर्दछ ।

*८. असमान सन्धि-सम्झौताहरुको खारेजीको प्रश्न*

भारतीय विस्तारवाद र नेपाली राष्ट्रघाती शाषकहरुका बीचमा थुप्रै असमान सन्धिहरु भएका छन् । ती मध्ये केही माथि उल्लेख गरिएको छ । राष्ट्रिय स्वाधीनताको रक्षाका लागि विगतमा गरिएका सम्पूर्ण असमान सन्धिहरु खारेज गरी नयाँ आधारमा नयाँ सन्धि तथा सम्झौताहरु गरिनु पर्दछ ।

*९. उपसंहार*

तात्कालिक रूपमा देशको राष्ट्रिय स्वाधीनता तथा सार्वभौमिकताको रक्षा, असमान सन्धि संझौताहरुको खारेजी र गुमेको भूभाग फिर्ता ल्याउनका लागि हाम्रो पार्टीले आन्दोलनमार्फत् जनतालाई सतर्क गराउने र सरकारलाई दवाव दिइराखेको छ यो प्रक्रियालाई अरु विकास र विस्तार गर्नु पर्दछ । एघार राजनीतिक दलहरुका बीच अहिले जुन कार्यगत एकता गरिएको छ त्यसलाई सुदृढ तुल्याउनु पर्दछ । त्यस अतिरिक्त राष्ट्रिय स्वाधीनताको रक्षा र नेपाली भूभाग फिर्ता ल्याउन सहमत हुने विभिन्न देशभक्त तथा राजनीतिक शक्ति तथा व्यक्तिहरुलाई गोलबन्द गर्ने काममा विशेष प्रयत्न गर्नु पर्दछ ।

दीर्घकालीन दृष्टिले भन्नु पर्दा नेपालको राष्ट्रिय स्वाधीनता, भौगोलिक अखण्डता र सार्वभौमिकताको रक्षाको प्रश्न साम्राज्यवादी तथा विस्तारवादी हस्तक्षेपको अन्त्यसंग जोडिएको छ । नेपाली जनतामाथि वाह्य मात्र होइन आन्तरिक शोषण, दमन तथा उत्पीडन पनि रहेका छन् । यसरी नेपाल र नेपाली जनताको मुक्ति वाह्य रूपमा साम्राज्यवाद तथा भारतीय विस्तारवादी हस्तक्षेपको र आन्तरिक रूपमा दलाल तथा नोकरशाही पुँजीवाद र सामन्तवादको अन्त्यसंग जोडिएको विषय हो । यसका लागि सर्वहारा वर्गको नेतृत्व तथा जनताको जनवादी अधिनायकत्वमा आधारित नयाँ जनवादी क्रान्ति सम्पन्न गर्नु पर्दछ र अनि मात्र नेपाली राष्ट्रिय स्वाधीनताको रक्षा, जनतन्त्रको प्राप्ति र जनजीविकाको सुनिश्चितता गर्ने बाटो खुल्दछ ।

***साभार : नेकपा (क्रान्तिकारी माओवादी)को केन्द्रीय मुखपत्र, पूर्णाङ्क १५, भाद्र २०७७***

# 'मार्क्सवाद सबैभन्दा उत्कृष्ट वैज्ञानिक विश्व दृष्टिकोण हो'

मार्क्सवाद विश्व सर्बहारावर्ग मुक्तिको सबैभन्दा उत्कृष्ट एक वैज्ञानिक सिद्धान्त कार्ल मार्क्स (सन् १८१८-१८८३) र फेडरिक एंगेल्सद्वारा ( सन् १८२०-१८९५) संश्लेषित गरिएको हो। मार्क्सवाद पियरे जोशेफप्रुधोको ( सन् १८०९-१८६५) अराजकतावाद, दक्षिणपन्थी सुधारवाद, लुईस योंगुष्ट व्लांकी ( सन् १८०५-१८८१) र मिखाईल एलेक्सान्द्रो बीच वाकुनिनको (सन् १८१४-१८७६) उग्रवाद सहित सबैखाले प्रतिकृयावाद सित संघर्ष गरी विकसित गरिएको सिद्धान्त जुन सर्वप्रथम सन् १८४८ मा 'कम्युनिष्ट घोषणपत्र' मार्फत विश्वमा उद्घोष गरिएको हो । मार्क्सवाद सर्वहारा वर्ग मुक्तिको प्रमुख चेतनशिल हतियार बन्न गएकोले सर्वप्रथम सन् १८७१ मा पेरिसका मजदुरहरुले प्रयोग गरी राज्य विद्रोह गर्दा पुँजीपति वर्गको राज्यसत्ता ढली पेरिस कम्युनले सत्ता लिए। सर्वहारा वर्गको कम्युनिष्ट पार्टी र सर्वहारा वर्गको सेनाको अभाबले ७२ दिन पछि पेरिस कम्युनको सत्ता ढल्न गयो। त्यसपछि मार्क्सवाद वर्ग संघर्षद्वारा खारिएर क्रन्तिकारी बन्न पुग्यो जसको मुख्य तीन संघटकहरु दर्शनशास्त्र, राजनीतिक अर्थशास्त्र र वैज्ञानिक समाजवाद हुन् ।

***१) दर्शनशास्त्र***– दर्शन भनेको विश्व जगत, जीवन, घटना र परिघटनालाई हेर्ने , बुझ्ने र विश्व बदल्ने हेराईको तरिका हो। अर्को शब्दका भन्नु पर्दा दर्शन भनेको भित्री आँखा हो जसले जीवन र जगतको बारेमा प्रष्ट पार्दछ। मोहन वैद्य 'किरणद्वारा' लिखित 'हिमाली दर्शन' अनुसार दर्शन शब्द 'दृश' धातुमा ल्युट प्रत्येय लागी बनेको छ ,जसको व्युत्पति यस्तो छ, 'दृश्यते अनेन ईति दर्शनम्' जसको अर्थ जसद्वारा देखिने काम हुन्छ त्यसैलाई दर्शन भनिन्छ। दर्शन शव्दलाई सर्वप्रथम युनानी दार्शनिक पाईथागोरसले (५३० ईसापूर्व) फिलोसफी प्रयोग गरेक थिए । फिलोसफीमा फिलोसको अर्थ प्रेम र सोफियाको अर्थ विवेक यसबाट प्रेम विवेक हुन्छ। दर्शन सम्बन्धी सम्रग अध्ययनको विषय वस्तुलाई दर्शनशास्त्र भनिन्छ। दर्शनशास्त्र विचार र वर्गीय दृष्टिकोणको आधारमा मुख्य दुई प्रकारका छन् ।

***क) आध्यात्मवादः***– विश्व जगत र जीवन ईश्वरद्वारा निर्मित र परिचालित हुन्छ, पदार्थ सहायक र चेतना प्रधान, आत्मा अमर हुन्छ तर विश्व वोधगम्य छैन भन्ने अवधारणा आध्यात्मवाद हो जसलाई आदर्शवाद पनि भनिन्छ । आत्म केन्द्रित विचार भएकोले आध्यात्मवाद भनिएको हो। आदर्श शव्द अंग्रेजी क्ष्मभर्बा बाट अनुवाद गरिएको हो ।

Ideal अंग्रेजीको अर्थ आदर्श भएतापनि ,यसको मूल अर्थ विचार (Idea) हो। आध्यात्मवाद अथवा आदर्शवाद दुई प्रकारमा छन् ।

i)आत्मगत आदर्शवादः–सबै भौतिक परिघटनाको अस्तित्व केवल व्यक्तिको चेतनामा हुन्छ भन्ने मान्यता आत्मगत आदर्शवाद हो ।

ii)वस्तुगत आदर्शवादः–व्यक्ती चेतना भन्दा बाहिर निर्वैक्तिक चेतना जसले वस्तु निर्माण गर्दछ भन्ने अवधारणा वस्तुगत आदर्शवाद हो । जर्मन दार्शनिक गेओर्ग विल्हेल्म फेडरिक हेगेलले (सन् १७७०-१८३१) आदर्शवादलाई द्वन्द्वात्मक आदर्शवादमा विकास गरे ।

iii) द्वन्द्वात्मक भौतिकवादः-गेओर्ग विल्हेल्म फेडरिक



● भरत बुर्जामगर ●

हेगेलको (सन् १७७०-१८३१) आदर्शवादी दृष्टिकोणको आलोचना गर्दै जर्मन दार्शनिक लुडविक फायरबाखले(सन् १८०४-१८७२) भौतिकवाद विश्व दृष्टिकोण प्रतिपादन गरे । विश्व जगत र जीवन संघर्षद्वारा स्वनिर्मित भएको साथै स्वपरिचालित हुन्छ भन्ने मान्यता भौतिकवाद हो । पदार्थ प्रधान, चेतना सहायक, विश्व जीवन जगत वोधगम्य छ, आत्मा अमर हुदैन भन्ने मान्यता भौतिकवाद हो। कार्ल मार्क्सले (सन् १८१८-१८८३) गेओर्ग विल्हेल्म फेडरिक हेगेलको(सन् १७७०-१८३१) द्वन्द्वात्मक आदर्शवादबाट द्वन्द्ववाद र लुडविक फायरबाख (सन् १८०४-१८७२) को भौतिकवाद समायोजन गरी द्वन्द्वात्मक भौतिकवाद निर्माण गर्नु भयो। द्वन्द्ववाद भन्नाले विश्वमा कुनै पनि वस्तुको अस्थित्व त्यस वस्तुमा निहित रहेको नयाँ र पुरानो, जीवनशील र मरणशील, दुई विरोधी पक्ष बीचको संघर्षमा आधारित हुन्छ, त्यसै संघर्षबाट नयाँ वस्तु जन्मन्छ, यस्तो वस्तुमा रहेको गति या संघर्ष अथवा अन्तरविरोधको अध्ययन गर्ने पद्धतीलाई द्वन्द्ववाद भनिन्छ। द्वन्द्वात्मक तरिकाले हेर्ने भौतिकवादी दृष्टिकोण नै द्वन्द्वात्मक भौतिकवाद हो ।

***द्वन्द्ववादको विशेषताहरुः-***

i)हरेक वस्तुहरु विकाशशील र परिवर्तनशील हुन्छ

ii)विकाश निम्नबाट उच्च र सरलबाट जटिलमा हुन्छ।

iii)विकाश एक विन्दुबाट अर्कोमा छलाङ्ग मार्दै हुन्छ।

iv)विकास हरेक सर्पिकल चक्र पहिले भन्दा गहन, समृद्ध र विविधतापूर्ण हुन्छ ।

v) द्वन्द्ववादले वस्तुलाई अन्तरविरोध र अन्तर सम्बन्धमा हेर्छ ।

vi)द्वन्द्ववादले वस्तुको गति आन्तरिक मान्दछ ।

vii)द्वन्द्ववादले नयाँ अजेयताको पुष्टि गर्दछ ।

viii)द्वन्द्ववादले नयाँ, समुन्नत, अग्रगामी र प्रगतिशील ढंगले वस्तुलाई हेर्दछ ।

ix)द्वन्द्ववादले वस्तु एकको दुईमा विभाजित, परिस्थिती सापेक्ष र सकारात्मक नकारात्मक देख्दछ ।

***द्वन्द्ववादको मुख्य तीन नियमहरुः-***

i)विपरितहरुको एकता, संघर्ष र रूपान्तरणको नियमः–कुनै पनि वस्तुहरुमा संघर्षमय एकता र फुट सम्म हुन्छ ।

ii)मात्राबाट गुणमा परिवर्तनको नियमः–कुनै पनि वस्तुको मात्रा थप्दै जाँदा गुणमा परिवर्तन हुन्छ ।

iii)निषेधको निषेध रूपान्तरणको नियमः–कुनै पनि वस्तु या परिस्थितीले अघिल्लोले पछिल्लोलाई निषेध गर्दछ ।

***ऐतिहासिक भौतिकवादः***–ऐतिहासिक भौतिकवाद भनेको इतिहासको भौतिकवादी धारणा जुन द्वन्द्वात्मक भौतिकवादको समाज विज्ञानमा प्रायोगिक व्याख्या हो । ऐतिहासिक भौतिकवादमा आदिम साम्यवाद, दास युग, सामन्ती युग, पूँजीवादी युग हुदै समाजवाद र साम्यवादी समाजको समग्र विश्लेषणात्मक संश्लेषण गरिएको छ ।

**२) राजनीतिक अर्थशास्त्र**–विश्व मानव समाजको सम्पुर्ण मानवीय कृयाकलापको विश्लेषणात्मक संश्लेषण नै राजनीतिक अर्थशास्त्र हो। राजनीतिक अर्थशास्त्रलाई निम्न अनुसार व्याख्या गरिन्छ ।

***क)उत्पादन प्रणालीः***–मानवीय श्रमद्वारा कुनै वस्तुमा उपयोगिता सृजना गर्ने वा थप उपयोगी बनाउने काम नै उत्पादन हो। उत्पादन कार्यको सम्पूर्ण प्रकृयालाई उत्पादन प्रणली भनिन्छ। । उत्पादन प्रणालीका दुई शाखाहरु यस प्रकार छन्

उत्पादक शक्तिः–उत्पादनका साधन(औजार) दक्ष अनुभवी श्रमिकहरु मिलेर उत्पादक शक्ति बन्दछ ।

*बाँकी ४ पेजमा*

वर्गदृष्टि Bargadristi Weekly साप्ताहिक

# 'संर्घषका एजेण्डा' तय गर्दै क्रान्तिकारी पत्रकार महासंघको पदाधिकारी बैठक

काठमाण्डौ १७ कार्तिक - क्रान्तिकारी पत्रकार महासंघ केन्द्रीय समितिको पदाधिकारी बैठक सोमवारबाट शुरु भएको छ। पदाधिकारी बैठकमा नेपाल पत्रकार महासंघको आसन्न चुनावमा संगठनले खेल्नुपर्ने भुमिका त्यसका लागि देशैभरका क्रान्तिकारी पत्रकार महासंघको अवस्था सम्बन्धमा छलफल गरिएको छ। बैठकमा प्रारम्भिक छलफल भयो, अब प्रदेश संयोजक र सल्लाहकार सहित पुनः बैठक बस्ने योजना छ - महासंघका अध्यक्ष इन्द्र रावतले भने - त्यस पछि प्रदेश हुदै जिल्लातहको बैठकबाट योजना बनाउने तयारीमा छौ। जिल्ला जिल्लाका बैठक पछि एउटा रिर्पोट पनि आउछ।



पदाधिकारी बीच संगठनका बिभिन्न योजना सहित संर्घषका खाका समेत कोर्दै अगाडि बढने एजेण्डा समेत तय भएको छ। सोमबार बिहान भएको जुम बैठकमा महासचिव रामकुमार श्रेष्ठ, सचिव रनसुर महतरा कोषाध्यक्ष रवि पाण्डेय र सल्लाहकार नारायण पंगेनीले धारणा राखेका थिए। त्यस्तै महासंघका फ्याक्र्सन ईन्चार्ज , महासंघका सल्लाहकार र प्रदेश संयोजक सहितको बैठक गरेर प्रदेश प्रदेशका बैठक र योजना गर्ने एजेण्डा बनाइएको महासचिव रामकुमार श्रेष्ठले जानकारी दिए। संगठनको बैठकमा एक किसिमको स्प्रिरिड पैदा भएको छ -उनले भने। त्यस्तै क्रान्तिकारी पत्रकार महासंघका कोषाध्यक्ष तथा लुम्बिनी प्रदेश संयोजक रवि पाण्डे र उनकी जिवनी साथी एंव संचारकर्मी लक्ष्मी घिमिरेलाई कोरोना मुक्त भएका छन्।

## मार्क्सवाद...

**उत्पादन सम्बन्धः**–समाजमा सबै मिलेर वस्तु उत्पादन गर्नु पर्ने भएकोले सामाजिक निश्चित पारस्पारिक सम्पर्क र सम्बन्धलाई उत्पादन सम्बन्ध भनिन्छ।

***ख) उत्पादक शक्ति र उत्पादन सम्बन्ध बीचको द्वन्द्वात्मक एकत्वः***–उत्पादनको परिवर्तन र विकाश उत्पादक शक्तिको परिवर्तन र विकाशबाट शुरु हुन्छ जब समाजको उत्पादक शक्तिको परिवर्तन र विकाशबाट शुरु हुन्छ तब मानिसको त्यही अनुरूपको आर्थिक उत्पादन सम्बन्धमा परिवर्तन हुन्छ। उत्पादन सम्बन्धले उत्पादक शक्तिको गतिलाई तिव्र पार्ने वा रोक्ने गरी प्रभाव पार्दछ। मार्क्स भन्नु हुन्छ,'विकासको निश्चित चरणमा पुगेपछि विद्यमान उत्पादन सम्बन्ध सामाजिक तथा भौतिक उत्पादक शक्ति बीच द्वन्द्व चल्दछ।' यसैमा माओ भन्नु हुन्छ,'यो सत्य हो कि उत्पादक शक्तिहरु व्यवहार र आर्थिक आधारले पूर्णरूपमा प्रधान तथा निर्णायक भूमिका निर्धारण गर्दछ जसले अस्वीकार्छ उ भौतिकवादी होइन तर यो स्वीकार्नु पर्दछ एउटा विशेष परिस्थितीमा उत्पादन सम्बन्ध सिद्धान्त र उपरिसंरचना जसको पहलले निर्णायक भूमिका निर्णायक गर्दछौ।

***ग) राज्य प्रणालीः***–उत्पादक शक्ति र उत्पादन सम्बन्धको कुल योग नै राज्य प्रणाली हो। उत्पादन प्रणाली नै राज्य प्रणालीको आधार हो। त्यही आधारको जगबाट उपरि संरचनाको रूपमा राज्य प्रणाली(राज्य सभा, कानुन, राजनीति, संस्कृति, कला र साहित्य) खडा भएका हुन्छन्। कार्ल मार्क्स भन्नुहुन्छ,'मानिसहरु आफ्नो जीवनको समाजिक उत्पादनमा निश्चित सम्बन्ध कायम गर्दछन् यी सम्बन्धहरु अपरिहार्य र उनीहरुको इच्छाबाट स्वतन्त्र हुन्छ। उत्पादन सम्बन्धहरु भौतिक उत्पादक शक्तिको विकाश निश्चित चरण सँग मिल्दाजुल्दा हुन्छन्। उत्पादन सम्बन्धको कुल योग नै समाजको आर्थिक ढाँचा हो। यो जग माथि कानुनी र राजनीतिक अधिरचना खडा हुन्छ जस अनुसार निश्चित खालको सामाजिक चेतना देखापर्छ। भौतिक जीवनको उत्पादन प्रणालीले सामाजिक, राजनीतिक, वैद्धिक जीवन क्रमलाई निर्धारण गर्दछ। मुख्य त सामाजिक सभाले मात्र चेतनालाई निर्धारित गर्दछ। आर्थिक जग फेरिए पछि सम्पूर्ण विशाल अधिरचना धेरथोर चाँडो फेरिन्छ।'

***घ)उत्पादक शक्ति र उत्पादन*** सम्बन्धको विकास साँढे चार अर्व वर्ष अगि पृथ्वीको उत्पति भै जलवायुको परिवर्तनले ५७ करोड वर्ष अगि जीव बिकास र १० करोड वर्ष अघि स्तनधारी जीव विकास भएको मानिन्छ। केनियामा प्राप्त प्रोप्लियोपिथेकस(Propliopithecus) नामक पहिलो मानव अवशेष डेढ करोड वर्ष पुरानो मानिन्छ। २० लाख वर्ष अघि मानव पुर्खाहरु ढुङ्गेयुग हुदै ढुंगालाई घोटेर हातियार(औजार) बनाउने कामले ठूलो क्रान्ति ल्याई पशुबाट अलगिदै मानवको आदिम् साम्यवादी समाजको बिकास भयो।

**ङ)अतिरिक्त मुल्यको सिद्धान्तः**–मार्क्सवादको ३ संघटक मध्य राजनीतिक अर्थशास्त्रमा आर्थिक व्याख्या र अतिरिक्त मुल्यको सिद्धान्तले समाजवादलाई वैज्ञानिक बनाई दियो। मजदुर वर्गले आफ्नो र पूँजीपति वर्गको लागि मात्र नभएर विश्व बजारमा बेचेर बढी लाभ लिन सक्ने वस्तु उत्पादन गर्न थाले। यस्ता वस्तु बेच्दा मजदुरलाई ज्याला र पूँजीपतिलाई नाफा हुन्छ। उपभाक्ताले वस्तुको मुल्य तिर्छ, पूँजीपतिले वस्तुमा मजदुर, कच्चा पदार्थको दाम र अन्य उत्पादनमा लागेको खर्च दिन्छ, बाकि रहेको रकम नाफा हो। कुनै पनि वस्तुको उपयोगिता या विनिमय मुल्य पदार्थको उत्पादन तथा श्रमद्वारा निर्धारण हुन्छ। कुनै वस्तु उत्पादनमा लागेको वास्तविक धन र बजारको मुल्य बीचको अन्तर नै अतिरिक्त मुल्य हो। जस्तै मजदुरले एउटा सारी बनाउँदा ज्याला रु. ६०/- पाउँछ, सारीमा लाग्ने सामाग्री रु.८० /- गरी जम्मा रु.१४०/- लागत हुन्छ। यो सारी रु.२००/- मा बेच्दा रु.६०/- बढी हुन्छ। यसमा मजदुरको श्रम रु. १२०/- परेको छ तर उसलाई रु.६०/- दिएर रु.६०/- पूँजीपतिले लिन्छ। यो श्रमिकको मुल्य नै अतिरिक्त मुल्य हो। मार्क्सको शब्दमा,'अतिरिक्त मुल्य भनेको ती दुई बीचको मुल्य अन्तर हो जसलाई मजदुर उत्पादन गर्दछन्, वास्तवमा पुँजीपतिले पाउँछ।' मार्क्स फेरि भन्नु हुन्छ'अतिरिक्त मुल्य भनेको त्यो मुल्य हो जो पुँजीपति श्रमिकबाट असुल्छ।'

***३)वैज्ञानिक समाजवाद***

मानव समाजको उत्पति, विकास र समस्या निवारण गर्ने विविध धारणलाई समाजवाद भनिन्छ। समाजवाद काल्पनिक(युटोपिया) र वैज्ञानिक छन्। समाजवाद सामन्ती, पुँजीपति वर्ग र संशोधनवादीले प्रयोग गर्ने काल्पनिक समाजवाद हो भने सच्चा कम्युनिष्टहरुले प्रयोग गर्ने वैज्ञानिक समाजवाद हो। युटोपिया एउटा वाद थियो जसको प्रतिवाद चार्टरवाद(मजदुर आन्दोलन) थियो। त्यसपछि वाद प्रतिवादको संवाद वैज्ञानिक समाजवाद बन्यो जुन विज्ञानले झै सिद्धान्त(वाद) र व्यवहार दुवैलाई आवश्यक सम्झन्छ। समाजवाद साम्यवादको पहिलो चरण हो जहाँ उत्पादनका साधनहरु मथि सार्वजनिक स्वामित्व समाजको समान अधिकार प्राप्त सदस्यहरुको शोषण मुक्त श्रममा आधारित हुन्छ। राजनीतिक स्वतन्त्रताको उच्चतम रूप, जनताको समाजवादी स्वशासन, नागरिकको सच्चा राजनीतिक अधिकार र मुक्ति, कानुनको दृष्टिमा समानता, अधिकार र दायित्वको एकतालाई सुनिश्चित गर्ने, समाज र राज्य संचालनमा सर्वहारा वर्गको सहभागिताको ग्यारेन्टि गर्ने साथै सर्वहारा वर्गको नेतृत्व र अधिनायकत्वको ग्यारेन्टि गर्ने मार्क्सवादी विश्व दृष्टिकोणलाई वैज्ञानिक समाजवाद भनिन्छ। समाजवादमा हरेकलाई काम गर्ने समान अवसर हुन्छ जहाँ क्षमता अनुसार काम र काम अनुसार माम भन्ने हुन्छ।

मार्क्स- एंगेल्सका अनुसार द्वन्द्वात्मक भौतिकवाद समाजमा प्रयोग गर्दा ऐतिहासिक भौतिकवादको विकास भयो जस अनुसार समाज विकासको क्रम शुरुमा आदिम साम्यवादी समाज बन्यो। श्रम विभाजनले त्यो समाज दास र मालिक दुई वर्ग भएको दास स्वामी समाज बन्यो। जमिनका मालिक सामन्त र किसान बीच संघर्ष हुदा सामन्तवाद ढल्यो र पुँजीवादी व्यवस्था आयो। पुँजीवादले सर्वहारा वर्गको जन्म दियो फलस्वरूप पुँजीपति वर्ग र सर्वहारा वर्ग बीच संघर्ष पछि समाजवाद आउँछ त्यो बल प्रयोगबाट आउछ, त्यो वैज्ञानिक समाजवाद हो। वैज्ञानिक समाजवादले वस्तु र बिचारको विकास गरी 'समाजवादी समाज' साम्यवादी समाजमा रूपान्तरण हुन्छ।

## अक्टोबर...

तयारी हो। शान्ति, आजादी र रोटीको नारा बोल्सेभिक पार्टीले लगायो। क्रान्तिका निम्ति हतियार उठाउन तयार हुनुपर्छ भनेर फौजी हिसाबले पनि राम्रो तयारी गरियो। लडाकु दस्ताहरुको तयारी गरियो। सरकारकै युद्धपोतहरुले क्रान्तिकारीहरुलाई साथ दियो। अस्थायी क्रान्तिकारी सरकारलाई कब्जा गर्नेमा मजदुर, किसान र सिपाहीहरु थिए। अक्टोबर समाजवादी क्रान्तिको कुरा गर्दा मुख्यतः यी तीनवटा कुरालाई राम्रोसँग आत्मसात गर्न आवश्यक छ।"

उहाँले नेपाली क्रान्तिको सन्दर्भमा भन्नुभयो, "अहिलेको स्थितिमा नेपालमा क्रान्ति कसरी गर्ने हो ? यो हाम्रो एउटा महत्वपूर्ण एजेन्डा हो। मजदुर, किसान, दलित, महिला, आदिवासी जनजाति, मधेसी, मुस्लिम लगायतका जनसमुदायका साथसाथै एउटा क्रान्तिकारी कम्युनिस्ट पार्टीको पनि यो एउटा महत्वपूर्ण एजेण्डा हो।"

नेपालमा मजदुर, किसान र उत्पीडित जनसमुदाय क्रान्तिका आधारभूत तत्व रहेको चर्चा गर्दै नेपाली विशिष्टतामा आधारित सशस्त्र विद्रोहको तयारीबाट मात्र नेपाली क्रान्ति सम्पन्न गर्न सकिनेमा जोड दिनु भयो।

उहाँले नयाँ जनवादी गणतन्त्र अर्थात् जनगणतन्त्रको नारामा नेपालमा छरिएर रहेका क्रान्तिकारीहरुलाई एकताबद्ध बनाएर क्रान्तिको प्रक्रिया अगाडि बढाउनु पर्नेमा पनि जोड दिनुभयो।

अखिल नेपाल आदिवासी जनजाति महासंघका अध्यक्ष डा. ओम गुरुङले पनि क्रान्तिकारी कम्युनिस्ट पार्टीको नेतृत्वमा मजदुर, किसान र उत्पीडित जनसमुदाय एक भएर लडेर मात्र नेपाली क्रान्ति सम्पन्न गर्न सकिने र अक्टोबर समाजवादी क्रान्तिबाट पनि यही शिक्षा, उर्जा र उप्रेरणा लिन सकिने कुरा बताउनु भयो।

त्यसैगरी राजनीतिक अर्थशास्त्रका ज्ञाता तथा अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी)का अध्यक्ष सीताराम तामाङले सन् २००८ को विश्व महामन्दीपछि कोभिड-१९ ले विश्व अर्थतन्त्रलाई जिरोमा पुऱ्याएको र आर्थिक संकटले राजनीतिक व्यवस्थाहरु उथलपुथल हुने परिस्थिति विकसित भएको चर्चा गर्दै नवउदारवादी साम्राज्यवादी व्यवस्थाको विकल्प विश्व सर्वहारावर्गले दिनुपर्ने कुरामा जोड दिनुभयो।

उहाँले अक्टोबर समाजवादी क्रान्तिको सफलता र असफलताबाट शिक्षा लिदै नेपाली क्रान्तिको प्रक्रियालाई गतिशिल बनाउन र क्रान्तिकारीहरु एकढिक्का भएर अगाडि बढ्नुपर्ने समय आएको बताउनु भयो।

"महान अक्टोबर समाजवादी क्रान्तिको आयाम र महत्वबारे चर्चा एवम् मजदुर विद्रोह विमोचन कार्यक्रम'लाई सम्बोधन गर्दै क्रान्तिकारी पत्रकार महासंघका अध्यक्ष इन्द्र राउत, अखिल (क्रान्तिकारी)का अध्यक्ष हरिकृष्ण गजुरेल, अखिल नेपाल महिला संघ (क्रान्तिकारी)की महासचिव शारदा महतले अक्टोबर क्रान्ति नेपाली क्रान्तिका लागि उर्जा उत्प्रेरणाको बारेमा चर्चा गर्नुभएको थियो।

महान अक्टोबर समाजवादी क्रान्तिको आयाम र महत्वबारे आयोजक महासंघका अध्यक्ष इश्वर तिमिल्सिनाले लिखित रूपमा संक्षिप्तमा प्रकाश पार्नुभएको कार्यक्रमलाई आन्दोलनरत घटक ट्रेड युनियन महासंघका नेताहरुले पनि सम्बोधन गर्नुभएको थियो।

महासंघका महासचिव बसन्त बोगटीले सञ्चालन गरेको कार्यक्रमलाई समाजवादी ट्रेड युनियन महासंघका समाजवादी ट्रेड युनियन महासंघका अध्यक्ष लालध्वज नेम्वाङ, क्रान्तिकारी ट्रेड युनियन महासंघ नेपालका अध्यक्ष राजन तिमिल्सना, प्रगतिशील नेपाल स्वतन्त्र ट्रेड युनियन महासंघका अध्यक्ष केदार गिरी, अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासंघका इन्चार्ज कृष्णहरि भट्ट र महासंघका प्रतिनिधि शिशिर भट्टराईले सम्बोधन गर्नुभएको थियो।

आयोजक संगठनका सचिवालय सदस्य बद्री चापागाईले स्वागत मन्तव्य राखेको कार्यक्रममा सबै वक्ताहरुले 'मजदुर विद्रोह' प्रकाशन गरेकोमा महासंघलाई बधाई दिनुका साथै प्रकाशनको निरन्तरताको लागि शुभकामना दिनुभएको थियो।

कार्यक्रम महान अक्टोबर समाजवादी क्रान्तिको १०३ बर्ष पुगेको अवसर पारेर आयोजना गरिएको थियो। कार्यक्रममा नेकपा (क्रान्तिकारी माओवादी)का पीवीएम दिनेश शर्मा सागर, पार्टी पीवीएम तथा नेवाः राष्ट्रिय मुक्ति मोर्चाका अध्यक्ष पवनमान श्रेष्ठ, क्रान्तिकारी युवा लिग नेपालका अध्यक्ष अमीर महर्जन, पार्टी केस क्षितिज, देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालकी ललितपुर अध्यक्ष इन्दिरा अधिकारी लगायत आयोजक महासंघका नेता कार्यकर्ताहरुको उपस्थिति रहेको थियो।

## ओली सरकारलाई...

सरकारले नेपालको नामसहित अन्य केही शब्दमा समेत परिमार्जन गरेको छ। नेपालको संविधानको अङ्ग्रेजी अनुवादमा प्रयोग भइरहेका विभिन्न १६ वटा शब्दलाई सरकारले सच्याउने निर्णय गरेको छ। जस्तै राज्य (स्टेट) भन्ने शब्द सरकारले खारेज गर्दै प्रदेश (प्रोभिन्स) शब्द प्रयोग हुने परिपत्रमा उल्लेख छ। संविधानको धारा ४ मा नेपाल राज्यको परिभाषामा 'नेपाल स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्ता सम्पन्न, धर्मनिरपेक्ष, समावेशी, लोकतन्त्रात्मक, समाजवाद उन्मुख, सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हो' भनिएको छ।

क्याबिनेटबाट गैर संवैधानिक निर्णय लिएको भन्दै सरकारी कदमको आलोचना भइरहेको छ। संविधानको धारा २७४ अनुसार संविधानको कुनै धारा खारेज वा संशोधन गर्ने अधिकार सङ्घीय संसदलाई मात्रै छ। प्रमुख प्रतिपक्षी नेपाली काँग्रेसले 'सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपाल' नलेख्न सरकारले मातहतलाई दिएको निर्देशनमा आपत्ति जनाएको छ। काँग्रेस प्रवक्ता विश्वप्रकाशले मङ्गलबार ट्विट गर्दै प्रधानमन्त्रीलाई मेन्सन गर्दै जेल बस्दाको सिद्धान्त सम्झने कि संविधान निर्माण गर्दाको प्रतिबद्धता भन्दै प्रश्न उठाएका हुन। उनले अगाडि लेखेका छन्, 'होसियार १ संविधानको मर्मविरुद्धको कर्म ठाडै अस्वीकार्य छ।'

यस्तै विपक्षी जनता समाजवादी पार्टी (जसपा)ले पनि सरकारको निर्णयको विरोध गरेको छ। जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवले सरकारको निर्णय संविधानको प्रस्तावना र नेपाल राज्यको परिभाषाको विपरीत भएको बताए। रातोपाटीसँगको कुराकानीमा उनले भने, 'संविधानको प्रस्तावनामै नेपाल सङ्घीय लोकतान्त्रिक गणतन्त्रको माध्यमद्वारा शान्ति, समृद्धि प्राप्त गर्ने भनेर लेखिएको छ।

'यसले प्रधानमन्त्री सङ्घीयता, गणतन्त्र समावेशितालाई एकपछि अर्को षड्यन्त्र गरिरहेको ठहर छ। विगतमा भएका सशस्त्र विद्रोह, मधेस विद्रोह, आदिवासी जनजातिको आन्दोलन जन आन्दोलनबाट आएको परिवर्तनलाई समाप्त पारेर पर्तिगमनतर्फ लैजाने अभ्यास भएको छ,' यादवले भने। पार्टीको बैठक राखेर सङ्घीयता र गणतन्त्र समाप्त पारेर प्रतिगमनको यात्रातिर जाने निर्णयको जनता समाजवादी पार्टीले सशक्त प्रतिवाद गर्ने यादवले बताए।

यस्तै संविधानको धारा ४ मा नेपाल राज्यको परिभाषामै सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपाल लेखिएको छ। त्यसलाई कसरी हटाउने ? संविधानको प्रस्तावना, नेपाल राज्यको परिभाषाको विपरीत निर्णय भएको छ।'यसबाट संविधानको घोर उल्लङ्घन भएको भन्दै संविधान उल्लङ्घन गरेर शासन चलाउने काम लोकतान्त्रिक मूल्य र मान्यताभित्र नपर्ने उनको भनाइ छ।

यस्तै काँग्रेस नेता गगन थापाले संविधानले बन्दोबस्त गरेको विषय सरकारको एउटा सामान्य मन्त्रालयको विषय नभएको बताए। 'संविधानले एउटा खालको बन्दोबस्त गरेको विषयलाई सरकारले यसरी चलाउन पाउँदैन। अहिले यसलाई चलाउन कुनै आवश्यक पनि थिएन। यो गर्नैपर्ने भए पनि सरकारको एउटा सामान्य मन्त्रालयको विषय होइन। यस्तो विषयमा संसदमा छलफल र बहस गर्नुपर्थ्यो,' थापाले भने।

संविधानको विषयलाई आफ्नो कार्यविधि संशोधन गरेजस्तो गर्नु संविधान र समय अनुकूल नभएको उनको भनाइ छ। 'नेपालका अगाडि फेडेरल डेमोक्रेटिक रिपब्लिक नलेखे पनि यो यो कारणले नेपाल मात्र लेखिएको हो,' थापाले भने, 'हाम्रो डेमोक्रेसी कस्तो छ भन्ने कुरा हाम्रो संविधानले व्यवस्था गरेकै छ भनेर छलफल र बहस गर्दा त्यसको औचित्य पुष्टि हुन सक्थ्यो होला।'

संविधान बन्नुभन्दा पहिले वा संविधान बनेपछि देशको कार्यकारी प्रमुखको भूमिकामा हुँदा पनि सङ्घीय लोकतान्त्रिक गणतन्त्रका बारेमा प्रधानमन्त्री केपी शर्मा ओलीबाट शृङ्खलाबद्ध रूपमा कटाक्ष भइरहेको थियो र छ। यो निर्णय पनि त्यसैको निरन्तरताका रूपमा अर्थ्याउन थालिएको छ। यसले प्रधानमन्त्रीको नियतमाथि पनि प्रश्न उब्जाएको थापाको बुझाइ छ।

उनले भने, 'अहिलेको राजनीतिक नेतृत्व सङ्घीय लोकतान्त्रि गणतन्त्रप्रति प्रतिबद्ध भएको भए यो विषयमा यसरी निर्णय गर्दा पक्कै कुनै सन्दर्भमा गरिएको होला भनेर अनुमान लाग्थ्यो होला। यसको संवैधानिकताको प्रश्न उठे पनि नियतमाथि प्रश्न उठ्दैन थियो होला। तर अहिले निर्णयको विधिभन्दा पनि पहिले नियतमाथि प्रश्न रह्यो। समग्र राजनीतिक परिवर्तनप्रति प्रधानमन्त्रीको खोक्रो प्रतिबद्धता रहँदा नियतमाथि प्रश्न उठेको हो।'

नेपाल बार एसोसिएसनका पूर्वमहासचिव एवं वरिष्ठ अधिवक्ता सुशील पोखरेल सरकारले फेडेरल डेमोक्रेटिक रिपब्लिक हटाउनमा कुनै तर्क नभएको बताउँछन्। 'हामीले संविधानमार्फत हामी फेडेरल हौँ, हामी रिपब्लिक हौँ भनेर दिन खाजेका थियौँ। त्यस भावनाविपरीत कूटनीतिक नोट पठाउन सजिलो हुन्छ भनेर यस्तो निर्णय गर्नु भनेको कुनै पनि हिसाबमा उचित देखिँदैन,' उनले भने।

प्रधानमन्त्रीको नियत थाहा नभए पनि उनको अगाडिको क्रियाकलापले प्रश्न उठाएको थापाको भनाइ छ। यो व्यवस्थाको मुख्य मान्छे भएर व्यवस्थाप्रति निरन्तर घात गरिरहेकाले कमल थापाहरु उत्साहित हुने अवस्था आएको उनले बताए। निर्णयकताएको निरन्तरको काम र पृष्ठभूमिले गर्दा यस्तो अवस्था आएको थापाको बुझाइ छ।

***व्यवस्था विरोधी मानसिकतामा गैर सवैधानिक कदम***

नेपाल बार एसोसिएसनका पूर्वमहासचिव एवं वरिष्ठ अधिवक्ता सुशील पोखरेल सरकारले फेडेरल डेमोक्रेटिक रिपब्लिक हटाउनमा कुनै तर्क नभएको बताउँछन्। 'हामीले संविधानमार्फत हामी फेडेरल हौँ, हामी रिपब्लिक हौँ भनेर दिन खाजेका थियौँ। त्यस भावनाविपरीत कूटनीतिक नोट पठाउन सजिलो हुन्छ भनेर यस्तो निर्णय गर्नु भनेको कुनै पनि हिसाबमा उचित देखिँदैन,' उनले भने।

मन्त्रिपरिषद्बाट संविधान संशोधन गर्नु गैर संवैधानिक काम भएको उनको भनाइ छ। पोखरेलले भने, 'संविधान संशोधनको आफ्नै प्रक्रिया छ। कतिपय विषय संशोधन नै गर्न नपाइने छ। संशोधन गर्न मिल्ने विषयलाई पनि संसदको प्रतिनिधिसभा (तल्लो सदन) र राष्ट्रियसभा (माथिल्लो सदन)को दुई तिहाइ चाहिन्छ। त्यसको स्प्रिटविरुद्ध मन्त्रिपरिषद्ले गरेको निर्णय संविधान अनुकूल भएन।'

मन्त्रिपरिषदलाई त्यो निर्णय गर्नुछ भने पनि चित्त बुझ्दो वस्तुगत आधार पेस गर्दै संसदमा लैजानुपर्ने उनको तर्क छ। 'संविधानमा कुनै असर पर्ने कुरा छ भने फर्केर संसदमै जानुपर्छ। संसदमा नगएर कार्यकारी अधिकारबाट त्यस्तो निर्णय गर्नु गैर संवैधानिक हो,' उनले भने।

यस्तै नेपाल बार एसोसिएसनका पूर्वमहासचिव रमन श्रेष्ठका अनुसार हरेक देशले आफ्नो देशको नाम राख्ने बेलामा त्यहाँ भएको व्यवस्था र पद्धतिलाई इन्डिकेट गरेको हुन्छ। उनले उदहारण दिँदै भने, 'चाइना, कोरिया, अमेरिका, रसिया, जर्मन, जापान जहाँसुकैको हेरे पनि आफ्नो देशमा पद्धति र राज्यको स्वरूप जनाउने गरेर नामलाई अगाडि ल्याएको पाइन्छ।'

गणतन्त्र र सङ्घीयता विरोधी मानसिकता राखेर यो काम भएको उनको बुझाइ छ। सरकारको निर्णयले गणतन्त्र र सङ्घीयता विरोधी तप्कालाई फाइदा भएको श्रेष्ठको दाबी छ। श्रेष्ठका अनुसार संविधानको धारा ४ मा राज्यको परिभाषामा फेडेरल डेमोक्रेटिक रिपब्लिक नेपाल लेखेको भन्दै फेडेरल डेमोक्रेटिक रिपब्लिक हटाएपछि अब नेपालमा एकात्मक शासन छ भन्ने इन्डिकेसन दिन्छ। उनले भने, 'कुनै त्यस्तो विश्लेषण नभएपछि नेपाल रिपब्लिक हो कि ? फेडेरल हो कि ? किङ्डम हो कि ? के हो ? २०४७ को संविधानले नेपाल राज्य ९नेपाल किङ्डम० भन्थ्यो। २०१९ सालको संविधानमा नेपाल मात्रै थियो। यो निर्णयबाट मुलुकलाई २०१९ सालमा फर्काएको होइन ? ०१९ सालमा फर्काएपछि त्यसले इन्डिकेसन के गर्छ ? अन्डरकरेन्ट राम्रो भएको छैन। केही पनि नछुट्टिने गरी नाम राख्नु ०७२ सालको संविधान विपरीत हो।'गणतन्त्र र सङ्घीयता विरोधी मानसिकता राखेर यो काम भएको उनको बुझाइ छ। सरकारको निर्णयले गणतन्त्र र सङ्घीयता विरोधी तप्कालाई फाइदा भएको श्रेष्ठको दाबी छ।

देशको नामसँग व्यवस्था जोडी राख्न आवश्यक छैन भन्ने तर्कप्रति श्रेष्ठ खरो सुनिए। 'त्यसो भए नामले केही हुन्न भने नेपाल कम्युनिस्ट पार्टीको नाम नेपाल पुँजीवादी पार्टी राखिदिऊँ न त ? समाजवादी किन भन्नुपर्‍यो। बामपन्थी किन भन्नुपर्‍यो ? लेबर पार्टी राख्नुको कारण के ? डेमोक्रेटिक पार्टी राख्नुको कारण के ?,' उनको आक्रोश मिश्रत प्रश्न छ, 'कन्जर्भेटिभ पार्टी राख्नुको कारण के ? कन्जर्भेटिभ पार्टीले समाजवादी काम गर्छ ? धेरै कुरा नामले दिन्छ। सबैको मिनिङ हुन्छ नि ? गणतन्त्र, लोकतन्त्र सङ्घीयताको मिनिङ छैन ?'

देशको नाम संविधान सङ्गत पनि हुनुपर्ने भन्दै संविधान विपरीत मन्त्रिपरिषदले निर्णय गर्न नमिल्ने श्रेष्ठको तर्क छ। 'संविधानभन्दा क्याबिनेट ठूलो होइन। कि ०१९ सालको संविधानमा फर्किनुपर्यो ? हामीमा निहित राज्य शक्तिको स्रोत प्रयोग गरिबक्सिन्छ भन्ने थियो त्यहाँ। सबै विशिष्ट अविशिष्ट अधिकार राजामा निहित छ भन्ने थियो। के अहिलको क्याबिनेटलाई त्यस्तो अधिकार छ संविधान विपरीत निर्णय गर्ने ? राज्यको नाम राख्ने वा हटाउने अधिकार क्याबिनेटले कहाँबाट पायो ?,' उनको प्रश्न छ।

विभिन्न आशंका गरिए पनि यो निर्णयका पछाडि कुनै बदनियत नरहेको तुम्बाहाम्फेको भनाइ छ। 'हाम्रो देशको नाम नेपाल हो। संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल होइन। बाहिरबाट पत्र पठाउँदा कसैले नेपाल, कसैले संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल भनेर आउँदा एक रूपता मात्र ल्याएको हो। कुनै गैरसंवैधानिक काम भएको छैन,' उनले भनिन।

***संविधान नचलाएको सरकारको दाबी***

तर कानुनमन्त्री शिवमाया तुम्बाहाङ्फेले समय र संविधान अनुकुल निर्णय गरिएको दाबी गरिन। 'संविधानको भाग एकको धारा एकको उपधारा एकमा 'यो संविधान नेपालको मूल कानुन हो' लेखेको छ। त्यसमा यो संविधान संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल कानुन हो भनेर लेखेको छैन,' उनले भनिन 'अनि कसरी क्याबिनेटले संविधान चलाएको हन्छ ? संविधानमा भएको कुरालाई एक रूपता ल्याउन खोजिएको मात्र हो।'

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था भनेर हाम्रो प्रस्तावनामा उल्लेख गरेकाले कुटनीतिक नोटमा एक रूपता ल्याउन 'संघीय लोकतान्त्रिक गणतन्त्र' हटाइएको उनको भनाइ छ।

नेपालको संविधानको अङ्ग्रेजी अनुवादमा प्रयोग भइरहेका १६ वटा शब्दहरुलाई सच्याउने विषय सामान्य भएको कानुनमन्त्री तुम्बाहाम्फेले बताइन।यद्यपि उनले क्याबिनेटबाट संविधानको कमा पनि चलाउन नसक्ने भन्दै अहिलेको सरकारले पनि कुनै त्यस्तो काम नगरेको बताइन।

विभिन्न आशंका गरिए पनि यो निर्णयका पछाडि कुनै बदनियत नरहेको तुम्बाहाम्फेको भनाइ छ। 'हाम्रो देशको नाम नेपाल हो। संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल होइन। बाहिरबाट पत्र पठाउँदा कसैले नेपाल, कसैले संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल भनेर आउँदा एक रूपता मात्र ल्याएको हो। कुनै गैरसंवैधानिक काम भएको छैन,' उनले भनिन।

***व्यवस्था विरोधीबाट सरकारी कदमको स्वागत***

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले भने सरकार यो निर्णयलाई स्वागत गरेको छ। राप्रपाका नेता राजेन्द्र लिङ्देलले देशलाई कुनै व्यवस्थासँग जोडेर नाम राख्ने कुरा गलत भएको भन्दै सरकारले सच्याएर राम्रो गरेको बताए।

'देशलाई कुनै व्यवस्थासँग जोडेर नाम राख्ने कुरा गलत थियो। नेपाल आफैमा प्रयाप्त थियो। नेपाल, नेपाल हो। त्यसमा कुनै पर्याय दिएर लेख्नु नै अनुचित थियो। त्यसलाई सरकारले सच्याएको छ। ढिलै भए पनि राम्रो काम गरेको छ।'

यसमा थप्दै उनले भने, 'देशलाई कुनै व्यवस्थासँग जोडेर नाम राख्ने कुरा गलत थियो। नेपाल आफैमा प्रयाप्त थियो। नेपाल, नेपाल हो। त्यसमा कुनै पर्याय दिएर लेख्नु नै अनुचित थियो। त्यसलाई सरकारले सच्याएको छ। ढिलै भए पनि राम्रो काम गरेको छ।'फेडेरल डेमोक्रेटिक रिपब्लिक नेपाल भनेर प्रयोग र प्रचलनमा ल्याउने विगतको निर्णय हास्यस्पद रहेको लिङ्देनको जिकिर छ।

राप्रपाका प्रतिनिधि सभा सांसदसमेत रहेका उनले भने, 'अहिले सरकारले गरेको निर्णयको हामी स्वागत गर्छौं। यसलाई संविधान र संविधान संशोधनसँग जोड्नु जरुरी छैन। प्रचलनमा ल्याउन खोजिएको थियो। यो हिजो भएको प्रशासनिक त्रुटि होला जस्तो लाग्छ।'

यसलाई संविधानको भावना जोडेर गलत व्याख्य गर्न नहुने उनको भनाइ छ। 'प्रणाली भनेको आवश्यकता अनुसार परिवर्तन भइराख्छ। देश त परिवर्तन हुँदैन, देशको नाम परिवर्तन हुँदैन। ढिलै भए पनि सुधारिएको छ,' लिङ्देनले भने, 'यसलाई संविधान संविधानको भावना जोडेर गलत व्याख्य गर्नु हुँदैन। अहिले जे गरिएको छ, ठीक गरिएको छ।'

संविधानविद् भीमार्जुन आचार्यले पनि सरकारको उक्त निर्णयको स्वागत गरेका छन। उनले भने, 'मलाई सङ्घीय गणतान्त्रिक नेपाललाई सङ्क्षेपमा नेपाल मात्र लेखौँ भन्ने सरकारी परिपत्रले संविधानको उलङ्घन गरेजस्तो लाग्दैन। नेपालको ठाउँमा चीन, भारत, सिङ्गापुर वा अरू केही लेखौँ भनेको भए आपत्तिको विषय हुन्थ्यो।'

सङ्घीयता खारेज गर्ने मनसायले सरकारी परिपत्र जारी भएको भए आफूले स्वागत गर्ने आचार्यको भनाइ छ। 'सङ्घीयता धान्नै नसकेर यस्तो कुरा आएको हो भने त मेरो तर्फबाट स्वागत नै छ,' उनले भने।

## नेकपा...

सचिवालय सदस्यहरूलाई पार्टी समस्याबारे छलफल गर्न जुटौं भन्दा पनि नआएर त्यसमा बल पुर्याएको सचिवालयका एक सदस्यले बताए।

ओलीनिकट नेताहरू भने दाहाल-नेपालहरूले दिनदिनै चार जनाको बैठक राखेर कित्ताकाट गरिसकेको बताउँछन्। 'औपचारिक होस या अनौपचारिक, दुई अध्यक्षबीचको छलफल र परामर्शमा बैठक गर्न नमिल्ने नेकपाको विधि, पद्धति, विधान र परम्परा छ,' ओलीनिकट एक स्थायी कमिटी सदस्यले भने, 'उहाँहरूले गुटको भेला गर्नुभएको हो, खुमलटारमा गइरहने धुम्बाराहीमा पनि गए, दुई अध्यक्ष नै मिल्नुपर्छ भन्ने लाइनका गएनन, उहाँहरूको र हाम्रो कित्ता छुट्टिएकै हो।'

दाहालले अनौपचारिक छलफलबारे ओलीलाई जानकारी गराएको भए पनि उक्त छलफलले ओली थप रुष्ट भएको उनका निकटस्थहरूको भनाइ छ। 'पार्टी अफिसमा मैले परामर्श गरें भनेर देखाउनका लागि विभाजनकारी गतिविधिमाथि पर्दा हाल्न र भ्रम छर्न बैठकका नाममा छलफल गरिएको हो, यो बैठक हो भनिएको हो,' प्रधानमन्त्री सचिवालयका एक सदस्यले भने, 'पार्टी विभाजनको तयारीका लागि उहाँहरूले कता-कता के-के भेला गर्नुभएको छ, सबै प्रस्टै छ।'

बिहीबार प्रधानमन्त्री ओलीसँग भएको भेटमा अध्यक्ष दाहालले आफूले पार्टी सचिवालयको बैठक बोलाउने बताएका थिए। तर ओलीले औपचारिक बैठक डाकिए पार्टी फुटको बिन्दु नै त्यही हुने बताएपछि दाहाल हच्किएका हुन। त्यसपछि उनले बिहीबार नै ओलीलाई उसो भए आफूले सचिवालय सदस्यहरूको अनौपचारिक छलफल डाक्ने र अहिलेसम्म भएका कुराको 'अपडेट' गराउने जानकारी गराएका थिए। त्यसैका आधारमा भएको ५ सचिवालय सदस्यको अनौपचारिक छलफलले प्रधानमन्त्री ओलीसँग भेटेर सहमतिका आधारमा औपचारिक बैठक बोलाउन आग्रह गर्ने निर्णय गरेको छ। त्यसका लागि उनीहरू प्रधानमन्त्री ओलीलाई भेट्न शनिबार विहान साढे ९ बजे बालुवाटार जाने भएका छन।

'राष्ट्रियता, संघीय प्रणाली, कोभिड-१९ का सवाल र पार्टी जीवनलाई एकताबद्ध गरेर अघि बढाउन गरिएको स्थायी कमिटी बैठकको निर्णय कार्यान्वयनमा पैदा भएको समस्याका कारण बैठक बस्न अध्यक्ष प्रचण्डले पनि अध्यक्ष ओलीसंग सहमतिका लागि बारम्बार पहल गर्नुभएको छ,' बैठकपछि प्रवक्ता नारायणकाजी श्रेष्ठले भने, 'यो बैठकले दाहालले बोलाउन सक्ने भए पनि पार्टी एकता जोगाएर अघि बढ्न सहमतिकै आधारमा बैठक बोलाएर अघि बढ्न उपयुक्त हुने निष्कर्ष निकाल्दै ओलीलाई सहमतिका आधारमा जतिसक्दो छिटो बैठक बस्न अनुरोध गर्ने निर्णय गरेका छौं।'

***कसले मानेन स्थायी कमिटी बैठकको निर्णय ?***

स्थायी कमिटी बैठकको निर्णय कार्यान्वयन नहुनु नै अहिलेको विवादको मूल जड हो भनिरहेका नेताहरूले यसको उल्लंघनकर्ता भने अर्काको पक्ष रहेको दाबी गरेका छन। दाहालपक्षीय यो टोलीको निष्कर्षअनुसार प्रधानमन्त्री ओलीले स्थायी कमिटी बैठकको निर्णयविपरीत निर्णय गरिरहेकाले पार्टीमा समस्या उत्पन्न भएको हो। तर प्रधानमन्त्री ओलीसहित सचिवालयका कुनै पनि नेताहरूले स्थायी कमिटी बैठकको निर्णय मान्नु हुँदैन भनेका छैनन। स्वयम प्रधानमन्त्री ओलीसमेत स्थायी कमिटी बैठकको निर्णय कार्यान्वयनमा आफू तयार रहेको बताएका छन। 'स्थायी कमिटीको निर्णय कार्यान्वयन गर्ने, गुटबन्दी अन्त्य गर्ने, पार्टी एकतालाई सुदृढ बनाएर अघि बढ्ने भन्नेमा अध्यक्ष ओलीको सहमति हो,' नेता सुवास नेम्वाङले भने, 'यसमा अकाए अध्यक्ष दाहालको समेत सहमति छ।' आवश्यकताका आधारमा केन्द्रदेखि प्रदेशसम्मका मन्त्रिपरिषद् पुनर्गठनदेखि पार्टीको सल्लाहमा सरकार सञ्चालन र पार्टी एकीकरणका काम छिटो सक्ने भन्ने निर्णय गत भदौ २६ मा सम्पन्न स्थायी कमिटी बैठकले गरेको थियो। त्यही निर्णय कायाएन्वयनका लागि संवाद चल्ने क्रममा मन्त्रिपरिषद् पुनर्गठनको ढाँचाबारे दुई अध्यक्षबीच कुरा नमिलेपछि सुरु भएको नेकपाको विवाद अहिले वार कि पार नै गरौं भन्ने स्थितिसम्म पुगेको छ। तर के निर्णय गर्दा त्यसलाई स्थायी कमिटी बैठकको निर्णय कार्यान्वयन भएको मानिने हो भन्नेमा दुवै पक्षका बुझाइ आआफ्नै छ।

सचिवालय सदस्य झलनाथ खनाल प्रधानमन्त्री ओलीले बैठकको निर्णय कार्यान्वयन नगर्दा पार्टीमा गम्भीर समस्या देखिएको बताउँछन्। उनका अनुसार शुक्रबार भएको उनीहरूको छलफलको निचोड पनि यही नै हो। 'पार्टीको निर्णय मान्छु भनेर मात्रै भएन, औपचारिक कमिटीले गरेको निर्णय कार्यान्वयन गरेरै देखाउनुपर्यो,' खनालले भने, 'पार्टी निर्णय नमान्दा जसले जे कम्प्रमाइज गर्नुपर्ने हो, त्यो गर्ने दिन आउँछ, बैठकले नै निर्णय गर्छ।' धुम्बाराहीमा दाहालपक्षीय सचिवालय सदस्यहरूको छलफल चलिरहँदा आफ्नो निर्वाचन क्षेत्रमा अगुवा कार्यकर्ता भेला गरेका सचिवालय सदस्य ईश्वर पोखरेलले पनि स्थायी कमिटी बैठकले गरेका निर्णयलाई इमानदारीपूर्वक कार्यान्वयन गर्नुपर्ने बताए। 'पार्टी एकतालाई सुदृढ गर्नका लागि स्थायी कमिटीको निर्णयलाई बिनासर्त कार्यान्वयन गर्नुपर्ने थियो। त्यसो नभएर फेरि पार्टीभित्र समीकरण बनाउने जुन प्रयास र खेल भयो, त्यो ठीक भएन,' उनले भने, 'पार्टी एकताका निम्ति समीकरण बनाउने कुरा घातक हुन्छ।'

स्थायी कमिटी बैठकको निर्णय कार्यान्वयन नगदाए नै समस्या देखिएको बताइरहेका दुवै पक्षले समस्याको जड एकअर्कालाई देख्दा थप समस्या निम्तिएको छ। दाहालपक्षीय नेताहरूको तर्क मन्त्रिपरिषद् पुनर्गठनलगायत विषयमा ओलीले एकलौटी गरेर निर्णय उल्लंघनको सुरुवात गरेको भन्ने छ। ओलीपक्षीय नेताहरू बैठकले पार्टीको काम गर्ने जिम्मेवारी दिए पनि दाहालले सरकार सञ्चालनमा प्रधानमन्त्रीलाई अवरोध गरिरहेको आरोप लगाउँछन्।

# नेकपा (क्रान्तिकारी माओवादी)को राजनीतिक दस्तावेजहरु

## राजनैतिक प्रतिवेदन (२०७६ मार्ग २६ देखि २९ सम्म सम्पन्न के.स.को बैठकमा पारित दस्ताबेजको महत्वपूर्ण अंश )

**वर्तमान राजनीतिक परिस्थिति**

१ – आ-आफ्ना स्वार्थ र प्रभुत्वका निम्ति विभिन्न साम्राज्यवादी तथा शक्ति केन्द्रहरुका बीच विभिन्न क्षेत्रमा चल्दैआएका प्रतिस्पर्धा र अन्तर्विरोधहरु अहिले पनि जारी नै छन् । यी प्रतिस्पर्धा तथा अन्तर्विरोध एकातिर व्यापार युद्ध र अर्कोतिर विभिन्न देशमा आ-आफ्नो प्रभुत्व विस्तार गर्नका लागि तीब्र बन्दै गएका छन् । अहिले थप कुरा के छ भने हङ्कङ्मा सुपुर्दगी विधेयकका विरुद्ध चल्दै आएको आन्दोलनलाई अमेरिकाले समर्थन गरेको छ भने चीनले त्यसको विभिन्न रूपमा प्रतिवाद गर्दै आएको छ । त्यसैगरी, बोलिभियामा गत अक्टोबरको निर्वाचनमा चौथो पटक राष्ट्रपति बनेका वामपक्षीय इभो मोरालेसलाई राजीनामा दिन बाध्य गराई जेनिन अनेसको नेतृत्वमा अन्तरिम सरकार बनाएर फेरी निर्वाचन गराउने षडयन्त्रमा अमेरिका लागेको छ र अन्य पक्षले त्यसको विरोध गरिरहेका छन् ।

२ – आज मुख्यतः पश्चिमी देशहरु र साथै अन्यत्र पनि श्रम र पुँजीका बीचको अन्तर्विरोध चर्कंदै गएको छ । यो अन्तर्विरोध सामाजिक उत्पादन तथा व्यक्तिगत वितरण र श्रमको शोषण तथा मुनाफा वृद्धिसित सम्बन्धित छ । अहिले यो अन्तर्विरोध आर्थिक असमानता, बेरोजगारी र भ्रष्टाचार विरुद्धको आन्दोलनमा सङ्केन्द्रित बन्दै गइरहेको छ । अहिले यस प्रकारका आन्दोलन चिले, इक्वेडर, लेवनान, फ्रान्स लगायतका देशहरुमा चर्किंदै गएका छन् र तिनमा स्वःस्फूर्त विद्रोहका केही लक्षणहरु पनि देखिएका छन् ।

३ – विश्वमा जारी रहिआएको अहिलेको प्रमुख अन्तर्विरोध साम्राज्यवाद र उत्पीडित राष्ट्रहरुका बीचको अन्तर्विरोध हो । यो एसिया, अफ्रिका तथा दक्षिण अमेरिकामा चल्दैआएका विभिन्न खाले राष्ट्रिय मुक्ति तथा जनवादी आन्दोलनसित सम्बन्धित छ । विभिन्न देशमा चल्दै आएका यस प्रकारका आन्दोलनहरुबारे हामीले बारंबार उल्लेख गर्दै आएका छौं ।

४ – केही दशक यता विश्वमा जलवायु परिवर्तनको समस्या गंभीर बन्दै आएको छ । यो समस्या ठूला राष्ट्रहरु मुख्यतः साम्राज्यवादीहरुले पैदा गरेको हरितगृह ग्यास उत्सर्जन सम्बन्धी समस्या हो । यसले एकातिर, व्यापक रूपमा जलवायु प्रदूषण र अर्कोतिर बढ्दो तापमानको कारण हिमालय पग्लेर समुद्री किनाराका शहरहरु डुब्ने खतरा तीब्र तुल्याइदिएको छ । साथै जलवायु प्रदूषणका कारण समुद्रमा अक्सिजनको मात्रा घट्दै जाँदा समुद्री जीवजन्तुको संहार हुने जटिल स्थिति पैदा हुँदै गएको छ । यस निम्ति अमेरिका प्रमुख जिम्मेवार बन्न गएको छ । त्यसले पेरिस जलवायु संझौताबाट बाहिरिने प्रक्रिया अगाडि बढाएको छ र यसै अगस्तमा भएको जी-७ को जलवायु परिवर्तन सम्बन्धी सम्मेलन पनि बहिष्कार गर्न पुगेको छ । हालै स्पेनको मेड्रिडमा भएको विश्व जलवायु सम्मेलनमा यसबारे गंभीर छलफल गरी २०१५ को पेरिस संझौताको कार्यान्वयनको पक्षमा विभिन्न प्रस्तावहरु पारित गरिएका छन् । यस सम्मेलनमा अमेरिकाको सरकार बाहिरिएको छ ।

५ – आज एकातिर विश्व साम्राज्यवाद आर्थिक, राजनीतिक तथा सांस्कृतिक सङ्कटको भुमरीमा फस्ने प्रक्रिया कायमै छ र वस्तुगत रूपमा साम्राज्यवादका विरुद्धको सङ्घर्षका लागि आधार तयार बन्दैगएको छ भने अर्कोतिर आत्मगत रूपमा विश्व सर्वहारा आन्दोलन कमजोर अवस्थामै रहेको छ । तर पनि एसिया, युरोप र अमेरिकाका विभिन्न देशहरुमा क्रान्तिकारी माओवादी आन्दोलनलाई सङ्गठित तथा एकतावद्ध तुल्याउनेमा विभिन्न पहल जारी नै रहेका छन् ।

६ – अहिले दक्षिण एसियाली क्षेत्रमा अमेरिका, चीन र भारतका बीचको त्रिकोणात्मक सङ्घर्ष अझ बढ्दै गएको छ । चीनले ल्याएको एउटा क्षेत्र एउटा बाटो ((द्यभित बलम च्यबम क्ष्लष्तष्बतष्खभ) का विरुद्ध अमेरिकाले हिन्द प्रशान्त रणनीति (क्ष्लमय(एबअषष्अ क्तचबतभनथ ) अगाडि सारेको छ । चीनले अघिसारेको रणनीति मूलतः आर्थिक र अमेरिकाले अघिसारेको रणनीति सैन्य पक्षसित सम्बन्धित रहेका छन् । भारत चीनप्रति भन्दा अमेरिका प्रति नरम देखिंदै आएको छ । यस स्थितिमा हालै चीनका राष्ट्रपतिको भारत भ्रमणको बेला उनले एकातिर एक्काइसौं शताब्दीँ एसियाली शताब्दी हुने तथा त्यसका लागि चीन-भारत सहयोग अनिवार्य रहने कुरा बताएर र अर्कोतिर दुई जोड एक (ध्थय उगिक यलभ) अर्थात् पहिले चीन तथा भारत मिल्ने अनि नेपाललाई मिलाउने भनेर भारतीय प्रधान मन्त्रीलाई आकर्षित गर्न खोजेका छन् । यी विषयप्रति हामी गंभीर हुनु जरुरी छ, हामी दुई जोड एक होइन त्रिपक्षीय ढङ्गले अगाडि बढ्न आवश्यक हुन्छ । नेपाल वस्तुतः राष्ट्रिय स्वाधीनता, असंलग्नता र सर्वहारा अन्तर्राष्ट्रियतावादप्रति प्रतिवद्ध हुन जरुरी छ ।

७ – हालै भारतको संसदद्वारा पारित नागरिकता संशोधन कानुनको विषयलाई लिएर भारतमा व्यापक रूपमा विरोध प्रदर्शन भइरहेका छन् । यस कानुनमा एकातिर ३१ दिसेम्बर १४ अघि भारतमा प्रवेश गरेका गैरमुस्लिम आप्रवासीलाई नागरिकता दिने तथा मुस्लिम समुदायलाई बहिष्कृत गर्ने र अर्कोतिर पूर्वोत्तर क्षेत्रमा बाह्य घुसपैठ गराई त्यहाँका जातीय समुदायको सांस्कृतिक पहिचानमा सङ्कट निम्त्याउने प्रावधान रहेका छन् । यसको असर नेपालमा पनि पर्न सक्छ । सारतः यो कानुन हिन्दु फासीवादको पक्षमा रहेको छ ।



८ – सिङ्गो नेपाल राष्ट्र र वैदेशिक प्रतिक्रियावाद – मुख्यतः भारतीय विस्तारवादका बीचको अन्तर्विरोध निरन्तर चर्कंदै गएको छ । यो अन्तर्विरोध एकातिर सन् १९५० तथा गोर्खा भर्तीकेन्द्रको स्थापना लगायतका असमान सन्धि संझौता, जलविद्युत लगायत प्राकृतिक स्रोत साधनमाथि गरिएको हस्तक्षेप, जनसङ्ख्या तथा सीमा अतिक्रमण, व्यापार तथा पारवहन समस्या आदि विषयहरुमा आधारित रहेको छ । हालै भारतले महाकाली पूर्व लिम्पियाधुरा, कालापानी तथा लिपुलेक सम्मको अखण्ड नेपाली भूभागलाई गाभेर नयाँ नक्सा बनाई आफ्नो प्रभुत्ववादी तथा हस्तक्षेपकारी चरित्रलाई निर्लज्ज रूपमा उजागर गरेको छ । कालापानी क्षेत्रमा भारतको सैन्य शक्तिले कब्जा जमाएर बस्दा र त्यसको जनताबाट बारम्बार विरोध भइरहँदा पनि विभिन्न समयका दलाल सरकारले त्यस तर्फ चासो दिएका छैनन् । स्मरण रहोस्, समग्र कालापानी क्षेत्रलाई भारतमा गाभेर भारतद्वारा बनाइएको नक्सा सरकारी कार्यालयमा टाँसिएकोमा गत वर्ष हाम्रो पार्टीले आन्दोलन संचालन गरेको थियो । अहिले भारतले नयाँ नक्सा बनाए पश्चात् त्यसका विरुद्ध देशमा जनआन्दोलन विकसित हुँदै गइरहेको छ । परन्तु वर्तमान सरकारले त्यस विषयलाई गंभीरतापूर्वक नलिई आफ्नो दलाली चरित्रको प्रदर्शन गरिरहेको छ । देशको राष्ट्रिय स्वाधीनताको प्रश्न भौगोलिक अखण्डता तथा सार्वभौमिकताका साथै आर्थिक, राजनीतिक तथा सांस्कृतिक पक्षसित पनि जोडिएको छ । यस प्रश्नमा एकातिर भारतीय विस्तारवाद र अर्कोतिर त्यसको दलाली गर्ने दलाल तथा नोकरशाही पुँजीपति र सामन्त वर्गीय राज्यसत्ता र वर्तमान सरकार सबै दोषी छन् । हामीले तिनका विरुद्ध सङ्घर्ष चलाउनु पर्दछ ।

९ – आम जनसमुदाय र दलाल तथा नोकरशाही पुँजीपति वर्ग र सामन्तवर्गको प्रतिनिधित्व गर्ने वर्तमान प्रतिक्रियावादी राज्यसत्ता तथा व्यवस्था बीचका अन्तर्विरोध पनि कायमै छन् र ती बढ्दै जान थालेका छन् । वर्तमान सत्ता, व्यवस्था र सरकारले मजदुर, किसान, महिला, दलित, आदिवासी जनजाति, मधेशी, मुस्लिम लगायत जनवर्गका हक अधिकारलाई कुण्ठित तथा अवरुद्ध गर्दै आएको छ । पहिचान सहितको सङ्घीयताको प्रश्न गंभीर बन्दै गएको छ । नेकपा विप्लव समूहलाई प्रतिबन्ध लगाइएको छ । विभिन्न आन्दोलनको प्रक्रियामा नेता, कार्यकर्ता, जनता आदिको गिरफ्तारी गर्ने यातना दिने, जेलमा हाल्ने काम हुँदै आएको छ । अहिलेको उपनिर्वाचनको बहिष्कार आन्दोलनमा पनि अनेकौं नेता, कार्यकर्ता तथा शुभेच्छुकहरुलाई गिरफ्तार गरी प्रहरी हिरासतमा राख्ने काम गरिएको छ । वस्तुतः संसदीय लोकतन्त्र जनताका लागि अधिनायकवाद र प्रतिगामीहरुको अभिजाततन्त्र बन्न गएको छ ।

१० – जनजीविकाका समस्या गंभीर बन्दै आएका छन् । बेरोजगारी, अभाव, गरिबी, भ्रष्टाचार, महङ्गी, कमिशनतन्त्र, करवृद्धि आदिले जनताको ढाड सेकिएको छ । विश्वविद्यालय जस्ता शैक्षिक संस्थाहरुमा व्यापारीकरण, शुल्कवृद्धि र भ्रष्टाचारका समस्या जटिल बन्न गएका छन् । वास्तवमा आज जनजीविकाको समस्या असीमित मुनाफा र आर्थिक असमानता, बेरोजगारी र भ्रष्टाचारमा अभिव्यक्त हुन गइरहेको छ ।

११ – पुरानो सत्ता तथा व्यवस्थाको संरक्षक तथा पक्षधर राजनीतिक शक्तिहरुका बीच पनि निरन्तर सङ्घर्ष चल्दै आएको छ । यो सङ्घर्ष मुख्यतः सरकारमा को जाने भन्ने विषयमा आधारित रहेको छ । साथै, उनीहरुका बीचको सङ्घर्ष वर्तमान संविधानलाई यथावतै राख्ने र पुनरुत्थानवादी वा साम्राज्यवादी-विस्तारवादी कोणबाट संशोधन गर्ने विषयसित पनि सम्बन्धित रहेको छ । हामीले सत्ताधारी वर्गका बीच विद्यमान अन्तर्विरोधहरुबाट फाइदा उठाउने तर्फ आवश्यक ध्यान दिनु पर्दछ । परन्तु, हाम्रो जोड वर्तमान सत्तामा सुधार होइन त्यसको विकल्पमा सङ्घीय जनगणतन्त्रको स्थापनाका निम्ति सङ्घर्ष गर्ने कुरामा हुनु पर्दछ ।

१२ – वस्तुतः आज वर्तमान कम्युनिस्ट नामधारी सरकारका विरुद्ध जनताको आक्रोश तथा असन्तुष्टि बढ्दै जान थालेको छ । साथै, वर्तमान सत्ता र व्यवस्था पनि आर्थिक, राजनीतिक तथा सांस्कृतिक रूपमा अनेकौं सङ्कटहरुको भुमरीमा फस्तै गएको छ । यसरी क्रान्तिको तयारीका लागि वस्तुगत आधार बलियो बन्दै जान थालेको छ । परन्तु, कम्युनिस्ट आन्दोलनलाई प्रभावकारी ढङ्गले अगाडि बढाउनका लागि अनेकौं चुनौतीहरु रहिआएका छन् । जनतालाई बदलिइरहने सरकारको मात्र होइन वर्तमान सत्ता र व्यवस्था समेतको विरोध र विकल्पमा उभिन र नयाँ जनवादी क्रान्तिको तयारी गर्न हामीले विशेष परिश्रम गर्नु पर्ने आवश्यकता छ । कम्युनिस्ट क्रान्तिकारीहरुलाई एकताबद्ध र जनतालाई सचेत तुल्याउनेबारे विशेष जोड दिनु पर्दछ ।

१३ – अहिले राष्ट्रियता, जनतन्त्र तथा जनजीविका र मुख्यतः राष्ट्रिय स्वाधीनताको रक्षा, सीमा अतिक्रमणको विरोध, कालापानीबाट भारतीय सेनालाई फिर्ता गर्ने प्रश्नलाई लिएर जनस्तरमा विरोध तथा आक्रोशका आवाजहरु उठिरहेका छन् । हामीले तिनलाई सही दिशा प्रदान गर्ने, सङ्घर्षलाई अगाडि बढाउने, आफ्नै पहलमा आन्दोलनको सञ्चालन गर्ने र मिल्न सकिने शक्तिसित मिली संयुक्त रूपमा जाने नीति अवलम्बन गर्नु पर्दछ । साथै हामीले पहिचान सहितको सङ्घीयताका साथै विभिन्न जनवर्गहरुका हक हित लगायत भ्रष्टाचार महङ्गी, वेरोजगारी आदि विषयलाई समेत समेटेर सङ्घर्षलाई अगाडि बढाउनु पर्दछ ।

*साभार : नेकपा (क्रान्तिकारी माओवादी)को केन्द्रीय मुखपत्र, पूर्णाङ्क १५, भाद्र २०७७*

## संक्षिप्त राजनीतिक प्रतिवेदन (असार २७, २०७७ मा आयोजित पीबी बैठकद्वारा पारित प्रस्तावको महत्वपूर्ण अंश)

**वर्तमान राष्ट्रिय राजनीतिक परिस्थितिको समीक्षा**

१. विश्वस्तरमा भूमण्डलीकृत साम्राज्यवादले आफ्नो प्रभुत्व र उत्पीडन जारी राख्दै आएको छ । भूमण्डलीकृत साम्राज्यवाद मूलतः एकाधिकारी वित्तीय पुँजीवाद, नव उदारवाद र नव उपनिवेशवादमा आधारित रहेको छ । दक्षिण एशियाली क्षेत्रमा भूमण्डलीकृत साम्राज्यवादका साथै मुख्यतः भारतीय विस्तारवादको हैकम तथा दादागिरी चर्ल्दै आएको छ । यो प्रतिवेदन मूलतः वर्तमान राष्टिय राजनीतिक परिस्थितिको संक्षिप्त समीक्षामा नै केन्द्रित रहेको छ । तर पनि यहाँ अन्तर्राष्ट्रिय परिस्थितिबारे पनि सन्दर्भ अनुसार चर्चा गरिने नै छ ।

२. दोस्रो विश्वयुद्ध पश्चात् ब्रिटिश साम्राज्यवाद भारतबाट फिर्ता भयो । प्रत्यक्ष उपनिवेशवादको सट्टा यस क्षेत्रमा पनि नवउपनिवेशको थालनी गरियो । त्यो बेला भारत एकातिर स्वयम् नवउपनिवेशवादी उत्पीडनमा पर्‍यो भने अर्कोतिर नेपालमा उत्पीडन गर्दै आएको ब्रिटिश साम्राज्यवादी विरासत भारतीय विस्तारवादले लिन पुग्यो । नेपाल भारत बीच सन् १९५० लगायतका थुप्रै असमान सन्धि संझौताहरु भए । यसै क्रममा भारतीय विस्तारवादद्वारा नेपाली भूभागमाथि अतिक्रमण तथा हस्तक्षेप गर्ने अर्को प्रक्रिया सुरु भयो र मातृका प्रसाद कोइरालाको शासनकालमा कालापानी लगायतका क्षेत्रमा भारतीय चेक पोस्ट राख्ने प्रक्रिया अघि बढ्यो ।

३. मोदी सरकारद्वारा नोभेम्बर २, २०१९मा भारतीय संविधानको धारा नं ३७० खारेजगरी जम्मु कस्मिर क्षेत्रको स्वायत्तता अपहरण गरियो । यसै क्रममा भारतीय विस्तारवादद्वारा सोही दिन अर्थात् २०७६ कार्तिक १६मा दार्चुला जिल्लाको लिम्पियाधुरा, कालापानी, लिपुलेक सहितको भूभागलाई आफ्नो देशमा गाभी नयाँ नक्सा सार्वजनिक गरियो । त्यस स्थितिमा हाम्रो पार्टीले त्यस कदमको विरोधमा वक्तव्य दिने र विरोध प्रदर्शन गर्ने कामलाई अगाडि बढायो । पार्टीले नक्कली नक्साको विरोधमा सक्कली नक्सालाई सार्वजनिक गर्‍यो र प्रचारात्मक रूपमा जनताको बीचमा पुर्‍याउने कामलाई तीव्रता दियो । देशका विभिन्न भागमा राष्ट्रिय स्वाधीनताको रक्षा अभियानलाई सञ्चालन गर्दै जाने काम भयो । कोभिड-१९ महामारीको जटिल अवस्थामा पनि स्वतन्त्र तथा संयुक्त रूपमा यथाशक्य आन्दोलनलाई अगाडि बढाइयो ।

४. हाम्रो पार्टीले भारतीय विस्तारवादद्वारा नेपाली भूभाग माथि गरिँदै आएको अतिक्रमण तथा हस्तक्षेपका विरुद्ध लामो समयदेखि निरन्तर संघर्ष गर्दै आएको छ । नेपाल सरकारले भारतीय शासकवर्गद्वारा बनाइएको नक्कली नेपाली नक्साको प्रयोग गर्दै आएकोमा त्यसका विरुद्ध सशक्त आवाज उठाउँदै तथा नेपालको वास्तविक नक्सा बनाई जनताको बीचमा पुयाउँदै आएको कुरा जग जाहेर नै छ । यसै क्रममा अन्ततः पार्टीद्वारा संयुक्त तथा स्वतन्त्र रूपमा सञ्चालित आन्दोलन, विभिन्न देशभक्त पार्टी तथा बौद्धिक व्यक्तित्वद्वारा सम्पन्न गतिविधि, स्वयं सत्ताधारी पार्टीभित्रकै देशभक्तहरुका क्रियाकलाप तथा आम जनदवावका कारण सरकारद्वारा २०७७ जेठ ५ गते देशको उक्त भूभागलाई समेटी नयाँ नक्सा सार्वजनिक गर्ने निर्णय लिइयो । तदनुसार नयाँ नक्सा सार्वजनिक गरियो र सदनद्वारा संविधानको नक्सा सम्बन्धी अनुसूची पनि संशोधन गरियो । हामीले यसलाई सकारात्मक रूपमा लिई आन्दोलनको उपलब्धि मान्नु पर्दछ र त्यसमा आफ्नो स्वामित्व समेत ग्रहण गर्नु पर्दछ । परन्तु, यसका आधारमा मात्र प्र.म. ओलीलाई देशभक्त मान्न सकिंदैन । किनभने उनी एकातिर राष्ट्रघातका विभिन्न घटना श्रृङ्खलासित जोडिएका छन् भने अर्कोतिर भारतद्वारा अतिक्रमित उक्त भूभागलाई फिर्ता गर्नका लागि कुनै उल्लेख्य पहलकदमी गर्न तथा तत्परता देखाउन सकिरहेका छैनन् । ओली सरकारको यस प्रकारको गैर जिम्मेवारीपनको हामीले दृढतापूर्वक विरोध गर्नु पर्दछ ।

५. नेपालका तर्फबाट लिम्पियाधुरा, कालापानी र लिपुलेकलाई समावेश गरी नयाँ नक्सा जारी गरे लगत्तै भारत सरकारद्वारा सो भूभागमा आफ्नै दावी रहेको कडा प्रतिक्रिया जाहेर गरिएको छ र वार्ता मार्फत् विवादको समाधान गर्ने नेपालको प्रस्तावलाई पनि लत्याइएको छ । त्यतिमात्र होइन भारतका कतिपय सरकारी सञ्चार माध्यमहरुले नेपालको राष्ट्रिय स्वाधीनताका विरुद्ध निरन्तर विषवमन गर्दै आएका छन् । यो भारतीय शासक वर्गको कूटनीतिक मर्यादा तथा मान्यता विपरीत गरिएको हर्कत र विस्तारवादी विचार प्रवृत्तिको अभिव्यक्ति बाहेक अरु केही होइन ।

६. उक्त भूभाग नेपालकै हो भन्ने विषयमा पर्याप्त प्रमाणहरु छन् । यस सन्दर्भमा ब्रिटिश-भारत तथा नेपालका बीच भएको सन् १८१६को सुगौली सन्धि, वि.सं २०१५ सालको संसदीय निर्वाचनमा त्यस क्षेत्रका जनताको सहभागिता तथा २०१८ सालमा गरिएको ती क्षेत्रको जनगणना, त्यहाँका जनताले भोगचलन गर्दै आएको तिरो बुझाएको रसिद लगायतका विभिन्न तथ्यहरु उल्लेखनीय रहिआएका छन् । यद्यपि सुगौली सन्धि गरिएको करीव ४ दशक पछि बृटिश-भारतद्वारा कालापानी क्षेत्रको एउटा भूभागमा कृत्रिम काली मन्दिर खडा गरी तथा त्यस क्षेत्रको तिरतिरे धाराबाट बगेको सानो खोल्सोलाई कालीनदी बताउने जालसाजीपूर्ण धृष्टता गरियो । परन्तु त्यो एकपक्षीय, सीमानदी सम्बन्धी अन्तर्राष्ट्रिय मान्यता विपरीत र तथ्य प्रमाणहरुका विरुद्ध भएको यथार्थ सुस्पष्ट छ । सन् १९६२को भारत चीन युद्ध पश्चात् किर्तिनिधि विष्ट प्रधानमन्त्री भएको समयमा कालापानी क्षेत्रमा राखिएको एउटा बाहेक सबै चेक पोस्टहरु हटाइयो । बाँकी एउटा सुरक्षा पोस्ट हटाउने लगायत सो क्षेत्रमा आफ्नो दावी गर्दै नेपालका देशभक्त तथा वामपन्थीहरुद्वारा बारम्बार आन्दोलन गरिँदै आएका छन् । १५ मई २०१५मा भारत र चीनका बीच नेपालसित कुनै सम्बन्ध नगरी लिपुलेकलाई द्विपक्षीय व्यापार नाका बनाउनका लागि गरिएको दुई पक्षीय सम्झौताको पनि हाम्रो पार्टी लगायत विभिन्न देशभक्त तथा वामपन्थीहरुद्वारा विरोध गर्ने काम हुँदै आएको थियो । स्मरण रहोस्, त्यसभन्दा पहिले चीनले पनि महाकालीपूर्व लिम्पियाधुरा सहितको भूभागलाई नेपालभित्र पर्ने कुरा स्वीकार गर्दै आएका तथ्य जीवितै छन् । यसरी हेर्दा, महाकाली पूर्व लिम्पियाधुरा, कालापानी, लिपुलेक सहितको भूभाग नेपालकै हो भन्ने यथेष्ट तथ्य प्रमाण हुँदा हुँदै पनि त्यसबारे गंभीर पहल नगर्नु तथा चासो नदेखाउनु सम्बन्धित समयका विभिन्न सरकारका गंभीर त्रुटी रहेका कुरा स्पष्ट नै छन् ।

७. त्यतिमात्र होइन, आज नेपालको राष्ट्रिय स्वाधीनता तथा सार्वभौमिकताको रक्षाको प्रश्नमा अमेरिकी साम्राज्यवादबाट पनि थप गंभीर प्रकारको खतरा पैदा हुन पुगेको छ । प्र.म. ओली र परराष्ट्रमन्त्री ज्ञवालीको मिलेमतोमा अमेरिकी सामरिक महत्वको हिन्द-प्रशान्त रणनीति अन्तर्गतको एमसीसी (:र्षीभिललष्क ऋजबीभिलनभ ऋयकउबअत) आर्थिक परियोजना संसदबाट वा अन्य कुनै तरिका अर्थात् अध्यादेश मार्फत् पारित गराउन पुरै कसरत हुँदै आएको छ । यस विषयमा नेकाको देउवा पक्ष तथा अन्य कतिपय दलहरुको समर्थन रहेको देखिन्छ । एमसीसी आर्थिक परियोजना पारित गरिएमा नेपालको स्वतन्त्र राष्ट्रिय पहिचान माथि गंभीर प्रश्नचिन्ह खडाहुने स्पष्टै देखिन्छ ।

८. अमेरिकाद्वारा एमसीसी परियोजनाका रूपमा दिइने आर्थिक सहयोग सामान्य प्रकारको सहयोग नभई हिन्द-प्रशान्त रणनीति अन्तर्गत सामरिक उद्देश्यमा आधारित रहेको, सो संझौताभित्र सडक मर्मत तथा विद्युत प्रसारणमा दिइने रकम अमेरिकाले तोकेभन्दा बाहेक अन्यत्र खर्च गर्न नसकिने तथा भारतसंग अनिवार्य स्वीकृति लिनुपर्ने जस्ता प्रवधान राखिएको, सो संझौतासंग बाझिने नेपाली कानुनलाई त्यसै संझौता अनुरूप बनाउनु पर्ने बाध्यता रहेको, एमसीसीको खाताको लेखा परीक्षण गर्ने अधिकार अमेरिकाकै हातमा रहेको, नेपालले अवलम्बन गर्दै आएको स्वतन्त्र परराष्ट्र नीतिमा गंभीर आँचपुग्ने देखिएको र यी लगायत सबै कुराबाट नेपालको स्वतन्त्र सार्वभौम राष्ट्रिय हैसियतमाथि गंभीर प्रकारको खतरा पैदाहुने भएकोले समग्रमा यस संझौताको अन्तर्वस्तु नेपालको स्वतन्त्र राष्ट्रिय पहिचान विरोधी तथा राष्ट्रघाती एवम् साम्राज्यवादी हस्तक्षेपमा आधारित रहेको स्पष्ट छ । तसर्थ, यस प्रकारको राष्ट्रघाती परियोजना खारेज गर्नु पर्दछ ।

९. हाम्रो पार्टीले एमसीसी सम्झौताको खारेजीका लागि निरन्तर आफ्नो अभिमत जाहेर गर्दै तथा आन्दोलनमा संलग्न हुँदै आएको छ । अहिले यो आन्दोलन हाम्रो पार्टीद्वारा स्वतन्त्र र पहिले दश तथा पछि एघार राजनीतिक दलहरुद्वारा संयुक्त रूपमा समेत सञ्चालन हुँदै आएको छ । प्र.म. ओलीको अमेरिकी कठपुतली गुट जसरी पनि यो संझौता पारित गराइछाड्ने षडयन्त्रमा लागेकोले त्यसका विरुद्ध प्रभावकारी तथा बृहत मोर्चा बनाई संघर्षलाई सशक्त रूपमा अगाडि बढाउन आवश्यक हुन गएको छ ।

१०. यसैबेला नेपाल कोभिड-१९को महामारीबाट पनि पीडित बन्नु परेको छ । यहाँ एकातिर स्वास्थ्य सुरक्षा तथा उपचारका समस्या गंभीर बन्दै गएका छन् भने अर्कोतिर मजदुर, सुकुम्बासी, हली, गोठाला, कमैया तथा न्यून वैतनिक कर्मचारी दैनिक गासवास तथा रोजगारीका समस्याले आहत बन्न पुगेका छन् । विदेशमा रोजगारीका लागि गएका नेपालीहरुको अवस्था पनि निकै दर्दनाक र संवेदनशील बन्दै गएको छ । सरकार यस प्रकारका समस्याप्रति अत्यन्तै गैर जिम्मेवार बन्दै आएको छ र स्वास्थ्य सामग्री खरिद प्रकरण जस्ता विषयमा पनि भ्रष्टाचारमा मुछिन पुगेको छ ।

११. देशमा कोभिड-१९ महामारीको गंभीर तथा संवेदनशील अवस्थामा पनि कैयौ क्रूर, अमानवीय तथा जनविरोधी घटना घटेका छन् । रुकुमको चौरजहारी क्षेत्रमा प्रेमविवाहको विरोधमा होनहार दलित युवाहरु लगायतको निर्मम हत्या गरिएको छ । क्वारेन्टाइनमा बसेको बेलामा पनि विभिन्न ठाउँमा महिला हिंसा तथा बलात्कारका आपराधिक गतिविधि भएका छन् । ललितपुरको खोकना क्षेत्रमा फास्ट ट्र्याक बनाउने निहुँमा सांस्कृतिक सम्पदा सहितको उर्वरा भूमि हडप्ने र संघर्षरत जनतामाथि निर्मम प्रशासनिक दमन चलाउने काम गरिएको छ । मजदुरहरुलाई व्यापक रूपमा पेशाबाट निकाल्ने, देशभित्र र विदेशवाट आएका युवाहरुलाई वेरोजगार बनाउने, किसानहरुलाई आवश्यक अनुदान, मलखाद, कृषिऔजार आदिबाट बञ्चित गर्ने, बजार व्यवस्थापन नगरी किसानद्वारा उत्पादित तरकारीलाई सडाउने लगायतका गतिविधि भइरहेका छन् । यसैबेला शिक्षा तथा स्वास्थ्यको व्यापारीकरणमा तीव्र बृद्धि भइरहेको छ । विद्यार्थीहरुबाट चर्को शुल्क लिने, शिक्षा तथा स्वास्थ्य क्षेत्रमा भ्रष्टाचार गर्ने काम भएका छन् । राष्ट्रिय पुँजीपति वर्गको हकहितका विरुद्ध दलाल पुँजीपति तथा मुनाफाखोर ठेकेदारहरुलाई संरक्षण दिने काम भइरहेका छन् । प्रबुद्ध बुद्धिजीवी, लेखक कलाकार, शिक्षक, प्राध्यापक, सांस्कृतिक कर्मी तथा प्राज्ञहरुको संरक्षण होइन दलाल तथा चाकरीवाज तत्वहरुलाई पोस्ने काम भएको छ । यसैबेला महंगीले आकाश छुँदै गइरहेको छ र अन्तर्राष्ट्रिय बजारमा *बाँकी ७ पेजमा*

# पन्ध्र बर्षपछि बन्दीपुरमा उभिँदा

*‘प्रिय शहीदहरु अव यो ब्यारेकको वरिपरि भड्किएर मलाई थप पिडा नदेउ । तिम्रो चित्कारले चयनको निन्द्रा कहिल्यै आएन । यो भड्किएको आत्मा लिएर जाउ तिमीहरु तिनीहरुको मा जो बर्षौं देखि चयनको गहिरो निन्द्रामा छन, जसले तिम्रा सपनाहरु माथि खेलवाड गरे, आफ्ना निहित स्वार्थका लागि विभिन्न गुट र उपगुटमा विभाजित भए । तिम्रो बलिदानीले आएको गणतन्त्रमा हालीमुहाली गर्नेहरुका हरेक दरबारमा जाउ अनि प्रश्न गर । हो, प्रिय शहीदहरु तिमीहरु अहिल्यै जाउ र तिम्रो अपमान गर्नेहरुको महलमा तिम्रो आत्माको बास गराउ । जवसम्म तिम्रो आत्माले शान्ति पाउने छैन, तिम्रो सपना पूरा हुने छैन ।’*

**● सुजन**



बैशाख महिनाको उखरमाउलो गर्मि, पश्चिममा डुब्न लागेको सूर्य रातो भईसकेको छ । सधैँ झैँ यो अग्लो सेन्ट्री पोष्टमा चल्ने सिर सिर हावाले पनि आज शितलता दिन सकेको छैन । एउटा अत्यासलाग्दो बिगत आज फेरि मलाई झक्झक्याउन आईपुगेको छ । टाढा टाढा सम्म नजर डुलाउँदै म पन्ध्र बर्ष अघिको त्यो भयानक दृष्य भिजुअलाईज गरिरहेछु ।

बैशाख २६ गते ठिक पन्ध्र बर्ष भएछ । सिरहाको बन्दिपुर स्थित तत्कालिन शाही नेपाली सेनाको सुरक्षा पोष्ट माथीको आक्रमण । हो, अहिले म यहिँ उभिएको छु । उभिन त म त्यस दिन पनि यसै स्थानमा उभिएको थिएँ । तर यतिका बर्ष पछिका उभ्याईहरुमा धेरै परिवर्तन आईसकेको छ । बन्दिपुरलाई सिञ्चित गर्दै बहने कमला नदिमा धेरै पानी बगिसकेको छ ।

त्यस बेला यो पोष्ट आक्रमण गर्न आउने म एउटा लडाकु आज यो सुरक्षा पोष्टको कमाण्डर हुँ । भाग्यले त्यस दिन बाँचे । बाँच्नु नै ठूलो कुरा रहेछ । कठै ति दिनमा बाँच्न भन्दा मर्न सुर्याउनेहरुले आज बन्दिपुरलाई शायद बिर्सिए । मलाई भने चाहेर पनि बिर्सिने छुट छैन आज । त्यो दिनलाई सम्झेर मन त्यसै कुँडिएको छ ।

दक्षिण तर्फ हेर्छु लमतन्न सुतेको नहर आज पनि त्यस्तै छ, जस्तो त्यस दिन सुख्खा थियो । उत्तरतर्फ पूर्व पश्चिम राजमार्ग उस्तै छ । टाढा टाढा उत्तरमा देखिने चुरे पहाड आज पनि दर्शक झैँ लाग्छ । त्यस दिन यतिबेला त्यहि चुरेको फेदि बाट कमला नदि तर्दै गर्दा दर्शक थियो त्यो पहाड । त्यहि पहाडको साँघुरो फेदि बाट बहने कमला नदि जव बन्दिपुर निस्कन्छ तव तराईको बिशाल फाँट हेरेर उत्साहित हुँदै समुन्द्र भेट्न दौडन्छ ।

त्यस नदिको बगरमा हजारौ संख्यामा पंक्तिबद्ध भएका युवा युवतीहरु साँझ पर्न लाग्दा नदि पार गर्दै गरेको दृष्य अहिले पनि स्मृतिका पानाबाट मेटिन सकेको छैन । अघि अघि लडाकु एसल्टहरु प्रसन्न मुद्रामा पंक्तिबद्ध भएका, पछि पछि एसल्ट टिममा पर्न नसकेकाहरु मन दुखाउँदै स्टेचर र बन्दोबस्ती सामानहरु बोकेर अघि बढिरहेको दृष्य अझै पनि मानसपटलमा झल्झली आईरहन्छ ।

थाहा थिएन त्यसबेला कसैलाई । भोली त्यो बाटो कति जना फर्कने छैनौं । मृत्यु सँग कुनै डर थिएन । कति ठूल्ठूला सपनाहरुसँग जीवनलाई साटिसकेका थियौं । कमाण्डरको एक बचनमा हाम फाल्न तयार थियौं । त्यो अदभूत शाहस सम्झेर फेरि एकपटक मन कुँडियो ।

घाम डुबिसकेको थियो । मन शान्त हुनै सकेन । साँझ परेपछि ब्यारेकको पेरिमिटर घुम्न निस्किएँ । नहर छेउमा पुगेपछि मन कुँडिएर आयो । जहाँ बटालियन सहायक कमाण्डर कमरेड फ्यूजन फाएरिङ्ग शुरु भएको केहि छिनमै मेरै सामु ढल्नु भएको थियो । टाउकोमा गोली लागेको थियो उहाँलाई । एसल्टको कमाण्डर नै शुरुमै गुमाएका थियौं हामीले ।

सुख्खा नहर त्यस रात कैयौं पटक ओहोर दोहोर गर्दाको याद उत्तिकै ताजै थियो । एकपटक नहरको बालुवामा हिँड्ने प्रयास गरेँ । त्यस नहरबाट घाईतेहरु पछाडी हटाउँदाको यादले फेरि चिमोट्यो । कति घाईतेले त्यहि नहरमा शहादत प्राप्त गरेका थिए । बन्दिपुरको यो सुख्खा नहर त्यस रात वीरहरुको रगतले लछ्प्पै भिजेको थियो ।

नहरबाट निस्किएर वायर अब्स्ट्र्याकल नजिकै पुगेँ । जहाँ बटालियन सह कमाण्डर कमरेड रक्तिम ढल्नुभएको थियो । नजिकै थियो सेन्ट्री पोष्ट बाट यो स्थान । सेन्ट्रीले मलाई देखेर सलाम गर्यो । शायद आफ्नो जिम्मेवारी क्षेत्रमा केहि कमजोरी भयो की भनेर त्रसित थियो उ । केहि भन्नै सकिँन मैले । गाह्रो थियो उसलाई बुझाउन । शायद पन्ध्र बर्ष अघि त्यो लडाँइको बेला उ भर्खर स्कुल जान थालेको हुँदो हो । बिचरा उसले कसरी बुझोस कमरेड रक्तिमहरुको रक्तिम इतिहाँस ।

पश्चिम तर्फ ढलेका कमरेड दिनेश, राम्जी सम्झेर मन उस्तै अमिलो भयो । दर्जनौ लडाँइमा वीरता प्रदर्शन गरेका ति अनुभवी कमाण्डर र दर्जनौ सहयोद्धाका सम्झनाले मन थामिएन ।

साँझ पर्नु अघि शहीदका सामूहिक चिहान तर्फ नजर लगाएँ । जहाँ लडाँई पछि यत्र तत्र छरिएका झण्डै तिन दर्जन बढी बहादुर योद्धाहरुका शबहरु एकै ठाँउमा पुरिएका थिए ।

अब त चिहान माथि खयरका बिरुवाहरु पनि ठूलै भईसकेछन । यस्तो लाग्थ्यो ति सबै शहीदहरु एक एक बिरुवा भएर उम्रिरहेका छन । अनि मलाई सामुन्नेमा देखेर प्रश्न गरिरहेछन ।

‘के हाम्रा सपनाहरु पूरा भए त ?’

ब्यारेक फर्कदै गर्दा उत्तर तर्फ अबस्थित पूर्व पश्चिम राजमार्ग बाट एक नजर आफ्नै पोष्ट तर्फ हेरेँ । उहि पुरानो तस्विर सँग तात्विक भिन्नता थिएन । एक पटक झस्किएँ पनि । उति बेला कैयौं पटक रात र दिनमा रेक्कि गरेर नक्शा तयार गर्दा , अनि जस्ताको तस्तै हु बहु बन्दिपुर पोष्टको आकृति सिन्धुलीको दमारमा उतार्नु अघि यो पोष्टलाई हेर्न कति क्यामोफ्लाइज र कन्सिलमेन्ट अपनाउनु पर्दथ्यो । त्यहि झझल्कोले एकपटक धड्कन बढ्यो । ब्यारेक भित्र नछिरुन्जेल लागिरहन्छ म रेक्कि नै गरिरहेको छु । आफैँलाई विश्वास लाग्दैन म नै त्यहाँको कमाण्डर हुँ ।

गेट नजिकैको त्यो पक्कि घर झण्डै आधा भत्किएको त्यस रात, त्यसको सानो छत बाट देखिने बिशाल तराईको फाँट र उत्तर तर्फका चुरे पहाड अनि त्यो पहाडबाट निस्कने कमला नदि हेर्दा लाग्छ अझै त्यहाँ वीरहरुका पाईलाहरु मेटिएको छैन । नमेटिने पाईलाहरु हुन ती । न पहिरोले मेट्न सक्ला, न त बर्षेनी कमलामा आउने बाढीले मेट्न सक्ला । ति वीरका पदचिन्हहरु इतिहासबाट हराउनै सक्दैनन ।

रात छिप्पिन लाग्दा सम्म मनमा कुरा बेस्सरी खेलिरहन्छन । समय परिबर्तनशील छ । ठिक पन्ध्र बर्ष अघि म यतिबेला कैयौ साथीहरु गुमाउँदै बत्तिमा पुतली हाम फाले झैं हाम फालिरहेको थिएँ । अहिले परिस्थिति ठ्याक्कै उल्टो छ । म यहाँको सुरक्षा कमान्डर हुँ । फर्केर ति दिनहरुलाई हेर्दा एउटा प्रश्नले सँधै घच्घच्याईरहन्छ ।

‘के पूरा भए त शहीदका सपनाहरु ? अनि तिनका आत्माले शान्ति पाए होलान ? यत्तिका लागि थियो यति ठूलो बलिदान ? ’ अनुत्तरित छन प्रश्नहरु ।

भाग्यले बाँचेकाहरु आज गुमनाम छन । पेट पाल्नकै लागि सडकपेटी देखि अरबका मरुभूमिमा बसेर धिक्कारीरहेका छन । पटक्कै मनमा संतोष मिल्दैन । नेता र कार्यकर्ताले देख्ने सपना नि फरक फरक हुँदारहेछन । यहाँ आफ्ना सपनाहरु पूरा गर्न अरुको सपनाको बलि चढाइँदोरहेछ । आफू बाँच्नलाई अरुलाई कभर बनाइँदो रहेछ ।

थाहा छैन फेरि अर्को पुस्ताका युवाहरुलाई यिनै सपनाहरुको ब्यापार गरेर कतिले नाफा कमाउने हुन कुन्नी । कति निर्दोष युवाहरुलाई यसरी नै प्रयोग गरिरहनेछन । सम्झेर निकै भावुक बन्छु म ।

सेन्ट्रीले बाह्र बजेको घण्टी हान्छ । म जबर्जस्ती निदाउने कोशिस गर्छु । तर अहँ निन्द्रालाई धकेल्दै यादहरु उसैगरि तँछाड र मछाड गरि आईरहेकाछन । त्यत्तिका साथीहरु गुमाएर सैयौं घाईतेहरु बोकेर उज्यालो हुँदा एम आइ सत्र हेलिकप्टर सँग लुकिछिपी गर्दै चुरेको जंगल छिरेको भर्खर जस्तो लाग्छ । रातभरको लँडाई, थुप्रै सहयोद्धा गुमाउँदाको वियोग, थकित शरिर, भोक, प्यास, कमला नदिको उत्तरतर्फ बाट घेराबन्दी, जंगलभर दुई सय भन्दा बढी घाईतेको बिस्कुन अनि साथमा थिए गोली बिनाका खाली राईफलहरु ।

दिनभर घाईतेको पिडा हेरेर रातको प्रतिक्षा गर्नु बाहेक अर्को बिकल्प थिएन । कम्पनी कमाण्डर कमरेड शक्ति लगाएत केहि घाईतेलाई जंगलमा श्रद्धाञ्जली दिएको यादले मन उस्तै भक्कानिन्छ ।

यस्ता कैयौं दर्दनाक पीडा भोग्ने ति योद्धाहरु जसले त्यो भयानक संकटको सामना गरे आज पेट पाल्नकै लागि खाँडीको चर्को गर्मिमा श्रम गरिरहँदा अनि घाईतेहरु उपचारका लागि सामाजिक संजालमा याचना गरिरहँदा त्यो दिन सम्झेर कस्तो अनुभूति गर्लान ? कति बाल सिपाँहीको रगत बग्यो त्यस रात । आज अयोग्यका नाममा बिटुलिएका बाल सिपाँहीहरु सोह्र सत्र बर्षे उमेरका ति दिनहरु सम्झेर कस्तो मनोविज्ञानमा बाँचिरहेका होलान ?

अनि शहीदका आत्माले शान्ति पाउलान त ? भौतिक शरिर ढले पनि तिनका आत्माहरु कुनै न कुनै रूपमा भड्किरहनेछन । जवसम्म तिनका सपनाहरु पूरा हुनेछैनन् । एकपछि अर्को शहीदका तस्विरहरु सम्झनामा आईरहेका छन । बत्ति निभाएर म निदाउने कोशिस गर्छु ।

उ पर शहीदको सामुहिक चिहान नजिकै बलेको पिलपिल बत्तिले म झस्कन्छु । बिस्तारै त्यो बत्तिको संख्या एकाएक बढिरहेको छ मध्य रातमा । ध्यानपूर्वक नियालिरहन्छु म । एक हुल मानिसहरु त्यस चिहानको वरपर हर्कत गरिरहेकाछन । मुटुको धड्कन बढिरहेको आभाष हुन्छ मलाई ।

मध्यरातमा चिहानमाथि कसले किन हर्कत गर्ला ? कुनै उत्तर नै छैन म संग । मृत्युपछिको अस्तित्वको कुनै विश्वास नगर्ने म अव विवश थिएँ त्यसलाई स्विकार गर्न । किनकी त्यो त अव मेरा आफ्नै आँखाले प्रस्ट देखिसकेको छ । एकएक गर्दै एउटा लावा लस्कर निस्किरहेछ । त्यो लस्कर बिस्तारै हाई वे तर्फ प्रस्थान हुन्छ । म नजरले तिनीहरुलाई पछ्याईरहन्छु । हाई वे मा निस्किएपछि तिनीहरु हाम्रै ब्यारेक तिर आईरहेकाछन । फाट्टफुट्ट चलेको गाडीको प्रकाशमा म प्रष्ट देखिरहेको छु उस्तै लस्कर, उस्तै हतियारधारीहरु जो बर्षौ बर्ष अघि कमलाको बगरै बगर यहि ब्यारेक आक्रमणको लागि अघि बढेको थियो ।

म आत्तिएर ब्यारेकमा स्टान्ड टु लगाउँछु । मेरो सबै टुकडी सम्भावित आक्रमणको प्रतिरक्षा गर्न तयारी अबस्थामा छ । केवल फाएरको लागि आदेश पर्खन निर्देशन दिन्छु म ।

त्यो लस्कर ब्यारेकको गेटअघि आएर टक्क अडिन्छ । एउटा सिपाँही मेरो कानमा साउती गर्छ, ‘सर मलाई धेरै डर लागिरहेछ । उ ती केटीहरु त मैले दक्षिणी पोष्टमा सेन्ट्री बस्दा कतिपटक देखेको थिएँ । अस्ति राती रुँदै हिँडेका यिनीहरु नै हुन ।’

नियालेर एकोहोरो हेर्छु म प्राय सबै उहि अनुहारहरु छन जो सम्झनामा आईरहन्छन । उस्तै निर्दोष छ उनिहरुको अनुहार, उस्तै कमरेडली छ व्यवहार, उस्तै छ तिनिहरुको पोशाक जुन बर्षौ अघि देखि मेरो तस्विरमा छ ।

कुनै हलचल गर्न सक्दिन म । न मेरो मुखबाट नै आवाज निस्कन्छ । उभिएको उभिएकै हुन्छु म । एकसाथ उनिहरु नै बोल्न शुरु गर्छन ।

‘सुजन कमरेड हामी ब्यारेक आक्रमण गर्न आएका होईनौ । हामीलाई बिर्सनु भयो होला अव त । तर हामीले बिर्सिन सकेका छैनौं । हामी भड्किएका आत्माहरु हौं । हामीले आफ्नो शरिर बलिदान गरेको आज पन्ध्र बर्ष भयो । तर यी पन्ध्र बर्षमा चिहानमा पटक्कै शान्ति मिलेन । हाम्रो आत्माले शान्ति पाएन । अनि हामी हाम्रो शरिर ढलेको यो स्थानमा पन्ध्रौं स्मृतिमा भड्किएर आईपुगेका हौं । जवसम्म हाम्रा सपनाहरु पूरा हुने छैनन तव सम्म यसरी नै हाम्रो आत्मा भड्किरहनेछ ।’

मेरा सिपाँहीहरु उभिएका उभिएकै हुन्छन । लाग्छ तिनिहरुका ज्ञानेन्द्रियहरुले काम गरिरहेका छैनन । मेरो भने अघि सम्मको भयानक त्रास कम भैसकेको छ । शाहस जुटाएर सहानुभूतिपूर्वक सम्बोधन गर्छु म ।

‘प्रिय शहीदहरु अव यो ब्यारेकको वरिपरि भड्किएर मलाई थप पिडा नदेउ । तिम्रो चित्कारले चयनको निन्द्रा कहिल्यै आएन । यो भड्किएको आत्मा लिएर जाउ तिमीहरु तिनीहरुको मा जो बर्षौ देखि चयनको गहिरो निन्द्रामा छन, जसले तिम्रा सपनाहरु माथि खेलवाड गरे, आफ्ना निहित स्वार्थका लागि विभिन्न गुट र उपगुटमा विभाजित भए । तिम्रो बलिदानीले आएको गणतन्त्रमा हालीमुहाली गर्नेहरुका हरेक दरबारमा जाउ अनि प्रश्न गर । हो, प्रिय शहीदहरु तिमीहरु अहिल्यै जाउ र तिम्रो अपमान गर्नेहरुको महलमा तिम्रो आत्माको बास गराउ । जवसम्म तिम्रो आत्माले शान्ति पाउने छैन, तिम्रो सपना पूरा हुने छैन ।’

‘टङ‘.टङ‘टङ‘टङ ’ चार बजेको घण्टीले म झसङ्ग ब्युँझन्छु ।

कस्तो सपना देखेँ । पसिनाले लुथ्रूपप भिजेछु । उठेर बत्ति बाल्छु अनि बाहिर निस्कन्छु । सडक उस्तै शान्त छ । विहानीपखको चिसो सिरेटोमा शीतल महशुस गर्छु म । फाट्ट फुट्ट सडकमा गुडेका गाडीको प्रकाशमा शहीदहरुको सामुहिक चिहानतर्फ नजर पुर्याईरहन्छु । ठिक पन्ध्र बर्ष अघि यतिनै बेला उनिहरुका यत्रतत्र छरिएका भौतिक शरिरहरु सँधैलाई छाडेर फर्किएको यादले मन थाम्नै सक्दिन, भक्कानिन्छ ।

पूर्वि क्षितिजबाट केहि उज्यालो फैलिरहेको छ । उ माथि चुरे पहाडमा त्यसबेला फर्कदै गर्दा देखिएको जस्तै ठम्याउन सक्ने गरि उज्यालो छरिसकेको छ । सामूहिक चिहानमा बढ्दै गरेका खयरका रुखहरु हेर्दै भड्किएका ति आत्माहरु सम्झेर म प्रश्न खेलाईरहेको छु ।

भड्किएका आत्माहरुले कहिले शान्ति पाउलान ?

कहिले पूरा होलान शहीदका सपनाहरु ??

*२७ बैशाख २०७७, बन्दिपुर, सिराहा*

## कविता

### धर्म



● मित्रलाल पंज्ञानी ●

आशा मर्यो, आत्महत्या गरौँ गरौँ लाग्यो
किन बाँच्ने बेकारमा ? मरौँ मरौँ लाग्यो
त्यसै बेला यौटा मान्छे सँगी बन्न आयो
बाँच्ने इच्छा जगाएर प्रेम-गीत गायो–

‘बत्ती बालौँ, अँध्यारोमा देखिँदैन दैलो
क्रान्तिबिना बढारिन्न समाजको मैलो
संसारमा मानवता जाग्नुपर्छ अब
क्रान्तिकारी एकतामा लाग्नु पर्छ अब’
हिर्दयमा घोलिएर कल्याणमा बग्यो

माया गर्यो, ‘म’लाई जोडी ‘हामी’सित लग्यो
रस लाग्न थाल्यो मलाई दुःख पर्दा पनि
जिन्दगीको नौलो पाठ पढेँ आज भनी

‘वृक्ष रोपौँ’ भन्न थाल्यो, बेर्ना बोकी ल्यायो
‘पढ्ने थलो यस्तो रचौँ’ भन्न धरि भ्यायो
‘बाटो कता ?’ अल्मलमा परिरा’को बेला
बाटो भन्न झुल्किएका चैतन्यका चेला !

‘गुनी तिमी ! तिम्रो गुन तिर्छु’ भन्दाखेरि
उल्टै उनी फर्किआए गुनै थप्न फेरि

ठुलो अर्थसंकटले घेरिरा’को दिन
उनी आए अर्थ बोकी के धर्मले ? किन ?
धर्म मान्न परे मैले त्यै गुणलाई मान्छु
जानै परे त्यै मनको मन्दिरमा जान्छु

# ‘खण्डहर कोइलवास’मा साहित्यिक जागरण अभियान

## साहित्यमा बर्गपक्षधरता हुने



**● ईश्वरी प्रसाद गैरे**

दाङ । दाङस्थित ‘ऐतिहासिक नाका’ कोइलाबासमा ‘साहित्य जागरण अभियान’ कार्यक्रम भएको छ ।

आइतवार प्रगतिशिल साहित्य परिवार तुल्सीपुरले कार्यक्रम आयोजना गरेको हो ।

कार्यक्रममा राष्ट्रिय स्वाधीनता , जनतन्त्र र जनजिविकाको विविध पक्ष र कोइलावासको ईतिहास एंव बिकृति बिसंगतिका बिरुद्ध सर्जकहरुले सिर्जना प्रस्तुत गरे ।

कार्यक्रममा प्रमुख अतिथि ईच्छुक स्मृति प्रतिष्ठानका अध्यक्ष तथा प्रगतिवादी साहित्यकार एंव लेखक हिरामणी दुखीले कोइलावास संगको आफ्नो अनुभुतिका साथै कृष्ण सेन ईच्छुक प्रति समर्पित कवितावचन गरे । बरिष्ठ पत्रकार समेत रहेका दुखीले प्रगतिशिल साहित्य र साहित्यमा बर्गपक्षधरता हुने बताए ।

प्रगतिशिल लेखक संघका पूर्वअध्यक्ष रामप्रसाद जैसी पहिलेको कोइलावास र अहिलेको खण्डहर कोइलावासबारे रचना पस्किए ।

कार्यक्रममा साहित्यकार तथा सर्जकहरु प्रमोद धिताल ,छविलाल कोपिला,दिपक समीर,यम रेग्मी,निमबहादुर थापा,राधिका परियार,टिका बस्नेत, धुब्ररत्न तुलाधर, एमपी रत्न तुलाधर,गुरु प्रसाद बुल बुल, मनोज थापा मगर, सुदृष्टि लक्ष्मी, रमा नेपाली र ईश्वरी प्रसाद गैरे लगायतले अनुभुति रचना तथा भावना ब्यक्त गरे ।

कार्यक्रम प्रगतिशिल साहित्य परिवार तुल्सीपुरका अध्यक्ष खगेश्वर भण्डारीको अध्यक्षता सहसचिव दुर्गा विकको संचालनमा भएको थियो ।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।

**खोटाङ यातायात प्रा.लि.**

काठमाडौंबाट- **हलेसी,**
ऐसेलुखर्क, बाक्सीला, भोजपुर,
ओखलढुंगा, सोलु जानु परेमा
हामीलाई सम्झनुहोस् ।

**सम्पर्क–**

कोटेश्वर- ०१४६०१६८०
९८५१२४५६८०
चाबहिल- ९८५१२४५६८०
दित्केल- ०३६४२०६७३, ०३६४०२०६८०

## युगदर्शनको...

पर्यौं । मूख्य निर्णयात्मक महत्वकको कुरा केन्द्रीय समितिको मतदान नै थियो र श्रीसको मत परिवर्तनले नै हाम्रो पक्ष अल्पमतमा परेको थियो ।' उहाँको उपरोक्त भनाइले पहिले 'मध्यपंथी कमजोरी छ ' भन्ने वारेमा केन्द्रीय समितिमा बहुमत थियो,क.भक्तबहादुर आएपछि मत बराबर भयो र मैले मत परिवर्तन गरे पछि उहाँहरु अल्पमतमा पर्नु भयो भन्ने देखाउँछ । तर तथ्यहरूले उहाँको भनाईलाई पुष्टि गर्दैन । उहाँको अन्तरवार्ता बारे मैले टिप्पणी गर्दा त्यति बेलाको 'अन्तरीम मतभेदका दस्तावेज' भन्ने पुस्तिका प्रयाप्त छ , त्यस पुस्तिकामा आफ्नो फरक मत 'मध्यपन्थी कमजोरी बारे' भनेर क. मोहन जी लगायत तीन जना केन्द्रीय सदस्यहरूले प्रस्तुत गर्नु भएको छ भने त्यसको विपक्षमा दशजना केन्द्रीय सदस्यहरू छन् । एकातिर तीन जना अर्कातिर दश जना हुँदा कसरी मेरो मत निर्णयक भयो ?' भनेर मैले लेखेको थिएँ । तर उहाँले आफ्नो भनाईमा अडिग रहेपछि अव मैले त्यस बारे अलि प्रस्ट पार्न चहान्छु । । त्यसबेला पार्टी भित्रको मतभेदलाई छलछफलको लागि तल सम्म लैजान 'अन्तरीम मतभेदका दस्तावेज' भन्ने एउटा पुस्तिका तयार भएको थियो । त्यो पुस्तिकामा केन्द्रीय कार्यालयको तर्फबाट २०४१ भदौं ४ गर्ते को मितिमा आफ्नो भनाई राखिएको छ । त्यतिबेला महामन्त्री क. चित्रबहादुर के.सी. हुनुहुन्थ्यो । त्यो पुस्तिकाभित्र ' मध्पंथी कमजोरी बारे' भन्ने शिर्षकमा एउटा दस्तावेज छ र त्यसको आखिरीमा त्यो दस्तावेजको पक्षका केन्द्रीय सदस्यको नाम उल्लेख छ । ती नामहरू हुन (१) रणबहादुर (२) श्रीधर (३) अनन्त । त्यही पुस्तिका भित्र 'मध्यपन्थी कमजोरी कि गल्तीको ढाकछोप ?' भन्ने अर्को दस्तावेज छ । त्यस दस्तावेजको आखिरिमा त्यो दस्तावेजको पक्षमा रहेका केन्द्रीय सदस्यको नामावली छ । ती नामहरू हुन (१) दुरा, (२)अरुण, (३) मानबहादुर , (४) दमन, (५) दीपक , (६) विश्वास, (७) पूर्ण भद्र, (८)रणधीर । अनुपस्थित (१) रेशम, (२) समर । यो तथ्यले 'मध्यपंथी कमजोरी छ'भन्ने पक्ष्यमा तीन जना र त्यसको बिपक्षमा दश जना केन्द्रीय सदस्यहरु थिए भन्ने देखाउँछ । यो तथ्यबाट के प्रष्ट हुन्छ भने मैले मोहन जीको पक्षमा मतदान गरेको भए पनि उहाँको पक्षमा चार जना र विपक्षमा नौ जना हुने रहेछ । त्यसकारण, 'श्रीसको मत परिवर्तनले नै हाम्रो पक्ष अल्पमतमा परेको थियो ।' भन्ने उहाँको दावी गलत छ । यसलाई काट्ने अर्को तथ्य प्रस्तुत गर्नु हुन्छ भने त्यतिबेला पुनर्विचार गर्न सकिने छ ।

***२) मसाल पक्षलाई क्षती पुगेको सम्बन्धमा***

उहाँले आफ्नो स्पष्टिकरणमा भन्नु भएको छ 'केन्द्रीय समितिमा दुवै पक्षका बराबर सदस्यहरू भएको अवस्थामा मसाल पक्षका नै श्रीसको नेतृत्वमा बनेको कथित तेस्रो धारले मसाललाई कति धेरै क्षति पुगेको थियो ? त्यो कुराको कसैले पनि सजिलै सित अनुमान गर्न सक्छ ।' यसरी हामीलाई उहाँले जे आरोप लगाउनु भएको छ , तथ्य र यथार्थमा जाँदा त्यो आरोपको उल्टो स्थिति हुन्छ । अब हामी यथार्थ र तथ्यमा जाउँ । तत्कालीन नेकपा (एकताकेन्द्र-मसाल)मा तेस्रो धार किन र कसरी निर्माण भयो ? म त्यसको पृष्ठभूमितिर जान्न किनभने विषय लामो हुन्छ । आवश्यक परेपछि जान सकिन्छ । भारतको लखनऊमा बसेको केन्द्रीय समितिको बैठक २०६२/०१/१५-१६ मा तीनवटा राजनीतिक प्रस्तावहरू (एउटा महामन्त्रीको, एउटा सह-महामन्त्रीको र अर्को म लगायत ८ जना केन्द्रीय सदस्यहरूको) औपचारीक रूपमा प्रस्तुत भए । त्यो वैठकमा ती प्रस्तावहरूको बारेमा कुनै निर्णय भएन । अर्को बैठकमा त्यस बारे निर्णय गर्ने भनी बैठक समापन गरियो । केन्द्रीय समितिको अर्को बैठक हुनुभन्दा पहिलेनै हाम्रो पहलमा हाम्रो राजनीतिक प्रस्ताव र मोहनजीको राजनीतिक प्रस्तावलाई मिलाएर एउटा प्रस्ताव बनाईयो । अव हामी सँग दुईवटा प्रस्ताव रहे एउटा हामी र मोहनजी मिलेर बनाएको प्रस्ताव अर्को सहमहामन्त्री प्रकासजीको प्रस्ताव । हामी आठ जना केन्द्रीय सदस्यहरु मध्य एकजना पूर्व एकताकेन्द्र पक्षका क. चित्रबहादुर आले हुनुहुन्थ्यो । त्यसकारण हामी र मोहनजी पक्ष मिलेर बनाएको प्रस्तावको पक्षमा १७ जना थियौ भने प्रकासजीको प्रस्तावको पक्षमा १५ जना थिए । केन्द्रीय समितिको बैठक सुरु भयो तर उहाँले हाम्रो समर्थन सहितको आफ्नो प्रस्तावलाई पारित गराउन मोसनमा लैजान प्रयत्न गर्नु भएन । बैठक फेरी पनि त्यतिकै समापन गरियो । यो तथ्यले उहाँले केन्द्रीय समितिमा दुवै पक्ष बराबर भएको अवस्थामा मसाल पक्षलाई कमजोर पारियो भन्ने जुन आरोप लगाउनु भएको छ त्यो आरोपको खण्डन गर्दछ । हामीले त पूर्वएकताकेन्द्र पक्षका साथीलाई पनि ल्याएर उहाँको पक्षमा बहुमत (३२ जनामा १७ जना) बनाएका थियौं । यसरी हाम्रो कारणले होइन कि उहाँको कारणले मसाल पक्षलाई क्षति पुगेको थियो ।

***३) मसालमा फुट परेको सन्दर्भमा***

उहाँले आफ्नो स्पष्टिकरणमा भन्नु भएको छ, 'द्वितीय हामीले मसाललाई पुनर्स्थापना गर्ने विचार गरे पछि उहाँले मसाललाई नै फुटाउने नीति अपनाउनु भयो । तृतीय मसाललाई फुटाएपछि उहाँले आफ्नो बेग्लै संगठन निर्माण गर्नु भयो ।' त्यस्तै स्पष्टिकरणको अर्को ठाउँमा भन्नु भएको छ, ' उहाँले आफुलाई पार्टीमा फुटपार्ने प्रयत्नका विरुद्ध भएको कुरा बताउनु भएको छ तर त्यो कुरा स्वयं उहाँको भनाईले बताउँछ, एकताकेन्द्र सित अलग हुने कुरासम्म मात्र सिमित थियो तर मसाललाई फुट पार्ने विषयमा उहाँ पुरै कस्एिर लाग्नु भएको थियो ।' जसरी उहाँले हामीलाई पूर्व मसालमा फुट पारेको भनेर जे आरोप लगाउनु भएको छ त्यो झुटो आरोप मात्र हो । प्रकासजीसँग त तत्काल अलग हुनुहुन्न भन्ने हामीले पूर्व मसाललाई फुटाउने कुरा त सोंचन पनि सकिन्नथ्यो । राजनीतिक विषयमा उहाँसँग केही मतभेद भए पनि ती मतभेदहरु फुटहुने स्तरमा विकसित भैसकेका थिएनन् । त्यसकारण मोहनजीले भने जस्तो पूर्वमसालमा फुटपार्ने पक्षमा हामी थिएनौ । तथ्य र धटनाक्रमहरुले उहाँको आरोपको खण्डन गर्दछ र पूर्व मसालमा उहाँले नै सांगठानीक रूपमा फुट पारेको कुरा प्रष्ट हुन्छ ।

एउटा कम्युनिस्ट पार्टीमा विभिन्न विचारहरू, मतहरू हुन सक्दछन र हुन्छन् । पार्टीमा अलग अलग विचारहरू, मतहरू हुँदैमा पार्टीमा फुट हुँदैन । तर पार्टी भित्रका विचार मिल्ने व्यक्तिहरू मिलेर जब त्यसलाई संगठनात्मक रूप दिएर फरक कार्यक्रम दिन्छन् तब पार्टीमा फुट हुन्छ । जसले यो काम पहिले गर्दछ उसले नै पार्टीमा फुट ल्याएको हुन्छ । त्यसलाई फुट, विद्रोह आदि नामले सम्बोधन गरेको पाईन्छ । उहाँहरूले २०६२ साल मंसिरमा पूर्व मसाल पक्षमा पनि आफ्नो गुटको मात्र कोअर्डिनेशन कमिटी बनाएर त्यसको संयोजक पनि आफै भएर आफ्नै पार्टीसँग न सम्बन्ध न सम्बन्धविच्छेदको नीति अपनाउँदै अलग कार्यक्रम गर्दै हिडुन भयो । उहाँहरूले जिल्ला जिल्लामा .पनि कोअर्डिनेशन.कमिटि बनाउँदै हिड्नु भयो । एकताको लागि लामो प्रयास गर्दा पनि उहाँहरू नमाने पछि उहाँहरूले कोअर्डिनेशन कमिटि बनाएको नौ महिना पछि २०६३ साल भदौ महिनामा.हामीले अलग पार्टी गठन गरेका हौं । यी तथ्यहरूबाट हामीले होइन कि उहाँले नै पूर्वमसाल पक्षमा फुट पार्नु भएको थियो भन्ने कुरा प्रष्ट हुन्छ ।

निश्चित रूपमा नेकपा(एकताकेन्द्र-मसाल)लाई फुटाएर विधटित मसाललाई पुनर्गठन गरौं भन्ने उहाँको विचारसँग हाम्रो असहमती थियो । अर्थात हाम्रा विचमा फरक मतहरू थिए । तर ती फरक मतलाई सगठित रूप दिएर अलग कार्यक्रम घोषणा गर्ने काम सर्वप्रथम हामीले होइन उहाँले नै गर्नुभयो । तैपनि हामी आतिएनौं । हामीले उहाँलाई कोअर्डिनेशन कमिटि विधटन गर्न अनुरोध गरि नै रह्यौं । बि.स. २०६३ साल जेठ १९ गते बुटवलमा केन्द्रीय समितिको बैठक बस्यो । त्यो बैठकमा पूर्व एकताकेन्द्र पक्षका क. चित्रबहादुर आले, क. सोनाम साथी र क. धर्मचन्द्र लावति पनि उपस्थित हुनु हुन्थ्यो । तत्कालिन राजनीतिक परिस्थितिमा अन्तरीम सरकारमा सहभागी नहुने कुरामा क. धर्मचन्द्र लावती वाहेक हामी सवै सहमत थियौं । साथै हामीले कोअर्डिनेशन कमिटिको विगठन गर्नुपर्दछ भन्ने माग राखेका थियौं । हाम्रो माग अनुसार कोअर्डिनेशन कमिटी विधटन गरेर सरकारमा सहभागि नहुने निर्णय गरेको भए पूर्वमसालमा फुट हुने थिएन । तर उहाँले कोअर्डिनेशन कमिटि विगठन गर्न मान्नु भएन । कुनै निर्णय नगरी केन्द्रीय समितिको बैठक समापन गर्नुभयो । ३२ जनाको केन्द्रीय समितिमा १९ जना उपस्थित हुँदा पनि पार्टीमा कुनै अधिकारीक निर्णय नगराई कोअर्डिनेशन कमिटिको तर्फबाट कार्यक्रम बनाएर हिड्नुले उहाँले नै पूर्व मसालमा फुट पारेको प्रष्ट हुन्छ ।

***४- पार्टी पुरै नै माओवादीमा जाने सम्भावना बारे***

उहाँले स्पष्टिकरणमा भन्नु भएको छ 'यदि उहाँको नीति अनुसार हामीले नेकपा(मसाल) को पुनस्थौपना गर्ने नीति नअपनाएको भए हाम्रो पार्टी पुरै नै माओवादीमा जाने सम्भावना थियो ।' उहाँले यहाँ सम्भावनाको कुरा गर्नुभएको छ । सम्भावनाको कुरा त धेरै थिए । पछि प्रकाशजीहरूले माओवादीसँग पार्टी एकता गर्दा साध्यबहादुर भण्डारी र भरत दाहाल त्यो एकता प्रक्रियामा सामेल भएनन् । यस घटनाले के बताउँछ भने (एकताकेन्द्र-मसाल)लाई नफुटाएको भए केन्द्रीय समितिको बहुमत माओवादीमा नजाने सम्भावना पनि त देखियो । अर्को तिर माओवादीमा नजानकालागि विधटित मसाल पुनर्गठन गर्ने उहाँलाई सहयोग गर्ने पि.वि.एम., सी.सी.एम.हरू पनि त पार्टी बनाएर माओवादीमा गए । यसकारण एकता र ध्रुवीकरणका कुराहरू पूर्व पार्टीको आधारमा होइन नयाँ नीति र राजनीतिक कार्यदिशाको आधारमा हुन्छ ।

***५- बाममोर्चामा सामेल नभएको सन्दर्भमा***

स्पष्टिकरणमा उहाँले भन्नु भएको छ, ' त्यो बेला नेका सित पनि सहकार्य गर्ने हाम्रो नीति थियो भने बाममोर्चामा सामेल नहुने नीति अपनाउने भन्ने प्रश्न नै उठ्दैन थियो तर साहना प्रधानको कारणले नै त्यसमा हामी सामेल हुन सकेका थिएनौं ।' यहाँ उहाँले मुख्य रूपमा साहना प्रधानका कारणले नै बाममोर्चामा सामेल हुन नसकेको कुरा गर्नु भयो । त्यतिबेला उहाँ नै महामन्त्री हुनुहुन्थ्यो । वार्तामा को को थिए ? के कस्ता प्रस्तावहरू आए ? त्यस विषयमा साहना प्रधान अहिले नभए पनि उहाँको पार्टीसँग सम्बन्धित व्यक्तिहरूसँग बुझ्दा सत्य तथ्य वाहिर आउला तर एउटा के कुरा प्रष्ट छ भने त्यतिबेला हाम्रो पार्टी र बाममोर्चाको कार्यनीतिक नारा मिल्दैन थियो । बाममोर्चाको आन्दोलनको मुख्य नारा पञ्चायती व्यवस्थाको अन्त र बहुदलीय व्यवस्थाको पुनस्थापना थियो र त्यसैको आधारमा नेका सँग मोर्च कायम गरेको थियो । हाम्रो पार्टीको भने पंचायती व्यवस्थाका विकल्पमा बहुदलीय व्यवस्था हुँदैन भन्ने थियो । जस्तो २०४६ सालको जनआन्दोलन सुरु हुनु भन्दा ठीक अगाडी २०४६ साल पुसमा केन्द्रीय संगठन समितिको विस्तारित बैठकले पारित गरेको राजनीतिक प्रस्तावमा भनिएको छ ' हाम्रो पार्टीको यो स्पष्ट दृष्टिकोण छ कि वर्तमान राजतन्त्र र पंचायती तानाशाही व्यवस्थाको सही विकल्प खाली नयाँ जनवादी व्यवस्था हुन्छ र हुन सक्छ र त्यसकारण त्यसका (नयाँ जनवादी व्यवस्थाका) पक्षमा प्रचारात्मक आन्दोलन उठाउन नै मुख्य जोड दिनु पर्दछ र त्यसका ठाउँमा संसदीय प्रणालीलाई विकल्पको रूपमा प्रस्तुत गर्ने सोचाईको विरोध गर्नु पर्दछ । ' रातो तरवार पृ. ३७२ । यस प्रकारको पार्टीको लाईन भएको समयमा. पञ्चायती व्यवस्थाको विकल्पमा संसदीय प्रणालीलाई स्वीकारेर संयुक्त मोर्चा बनाउने प्रयास जो कोहीले गरेको भए पनि त्यो तत्कालिन पार्टी लाइनको विरुद्धमा थियो ।

***६- क. निर्मल लामा र क. मोहन विक्रम सिंह दुवै केन्द्रीय समितिमा नभएको बारे***

वि.सं. २०४० सालको पार्टी फुट हुने बेलामा क. निर्मल लामा र क. मोहन विक्रम सिंह दुवै जना केन्द्रीय समितिमा नभएको कुरामा विवाद होइन । मैले त्यतिबेला उहाँहरू केन्द्रीय समितिमा हुनुहुन्थ्यो भनेर कतै भनेको पनि छैन । जस्तो मोहनजीले आफ्नो स्पष्टिकरणमा भन्नु भएको छ ' त्यो बेलाको केन्द्रीय समितिमा क. निर्मल लामा र म दुवै जना नभएको कुरा श्रीसले स्वयं स्वीकार गर्नु भएको छ ।' यसरी उहाँहरू दुवै जना केन्द्रीय समितिमा नभएको कुरामा कुनै विवाद हैन । मेरो भनाइ के हो भने क. मोहन जीले विषयलाई जसरी प्रस्तुत गर्नु भएको छ त्यसले उहाँहरू त्यतिबेला केन्द्रीय समितिमा नभएका कारणले त्यो फुटमा उहाँको कुनै भूमिका थिएन भन्ने अर्थ लाग्ने खालको छ । मेरो भनाई यो हो कि उहाँहरू प्राविधिक रूपमा केन्द्रीय समितिमा नभएको भएता पनि बहुमत पक्षको नेता मोहन विक्रम जी र अल्पमत पक्षको नेता निर्मल लामा नै हुनुहुन्थ्यो । बहुमत पक्षको नेता क. मोहन जी हुनुहुन्थ्यो भन्ने कुराको प्रमाण क. मोहन वैद्य अस्थायी केन्द्रीय समितिको सचीव हुँदाहुँदै उहाँ (मोहनजी) केन्द्रीय सदस्य नभए पनि राष्ट्रिय सम्मेलनमा प्रस्तुत गर्ने राजनीतिक प्रस्ताव उहाँले नै तयार पार्नु भएको थियो र त्यो प्रस्ताव क. चित्रबहादुर के.सी.ले प्रस्तुत गर्नुभएको थियो । त्यसकारण त्यो समयमा क. मोहन जी र क. निर्मल लामाको विचमा राम्रो समझदारी भएको भए पार्टी फुट्ने अवस्था थिएन । त्यो फुटमा क. मोहन विक्रम सिंह र क. निर्मल लामाको पनि भूमिका थियो ।

*२०७७ / ७ / २०*

## साम्यवादी...

छैन । महामारीका कारण वैदेशिक रोजगारीमा रहेका लाखौ नेपाली श्रमिकहरु स्वदेश फर्किएका छन ।

नेपालमा प्रत्येक वर्ष पाँच लाख भन्दा बढी नयाँ श्रमशक्ति थपिने गर्दछ । यसरी नेपालमा बेरोजगारको अवस्था भयावह हुने देखिन्छ । यस कोरोना महामारीले गर्दा रोजगार गुमेको वा बेरोजगार भएका सम्पूर्ण नेपालीले बेरोजगार भत्ताको लागि आवाज उठाउनु पर्दछ । सामान्य अवस्थामा नेपालबाट प्रत्येक वर्ष भारत बाहेक चार लाखको हाराहारीमा विदेशमा रोजगारीको लागि जाने गर्दछ । अब फेरि वैदेशिक रोजगारमा जाने अवस्था आएमा दश लाखको हाराहारीमा विदेशमा जाने छन । जसका लागि प्रत्येक व्यक्तिबाट एक लाखका दरले हिसाब गर्ने हो भने एक खर्ब रूपैंया ती मजदुरहरुले व्यहोर्नु पर्नेछ । जबकी नेपाल सरकार लगभग छपन्न अर्वको लागि एमसीसी जस्तो राष्ट्रघाती सम्झौता संसदबाट पास गराउन खोज्दैछ । यसरी रोजगारका लागि विदेशिने अवस्था आउनु र देशमा बेरोजगारको अवस्था यति विकराल हुनुमा साम्राज्यवादी तथा विस्तारवादी हस्तक्षेप हुनु, देश सामन्ती, दलाल नोकरशाही पुँजीपतिहरुको हातमा जानु, देशको आर्थिक सामाजिक अवस्था अर्धसामन्ती, अर्ध-औपनिवेशिक तथा नव-औपनिवेशिक अवस्थामा रही रहनु आदि कारण नै मुख्य हुन । यस्तो अवस्थामा आत्मनिर्भर अर्थतन्त्र निर्माण हुन पनि सक्दैन । त्यसैले क्रान्तिकारीहरुले सामन्ती, दलाल तथा नोकरशाही पुँजीपतिको हातमा रहेको प्रतिक्रियावादी सत्तालाई ध्वस्त बनाएर सर्वहारा वर्गको अधिनायकत्व कायम हुने गरी कम्युनिष्ट पार्टीको नेतृत्वमा नयाँ जनवादी क्रान्ति सम्पन्न गर्नु पर्दछ । जुन व्यवस्था साम्राज्यवाद, विस्तारवाद विरोधी हुन्छ । कृषिमा क्रान्तिकारी भूमि सुधार गरी सामन्ती उत्पादन सम्बन्धको अन्त्य गर्दछ । औद्योगिक पुँजीको निर्माणका लागि औद्योगिकरणको कार्यक्रम ल्याउँदछ । उत्पादन र वितरणलाई व्यवस्थित गर्दछ । रोजगारीको बातावरण सृष्टि गर्दछ । मजदुरहरुको हक अधिकारलाई सुनिश्चित गर्दछ । यस प्रकार देश आत्मनिर्भर अर्थतन्त्र निर्माणको प्रक्रियामा अघि बढ्दछ । राष्ट्रियता, जनतन्त्र र जनजीविकाका समस्याहरु हल गर्दछ । यसले समाजवाद उन्मुख आर्थिक आधार तयार पार्दछ । उत्पादक शक्तिको विकासले समाजलाई नयाँ जनवादी व्यवस्थाबाट उत्पादनका साधनमा सर्वहारा मजदुर वर्गको स्वामित्व रहने समाजवादी व्यवस्थामा पुग्ने वातावरण बन्दछ । समाजवादी व्यवस्थामा 'हरेकबाट उसको क्षमता अनुसार काम, हरेकलाई उसको काम अनुसार दाम' को सिद्धान्त अवलम्बन गरेको हुन्छ । जस अनुसार शारीरिहरूपबाट सक्षम व्यक्तिहरुले श्रम गर्नुपर्ने आवश्यकता हुन्छ । जसले काम गर्दैन उसले माम पनि पाउँदैन । जसले श्रम गर्दछ, उसले गरेको श्रमको परिणाम अनुरूप दाम पाउँदछ र श्रम शोषण हुन पाउदैन। साम्यवादी व्यवस्था नआएसम्म वर्गहरु हुने हुँदा शोषणमूलक व्यवस्थाहरुको निषेध गर्नका लागि यो सिद्धान्तले भूमिका खेलेको हुन्छ । यसबेला वर्ग संघर्ष जारी रहने हुँदा प्रतिक्रान्ति हुने खतरा रहने कारणले सर्वहारा वर्गको अधिनायकत्व कायम रहन्छ । जब उत्पादनका साधनमाथि सम्पूर्ण जनताको स्वामित्वको कम्युनिस्ट समाज स्थापना हुन्छ, तब सबै वर्गहरु र सबै वर्गीय असमानताहरु पूर्णरूपले उन्मूलन हुन्छ । राज्य क्रमशः स्वतः लोप हुन पुग्नेछ । कम्युनिस्ट व्यवस्थामा उत्पादक शक्तिको प्रचुर मात्रामा विकास हुने हुँदा प्रयाप्त मात्रामा सामाजिक उपज पैदा हुन्छ । त्यतिबेला व्यक्तिगत उपोभोक्ता सामग्रीहरुको वितरण मानिसहरुले समाजको लागि गरेको श्रमको आधारमा नभएर उनीहरुका आवश्यकताहरुबाट निर्धारण हुन्छ । साम्यवादी समाज सम्पूर्ण रूपले प्रगतिशील समाज भएकाले मानिसका सवै अधिकारहरु सुनिश्चत हुन्छन् । त्यसैले साम्यवादी व्यवस्था निर्माण गर्ने दृढ संकल्प सहित क्रान्तिकारी मजदूर, युवा लगायत सम्पूर्ण जनसमुदाय एकताबद्ध भई अघि बढ्नु जरुरी छ ।*(लेखक : क्रान्तिकारी युवा लिगका केन्द्रीय अध्यक्ष हुनुहुन्छ ।)*

## नेकपा...

मूल्य घटाइएको अवस्थामा पनि पेट्रोलियम पदार्थमा समेत धमाधम मूल्य बृद्धि भइरहेको छ । शिक्षा, स्वास्थ्य, खाद्य संप्रभुता, आवास तथा रोजगारीलाई देखावटी ढंगले जनताको मौलिक हकका रूपमा प्रस्तुत गर्ने, उत्पीडित जनसमुदायका समानुपातिक समावेशी हक अधिकार तथा पहिचान सहितको संघीयता आदि राग अलाप्ने वर्तमान संविधानको स्वयम् सरकारद्वारा नै धज्जी उडाउने काम हुँदै आएको छ ।

१२. नेपालमा लामो समयदेखि नागरिकता सम्बन्धी प्रश्न निकै जटिल बन्दै आएको छ । वास्तविक नेपालीहरु नागरिकताबाट बञ्चित हुनुपर्ने र नागरिकता दिन नमिल्नेहरुले नागरिकता पाउने स्थिति पनि देखिएको छ । हाल सरकारद्वारा प्रस्तुत नागरिकता सम्बन्धी विधेयकका सन्दर्भमा पनि अंगीकृत नागरिकताको प्रश्न बहस र विवादको विषय बन्न पुगेको छ । तसर्थ यसबारे छिटै आवश्यक अध्ययन गरी दीर्घकालीन तथा तात्कालीन दुवै दृष्टिले सही निष्कर्षमा पुग्नु पर्दछ ।

१३. कोभिड-१९को महामारी सुरु हुनु अघिदेखि नै विश्वका विभिन्न साम्राज्यवादी देशहरु आर्थिक बृद्धि दरमा ह्रास तथा गतिरोध, मुद्रास्फिति, मन्दी, व्यापारयुद्ध, व्यापार घाटा, अतिशय ऋणभार, आर्थिक असमानता, वेरोजगारी लगायतका गंभीर आर्थिक सङ्कटमा फस्तै आएका थिए । कोभिड-१९ महामारी र त्यसका कारण गरिएको लकडाउनले त्यो सङ्कटलाई अझै गहिरो तथा बहुआयामिक बनाउँदै लगेको छ र धेरै देशहरुको आर्थिक बृद्धिदर ऋणात्मक भइसकेको छ । तर साम्राज्यवादी शासकहरु भने सङ्कटको कारण महामारीलाई बताएर आफू चोखिन खोजिरहेका छन् । महामारी पछिको संकट २००८ को संकट मात्र होइन १९३०को दशकको संकटभन्दा पनि अझ भयावह हुने आँकलन गर्न थालिएको छ । यो वैश्विक सङ्कटको केन्द्रमा मुख्यतः संयुक्त राज्य अमेरिका, वेलायत, जापान र युरोपका विकसित पुँजीवादी मुलुकहरु रहेका छन् । आज विश्व साम्राज्यवाद र उत्पीडित राष्ट्रहरु, श्रम र पुँजी तथा साम्राज्यवादी शक्तिहरु बीचका अन्तरविरोधहरु चर्कंदै गएका छन् । नवउदारवादी साम्राज्यवाद आर्थिक, राजनीतिक तथा सबै खाले संकटको गंभीर भुमरीमा फस्तै गएको छ र संसदीय व्यवस्था ऐतिहासिक रूपमा असफल सिद्ध भइसकेको छ । यी सबैको असर नेपालमा पनि पर्दै आएको छ । यस प्रकारको स्थितिबारे हामीले विशेष अध्ययन गर्न र गंभीर बन्न पर्दछ ।

१४. यो बेला नेपालमा वर्तमान सरकार र सत्तारुढ पार्टी दुवै उम्किनै नसक्ने गरी विभिन्न अन्तर्विरोध तथा संकटको भुमरीमा फस्न पुगेका छन् । एकातिर दुईतिहाइको सरकार हुनुका हैसियतले यो देश तथा जनताप्रतिको दायित्व पुरागर्ने काममा सबैले देख्ने गरी पुरा असफल साबित हुँदै गएको छ भने अर्कोतिर लामो समयदेखि पार्टी पनि पदीय भागवण्डाका लुछाचुँडी तथा गुटगत अन्तर्कलहका कारण अस्तव्यस्त बन्दै गइरहेको छ । अब डबल नेकपा विभिन्न गुटहरुका बीच अस्थायी प्रकारको लिपापोती वा संझौता गर्दा पनि वा नगर्दा पनि दुवै दृष्टिले ओली गुटको चरम सत्ता लिप्सा, अति महत्वाकांक्षा र दम्भका कारण ढिलो वा चाँडो स्वयम् क्षतविक्षत हुन गइरहेको देखिन्छ ।

१५. आज देशमा क्रान्तिका लागि वस्तुगत परिस्थिति केही अनुकूल बन्दै जान थालेको देखिन्छ । वर्तमान कम्युनिस्ट नामधारी सरकार देशको राष्ट्रिय स्वाधीनता तथा सार्वभौमिकताको रक्षा गर्न असमर्थ बन्दै गइरहेको, मजदुर, किसान, महिला, दलित, आदिवासी जनजाति, मधेशी, मुश्लिम सहितका उत्पीडित वर्ग तथा जनसमुदायका हकहित एवम् अधिकारप्रति असहिष्णु बन्दै अभिजात वर्गीय अधिनायकत्व लागुगर्न प्रतिवद्ध बनेको, वेरोजगारी लगायत जनजीविकाका समस्या समाधान गर्ने तर्फ अत्यन्तै उदासीन बन्दै गएको, भ्रष्टाचारमा लिप्त रहिआएको आदि बारे जनता सचेत बन्दै जाने क्रम बढ्दो छ र दक्षिणपंथी संशोधनवादको पर्दाफास हुँदै गइरहेको छ । साथै पुनरुत्थानवादी तथा संसदीय यथास्थितिवादी शक्तिहरुलाई नेपाली जनताको विशाल बहुमत हिस्साले पश्चगामी शक्तिका रूपमा बुझ्दै तथा भोग्दै आएको छ र यी सबैप्रति उनीहरुको वितृष्णा जारी छ । यी सबै कुरालाई हामीले सकारात्मक अर्थमा ग्रहण गर्नु पर्दछ र कमजोर रहेको आत्मगत शक्तिलाई बलियो तथा अनुकूल बनाउनका लागि विशेष परिश्रम गर्न जरुरी छ ।

१६. यद्यपि भारतीय विस्तारवादी तथा अमेरिकी साम्राज्यवादी हस्तक्षेप एवम् उत्पीडन यो बेला हाम्रा लागि निश्चित रूपमा जटिलता तथा प्रतिकूलताका द्योतक हुन् । परन्तु यो अस्थायी कुरा हो । भारतले नेपाली भूभाग मिची सार्वजनिक गरेको नक्साको भारतभित्रै विभिन्न पक्ष तथा कोणबाट विरोध भइरहेको छ । भारतका प्रगतिशील शक्ति एवम् सचेत जनता आफ्नै देशको प्रतिक्रियावादी सत्ता तथा व्यवस्थाका विरुद्ध संघर्ष गर्दै आएका छन् । त्यसैगरी अमेरिकी साम्राज्यवाद पनि विभिन्न देशहरुसित शक्ति संघर्ष र भयावह आर्थिक तथा राजनीतिक संकटमा फस्तै गएको छ । साथै यस क्षेत्रमा विस्तारवाद तथा साम्राज्यवादद्वारा उत्पीडित अन्य मुलुकहरु पनि छन् र ती पनि साम्राज्यवादी तथा विस्तारवादी उत्पीडनका विरुद्ध संघर्ष गरिरहेका छन् । यसरी हेर्दा हामीले जटिलता तथा प्रतिकूलताहरुको सामना गर्दै अगाडि बढ्न सक्तछौं र सक्नु पर्दछ ।

१७. उक्त स्थितिमाथि ध्यान दिंदा वर्तमान सन्दर्भमा पार्टीको तात्कालीन कार्यभारका रूपमा सामान्यतः राष्ट्रियता, जनतन्त्र तथा जनजीविकाका समस्या र विशेषतः देशको राष्ट्रिय स्वाधीनता तथा सार्वभौमिकताको रक्षाको समस्या समाधान गर्नका लागि देशभक्त, बामपन्थी तथा जनतन्त्रवादी शक्तिहरुलाई गोलबन्द गरी बृहत् प्रकारको कार्यगत एकता वा संयुक्त मोर्चाको निर्माण गर्न र आन्दोलनलाई प्रभावकारी ढङ्गले अगाडि बढाउन पर्दछ । साथै प्रतिक्रियावादी राज्यसत्ता र व्यवस्था अन्तर्गतका कुनै पनि राजनीतिक शक्तिको यो वा त्यो सरकार वास्तविक विकल्प बन्न सक्दैन र बन्नु हुँदैन । हामीले संघीय जनगणतन्त्र, नेपाल र देशभक्त तथा जनगणतान्त्रिक शक्तिहरुको सरकार स्थापनाको नारालाई प्रचारात्मक (Agitational)रूपमा सशक्त ढंगले प्रस्तुत गर्नु पर्दछ । यसरी नै हामी नयाँ जनवाद हुँदै वैज्ञानिक समाजवादतर्फ अगाडि बढ्न सक्दछौं ।

*साभार : नेकपा (क्रान्तिकारी माओवादी)को केन्द्रीय मुखपत्र, पूर्णाङ्क १५, भाद्र २०७७*

## नरवणे...

लोकनारायण सुवेदीले सम्बोधन गरेका थिए ।

विरोध प्रदर्शनमा नेकपा (क्रान्तिकारी माओवादी)का पीवीएमहरु दिनेश शर्मा सागर, पवनमान श्रेष्ठ, सुरेश श्रेष्ठ लगायत केन्द्रीय सदस्यहरु, जबस मोर्चाका नेता कार्यकर्ताहरुको उपस्थिति रहेको थियो ।

उता त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल स्रोतका अनुसार नरवणेको भ्रमण टोली दुईवटा विमानमा काठमाडौं आएको छ । नेपाली सेनाको जंगीअड्डा स्रोतले नरवणेको भ्रमणमा चार सदस्यीय टोली रहेको उल्लेख गरेको छ ।

विमानस्थलमा नरवणेको स्वागतका लागि नेपाली सेनाको दोस्रो वरीयताका बलाधिकृत रथी प्रभुराम शर्मासहितका सैन्य अधिकृतहरु पुगेका थिए ।

नरवणेले सीमा विवाद चर्किएका बेला चीनतर्फ इंगित गर्दै नेपालले कसैको इसारामा लिपुलेकको मुद्दा उचालेको टिप्पणी गरेका थिए । त्यसैले उनलाई नेपालमा सुरक्षा चुनौती रहेको विश्लेषण नेपाली सेना, नेपालस्थित भारतीय दूतावासलगायतको रहेको छ ।

नरवणेलाई कालो झण्डा देखाउने, विरोध प्रदर्शन गर्ने, कफन बाँधेर बस्ने जस्ता गतिविधि हुनसक्ने विश्लेषण सुरक्षा अधिकृतहरुले गरेका थिए । त्यसैले उनको भ्रमणको पूर्वसन्ध्यामा चेकजाँचमा कडाइ गरिएको थियो भने अहिले उपत्यकामा व्यापक रूपमा सादा पोशाकमा प्रहरी टोली परिचालित गरिएको थियो ।

यस्तो छ नरवणेको कार्यतालिका

बुधबार नरवणे नेपाल आएको पहिलो दिन कुनै औपचारिक कार्यक्रम राखिएको छैन । तर, नेपालस्थित भारतीय दूतावासको समन्वयमा अनौपचारिक भेटघाट हुनसक्ने भनिएको छ ।

पत्नीसहित आएका उनले पशुपतिनाथ मन्दिरको दर्शन गर्ने तयारीसमेत गरेको स्रोतको भनाइ छ ।

भ्रमणको महत्वपूर्ण कार्यक्रम भोलि (बिहीबार) राखिएको छ । उनले नेपाली सेनाको मानार्थ महारथीको दर्ज्यानी चिह्न लगाउने कार्यक्रम शीतल निवासले बिहीबार राखेको हो ।

शीतल निवासको कार्यक्रमअघि नै नरवणेले सैनिक मञ्च टुँडिखेलस्थित वीर स्मारकमा श्रद्धाञ्जली अर्पण गर्ने कार्यक्रम तय भएको छ, त्यसपछि उनले जङ्गीअड्डामा सैनिक गारत निरीक्षण गर्नेछन । समकक्षी नेपाली सेनाका महारथी पूर्णचन्द्र थापासँग पनि नरवणेले बिहीबार नै औपचारिक सम्वाद गर्नेछन ।

छलफलपछि जंगीअड्डाका उच्च सैन्य अधिकृतहरुसँग उनले छलफल समेत गर्नेछन । नरवणेको सम्मानमा जंगीअड्डाले बिहीबार साँझ रात्रि भोजको समेत आयोजना गरेको छ ।

भ्रमणको अन्तिम दिन शुक्रबार नरवणेले सैनिक स्टाफ कलेज, शिवपुरीमा शिक्षार्थीसँग अन्तरक्रिया गर्नेछन । त्यसपछि प्रधानमन्त्री एवं रक्षामन्त्री ओलीलाई भेटेर स्वदेश फर्किने कार्यक्रम तय भएको छ ।

## आलोपालो

# साम्यवादी आन्दोलनको यात्रामा अपरिहार्य युवा-मजदुर एकता

***व्यक्तिगत उपोभोक्ता सामग्रीहरुको वितरण मानिसहरुले समाजको लागि गरेको श्रमको आधारमा नभएर उनीहरुका आवश्यकताहरुबाट निर्धारण हुन्छ । साम्यवादी समाज सम्पूर्ण रूपले प्रगतिरशील समाज भएकाले मानिसका सवैं अधिकारहरु सुनिश्चत हुन्छन्***



**●अमीर महर्जन 'आकाश'●**

मानिसले आफ्नो पुरा जीवन बिताउँदा सामान्यतः बालक, युवा, प्रौढ र वृद्ध गरि चार अवधिमा जीवन चक्र पुरा गर्दछ । त्यसैले युवा अवस्था भनेको एउटा उमेर समुह हो । यी युवाहरु मजदुर, किसान, विद्यार्थी, महिला आदि इत्यादि तथा जाति, धर्म, समुदायमा रहेका छन । ती जाति समुदाय र संगठनमा युवाहरुको भुमिका महत्वपूर्ण हुन्छ । युवाहरुमा परिश्रम गर्ने क्षमता बढि हुन्छ । त्यसैले युवा भनेको देशको कर्णधार भनेर पनि चिनिन्छ । त्यो श्रमशक्ति उपयोगमा ल्याउन सक्नु भनेको रोजगारीको अवसर प्राप्त गर्नु हो । जसले रोजगार प्राप्त गर्दछ, ती मजदूरको रूपमा समाजमा देखा पर्दछ । युवाहरु सामान्यतया मजदुर हुन सक्छन तर मगदुरहरु युवा तथा प्रौढ पनि हुन सक्दछ । जब युवाले रोजगारी पाउँदैन र मजदुरहरुले रोजगारी गुमाउँदछन, त्यही बेला उनीहरु बेरोजगार बन्दछन । यो बेरोजगारी समस्या युवा र मजदूरको संयुक्त समस्या हो । समाज विकासको प्रक्रियामा जब पुँजीवादी व्यवस्थाको प्रारम्भ भयो, त्यही बेलादेखि समाजमा सर्वहारा मजदुर वर्ग र बेरोजगार युवा समुदाय देखा पर्न थाल्यो । जमिन्दारको उत्पीडन, सानो र टुक्रे कृषि उत्पादन, अर्ध-बेरोजगारको अवस्था, शहर र गाउँको भिन्नता, सामाजिक तथा साँस्कृतिक विभेद र निरन्तर रूपमा भइरहेको उत्पादक शक्तिको विकासका कारण बेरोजगार मानिसहरु कामको खोजीमा शहर पस्न थाले । पुँजीवादी उत्पादन प्रणालीमा उत्पादनका साधनमाथि निजी स्वामित्व भएको पुँजीपति र आफ्नो श्रमशक्ति विक्रि गर्न वाध्य भएको मगदुर हुन्छन । पुँजीवादको विकास क्रम संग-संगै उद्योग व्यवसायमा यन्त्रको प्रयोगबाट मजदुरहरुको कटौटी हुनु, साना उद्योगी, शिल्पी, ब्यापार-व्यवसायी र ठुला उद्योगपति बीचको असमान प्रतिस्पर्धा भई टाट पल्टिनु, जनसंख्या बृद्धिसंगै दिनहुँ बढ्ने नयाँ श्रमशक्ति आदि कारणले शिक्षित, दक्ष र अदक्ष बेरोजगारको संख्या बढ्ने गरेको पाइन्छ । यसरी बेरोजगारीको संख्या बढिरहँदा उद्योगपतीहरुका लागि जगेडा मजदुर प्राप्त गर्ने ठाउँ बन्दछ । साथै यी बेरोजगार युवाहरुलाई देखाएर पुँजीपतिले मजदुरहरुको ज्याला कटौती गर्ने गर्दछ । पुँजीवादी व्यवस्थामा मजदुरको श्रम शोषण हुनु र नाफाको लागि उत्पादन, यसको मुख्य चरित्र हो । यो व्यवस्थामा उत्पादन कार्य सामाजिक चरित्रको हुन्छ, उत्पादित वस्तुमा पुँजीपतिको निजी स्वामित्व हुन्छ । यहाँ बेरोजगार संग-संगै मजदूरको विषयलाई उत्थान गर्दै गर्दा मजदुर वर्ग सामूहिक श्रमसंग जोडिएको समाजवादी तथा साम्यवादी क्रान्तिका लागि सबैभन्दा भरपर्दो क्रान्तिकारी शक्ति हो भन्ने कुरा बिर्सनु हुँदैन । हाम्रो देशमा अहिलेसम्म पनि राष्ट्रिय पूँजीको निर्माण हुन सकेन । कृषिमा साना र टुक्रे उत्पादन प्रणालीलाई निमिट्यान्न पारी बृहत मात्राको उत्पादनमा गएन । नयाँ उद्योग तथा कलकारखाना खोल्नु भन्दा पनि भएका राष्ट्रिय स्तरका कलकारखानाहरुलाई निजीकरणको नाममा बन्द तथा खारेज गरिएको छ । दलाल तथा नोकरशाही पुँजीपति र विदेशी लगानी कताएलाई भारी मात्रामा कर मिनाहा गरिएको छ । साना तथा मझौला र राष्ट्रिय स्तरको उद्योग, कृषि तथा ब्यापार ब्यवसायमा ठुलो मात्रामा करको वृद्धि गरिएको छ । उत्पादित वस्तुको उचित मूल्य नपाउनु, विक्रीवितरणमा विभिन्न अवरोध सिर्जना हुनुका कारण सर्वसाधारण नेपाली जनता स्वदेशमा लगानी गर्न पछि हटिरहेका छन । त्यसैले स्वदेशमा रोजगारको अवसर गुम्दै गएको छ । यसको विकल्पको रूपमा सामान्य जीविकोपार्जनका लागि वैदेशिक रोजगारीमा जानुपर्ने बातावरण बनेको छ । जसले गर्दा नेपालको एक तिहाइ श्रमशक्ति विदेश पलायन भएको छ र नेपाल विकसित मूलुकको सस्तो श्रम बजार बनेको छ । हाल कोरोना महामारीको कारण उद्योग तथा प्रतिस्ठानहरुले भारी मात्रामा श्रमिकको कटौती गरेका छन । कयौ मजदूर, शिक्षक, स्वास्थ्यकर्मीहरुको सेवा सुल्कमा कटौती गरेका छन । मजदुर, किसान तथा व्यवसायीहरुको अवस्था दयनीय बनेका छन । यस्तो अवस्थामा राज्य मौन बसेको छ । राहतका क्रार्यक्रम ल्याउन सकेको *बाँकी ७ पेजमा*

## नरवणेको...

मानार्थ प्रधानसेनापतिको दर्ज्यानी चिन्ह प्राप्त गरिसकेका छन । यसरी हेर्दा अहिले कायम रहेका भारतीय सेनाका प्रमुख विपिन राउतले पहिल्यै पाईसकेको सम्मान फेरि उनी मातहतको दोस्रो दर्जाका नरवणेलाई दिन कुनै जरुरी नै थिएन । र यो ओली र उनका पिछलग्गुहरुले भने जस्तो परम्पराको निरन्तरता नभएर परम्परामथिको समेत प्रतिगमन भएको कुरा प्रष्ट हुदा हुँदै पनि यस कार्यको ढाकछोप गर्नु उनीहरुको राष्ट्रियता र राष्ट्रिय स्वाधीनता संवन्धि गलत चिन्तन र दब्बुपन बाहेक अरु केही पनि होइन । बरु यसले भारतीय सेनाको दोस्रो दर्जाको सेनापतिलाई नेपाली सेनाको सुप्रिम पद प्रधानसेनापतिसंग बरावरी हैसियतमा राखेर दर्ज्यानी प्रदान गर्दा भारतीय सेनाको चीफ मातहत नेपाली सेनप्रमुख हुन जान्छ र नेपाली सेना प्रकारान्तरले भारतीय सेनाको सुरक्षा छाता(कभअगचष्तथ ग्दचभ्रीिब ) भित्र सिमित हुन पुग्छ । नेपालको राष्ट्रियताको सवालमा यो गम्भीर प्रकारको राष्ट्रघाती हर्कत हो जुन ओली नेतृत्वको सरकारले गरिरहेको छ ।

ऐतिहासिक हिसाबले भारतीय सेनाप्रमुखलाई यसरी सम्मान गर्ने कुरा यहाँका साशकवर्गको सत्ता जोगाउन प्रयोग गरिने अस्त्रको रूपमा विकाश हुँदै आईरहेको पाईन्छ । खासगरि राणाशासनको अन्तिम अवस्थामा आफ्नो सत्ता जोगाउनको लागि नेपालका अन्तिम राणा प्रधानमन्त्री मोहन शम्शेरले तत्कालीन भारतीय सेनाका डिफेन्स फिल्ड मार्शल जनरल करी अप्पासंग गरेको संझौतावाट यसको ईतिहास शुरु हुन्छ । आफ्नो सत्ताको सुरक्षाको निमित्त मोहन शम्शेरले यसप्रकारको संझौता गरेपनि त्यहि वर्ष राणा शासनको अन्त्य भएपछि यो संझौता बेवारिसे जस्तै बनेको थियो । जब राजा महेन्द्रले २०१७ सालमा सैन्य कु मार्फत आफ्नो प्रतक्ष्य शासनकाल अन्तर्गत पन्चायती व्यवस्थाको शुरुवात गरे ठिक त्यसपछि पन्चायती व्यवस्थालाई कथित बैधानिककता दिने नाममा तत्कालीन राजा महेन्द्रले दुईवटा गम्भीर प्रकारका राष्ट्रघाती काम गरेका छन । एउटा अहिलेको लिपुलेक कालापानी क्षेत्रमा भारतीय सेनालाई बस्न दिएर पन्चायती ब्यवस्थालाई त्यहाँको सार्वभौमसत्तासंग सौदाबाजी गर्ने काम गरे भने दोस्रो भारतीय स्थलसेना प्रमुखलाई नेपाली मानार्थ प्रधानसेनापतिको दर्ज्यानी प्रदान गर्ने संझौतालाई सर्वप्रथम उनी आफैले कार्यन्वयन गरिदिए । राजा महेन्द्रले गरेका यी दुई गम्भीर राष्ट्रघातको परिणामस्वरूप बल्ल भारत सरकारले २०२० सालमा आएर पन्चायती व्यवस्थालाई राजनीतिक मान्यता प्रदान गर्यो ।

यसरी राजा महेन्द्रले पन्चायती व्यवस्था र आफ्नो प्रत्यक्ष निरङ्कुश शासन टिकाउन गरेको राष्ट्रघाती कुकर्मकै रूपमा सबैभन्दा पहिले उनकै हातवाट २०२० साल जेष्ठ २५ गते भारतीय स्थलसेना प्रमुख एस. मानेक शाहलाई नेपाली सेनाको सर्वोच्च पद प्रधानसेनापतिको दर्ज्यानी चिन्ह प्रदान गरेका थिए । यसरी ऊ बेलाको महेन्द्रीय राष्ट्रवादको नक्कली आवरणमा छिरेको उक्त राष्ट्रघाती परम्परा अहिले आएर केपी ओलीको नक्कली राष्ट्रवादमा धुमिल हुन पुगेको छ । राजा महेन्द्रले सत्ता टिकाउन भारतीय दलाली गर्ने नाममा भारतीय स्थलसेना प्रमुखलाई २०२० सालमा यो सम्मान दिए पनि भारतले भने प्रथम पल्ट त्यसको १२ वर्ष पछाडि २०३२ सालमा मात्र तत्कालीन नेपाली सेनाप्रमुख सिंह बहादुर बस्नेतलाई त्यहाँको स्थलसेना प्रमुख सरहको दर्ज्यानी चिन्ह प्रदान गरेको पाईन्छ । फेरि केपी ओली र उनका वरिपरिका मानिसहरुले भनेजस्तो यो परम्परा परम्पराको निरन्तरताको रूपमा आएको पनि देखिदैन । २०४४ देखि २०४८ साल सम्म नेपाली सेनाको प्रधानसेनापति रहेका सचित शमशेर जवराले भारत सरकारवाट यो पदवी नै लिएनन । तत्कालीन अवस्थामा भारतले पन्चायती सरकार विरुद्धमा चलेको आन्दोलनलाई समर्थन गरेर नाकाबन्दी गरेको र त्यसको काउन्टरमा नेपाली सेनाले चीनसंग सैनिक सामग्री खरिद गरेको गलफति चलिरहेको तत्कालीन अवस्थामा भारतसंग नेपाली सेनाको संवन्ध राम्रो नभएको कारण तत्कालीन प्रधानसेनापति सचित शमशेर जवरा भारत नै गएनन र भारतीय सेनाप्रमुखको मानार्थ दर्ज्यानी पनि उनले लिएनन । नेपालको राष्ट्रियताको सवालमा यो कदम निकै महत्त्वपूर्ण मानिन्छ । पछि कृष्णप्रसाद भट्टराईको प्रधानमन्त्रीकाल समाप्त भएपछि भारतको दलाली गरेर स्थाई सत्तामा टिक्ने आशामा फेरि तत्कालीन प्रधानमन्त्री गीरिजा प्रसाद कोइरालाले क्रमभंग भैसकोको यो प्रथाको पुनः सन्चालन गरेपछि आज पर्यन्त यस्को निरन्तरता कायमै रहेको पईन्छ । यी सबै घटना र घटनाक्रमले दुईवटा कुरा स्पष्ट हुन्छ । पहिलो यो नेपाली शाषकहरुले आफ्नो सत्ता टिकाउनको लागि भारतीय विस्तरवादी सत्ताको दलाली र चाकरीमा जन्मिएर विकास भएको राष्ट्रघाती प्रथा बाहेका केही पनि होईन र दोस्रो यो कुनै परम्पराको निरन्तरता पनि होइन र यस्लाई मान्नै पर्छ भन्ने पनि देखिदैन ।

यति हुदाहुदै पनि चौतर्फि विरोध र आलोचनाको बिचमा नरभाणे नेपाल किन आए ? र उनलाई नेपालमा सम्मान गर्न ओली सरकार किन यति धेरै लालायित भयो ? यो निकै महत्त्वपूर्ण प्रश्न हो। । यतिवेला नेपालको लिपुलेक कालापानी र लिम्पियाधुरा सहित ७२ ठाउँ भन्दा धेरै स्थानमा भारतले सिमा अतिक्रमण गरेको छ । यी महत्त्वपूर्ण तीन स्थान लिपुलेक कालापानी र लिम्पियाधुरा जस्को क्षेत्रफल नै ३८५ वर्ग किमी भन्दा ज्यादा रहेको छ, लाई समेत समेटेर भारतले आफ्नो नयाँ नक्सा सार्वजनिक गर्यो । भारतले नयाँ नक्सा मात्र सार्वजनिक गरेन कि तत्कालिन राजा महेन्द्रको सहमतिमा बसेको भारतीय सेनाले समयक्रम संगै त्यहाँ रणनैतिक महत्त्व राख्ने सैनिक संम्रचनाहरु समेत खडा गर्न थाल्यो । लिपुलेक हुँदै मानसरोवर जाने बाटो निर्माण गरि रक्षामन्त्री राजनथ सिंह मार्फत उद्घाटन समेत गर्यो । नेपाली राष्ट्रियता माथि यति नग्न र निर्लज्ज आक्रमण भई यहाँको राष्ट्रिय स्वाधीनता माथि हस्तक्षेप हुदा समेत ओली सरकार कानमा तेल हालेर सुत्यो । कहिले मलाई कसैले जानकारी नै गरेन र थाह पाइन भन्दै त कहिले उक्त भुभाग बरु भारतलाई भाडामा दिउँ भन्दै ओली यो घटनालाई अन्तैतिर मोड्ने प्रयत्नमा निरन्तर लागिरहे । तर एकातिर राष्ट्रियताको विरोधमा देशव्यापी उठेको आन्दोलनको दवाव थेग्न नसक्ने स्थिति पैदा हुँदै गयो भने अर्कोतिर स्वयं उनकै पार्टी भित्र समेत नयाँ चुच्चे नक्सा संसदवाट पारित गरि छाप्न व्यापक दवाव परेपछि वल्ल ओलीले बाध्य भएर नयाँ चुच्चे नक्सा प्रकाशित गर्ने प्रस्ताव संसदमा पेश गरे । यसवाट उनी भारतीय शासकवर्गको इच्छा विपरित नयाँ नक्सा छाप्न तयार थिएनन भन्नेकुरा दिनको घाम झै छर्लङ्ग हुन्छ ।

व्यापक जनदवाव पछि नयाँ चुच्चे नक्सा छापिने बित्तिकै भारतीय मिडिया र शासकहरु नेपाली सार्वभौमसत्ता माथि चौतर्फी रूपमा खनिन थाले । त्यसबेला नेपालको राष्ट्रिय स्वाधीनताको विरुद्धमा आक्रमक अविव्यक्ति दिने एउटा पात्र यीनै भारतीय स्थल सेनाअध्यक्ष मनोज मुकुन्द नरभाणे पनि हुन । यसरी नेपाल र नेपाली जनता विरोधि भारतीय सेनाप्रमुखलाई नेपालको प्रधानसेनापतिको मानार्थ दर्ज्यानी दिनु भनेको गम्भीर राष्ट्रघती कार्य हो । यो जान्दा जान्दै पनि ओली सरकारले यो कुकर्म किन गर्यो ? यो प्रश्न झन धेरै गम्भीर छ ।

विगत लामो समयदेखि भारतीय खुफिया संस्था रअ को सहयोगमा मदन भण्डारी फाउन्डेशनको नाममा ओली मार्फत भारतीय विस्तरवाद नेपालमा खेल्दै आइरहेको थियो । मदन भण्डारीको नाममा फाउन्डेसन बनाएर राष्ट्रघात गर्दा सबैभन्दा सजिलो हुने देखेर मदनका हत्यारहरुकै योजना र लिलेमतोमा उक्त फाउन्डेसनको नाममा रअ को चलखेल तिब्र हुदै जाने क्रममा पार्टीभित्र र बाहिर दुबैतिर खेल्न ओलीलाई सबैभन्दा सजिलो हुने भयो । यहि संस्था मार्फत ओली पार्टीमा र राज्यमा एकछत्र छाउन सफल समेत भए । भर्खरै मात्रै रअ प्रमुख सामन्तकुमार गोयल नेपल आएर ओलीसंग गोप्य भेटघाट र छलफल गरेपछि मदन भण्डारी फाउन्डेसनलाई पार्टी भित्रको गुटबन्दीको नयाँ अश्त्रको रूपमा प्रयोग गर्न ओली आफैले थालेका छन । यतिवेला नेपाली राजनीतिमा यो कार्य निकै सोचनिय विषयको रूपमा आएको छ ।

भारतीय जासुसी संस्था रअसंगको ओलीको संवन्धको वारेमा एउटा कुरा प्रष्ट हुन जरुरी छ । खासगरी भारतीय नाकाबन्दी यता ओलीको रअसंगको संवन्ध केहि विग्रन गएको थियो । ठिक त्यहि मौकामा अमेरिकी जासुसी संस्था सिआइएले ओलीलाई आफ्नो हातमा लिन सफल भयो । खासगरीकन पश्चिमा क्रिश्चियनहरुको चर्च मिसिनरीको तर्फवाट सुभाष नेम्वाङ, आईएनजीओको तर्फवाट विष्णु रिमाल र सिआइ ए तर्फवाट युवराज खतिवडा मार्फत ओलीलाई अमेरिकीहरुले आफ्नो गतिलो दलालको रूपमा प्रयोग गर्न सफल भए । यस वाट असुन्तष्ट भारतीय शासक वर्गसंग केही संवन्ध विग्रिएको बेला नेपालको राजनीतिमा चीनको समेत केही हदसंम प्रभाव परेको थियो । तर ओलीको चीनकार्ड भनेको भारतीयहरुसंगको राजनीतिक बार्गेनिङ बाहेक अरु केही पनि थिएन । यो अवस्थामा फेरि भारत र ओलीको सम्वन्ध कसरी यती सुमुधुर हुन पुग्यो त ? यसमा विचार पुर्याउनु पर्ने कुरा के छ भने अमेरिका ओलीलाई प्रयोग गरेर हिन्द प्रसान्त सैन्य रणनीतिक अंगको रूपमा रहेको एमससिी परियोजनामार्फत चीन विरोधि गतिविधि गर्न खोजिरहेको थियो । यता लद्दाखको गलवान घाँटी लगायतका क्षेत्रमा चिनको लगातारको अक्रमक सैन्य हस्तक्षेपवाट आत्तिरहेको भारतलाई अमेरिकाको सहयोग अपरिहार्य हुँदै गएको थियो । उपरोक्त प्रकारको परिस्थितिमा अमेरिकाले भारत सरकार र ओलीलाई मिलाएर चिनको विरुद्धमा गतिविधि गर्नको लागि भारत र ओलीविच एकता गराईदिएको परिप्रेक्षमा अमेरिकी रक्षामन्त्रीको भारत आगमन लगतै रअ प्रमुख गोयल नेपाल आउनु र रहस्यमय ढंगले ओलीलाई भेटेर जानुलाई केवल संयोग मात्र मान्न सकिन्न ।

यतिबेला अमेरिका र भारतले चीन विरोधी गतिविधि गर्न नेपालमा ओलीभन्दा अनुकुलको दोस्रो कुनै अर्को पात्र देखेका छैनन । तसर्थ अहिले उनीहरु हरतरहले ओली नेतृत्वको सरकार बचाउन लागि परिरहेका छन । अमेरिकाको योजना सकेसम्म नेकपा विभाजन गराएरै भएपनि संसदवाट एमसीसी पास गराइछाड्ने, त्यसो गर्न सम्भव नभए भारतीय सेनाले कब्जा गरेको लिपुलेक कालापानी र लिम्पियाधुरामा अन्तर्राष्ट्रिय संयुक्त सेना राख्ने उस्को योजना अनुरूप नै चीनको विरुद्धमा सैन्य गतिविधि अगाडि बडाउदै लैजाने उदेश्यलाई केन्द्रमा राखेर भारतसंग केपी ओलीविच पुरानो संवन्ध नविकरण गराउन सफल भयो । उक्त पृष्ठभूमिमा नै रअ प्रमुख गोयल नेपाल आएर ओलीसंग गोप्य भेटघाटमा गरे । सामन्त कुमार गोयलसंग भेटघाटको लगतै ओलीले एकातिर नेपाली पाठ्यपुस्तकमा चुच्चे नक्सा नराख्न निर्देशन दिए भने अर्कोतिर दशैंको शुभकामना दिनेक्रममा उनी स्वयंले चुच्चे नक्सा हटाउनका साथै पुरानो बुच्चे नक्सा राखेर शुभकामना दिए । यसले के देखिन्छ भने आफ्नो सत्ता जोगाउने नाममा अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादको राजनीतिक उदेश्य पुरा गर्नको लागि उनले योजनाबद्ध रूपमा लिपुलेक कालापानी र लिम्पियाधुरा लागायतका भुभागहरु माथिको दावी छोडिदिएका हुन । यसैको परिणामस्वरूप मनोज मुकुन्द नरभाणे नेपाली सेनाको मानार्थ प्रधानसेनापतिको दर्ज्यानी चिन्ह सहित सम्मान ग्रहण गर्न नेपाल आए । निश्चितरूपमा यो स्थिति नेपाली जनता, नेपाल राष्ट्र, नेपालको सार्वभौमसत्ता र राष्ट्रिय स्वाधिनताको लागि गम्भीर र सहन नसकिने परिघटना हो । यो अवस्थामा ओली र उनले नेतृत्व गरेको दलाल सामाजिक फासिवादी सत्ताका तमाम राष्ट्रघाती तथा जनघाती कुमर्म र अपराधिक हर्कतहरुको विरुद्धमा स्पष्ट कार्यदिशा र कार्यक्रम सहित संघर्षमा जानुको विकल्प देखिदैन ।

*२०७७ कार्तिक २३*








## स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सन्देश

**चाडपर्वको बेला खरीद गर्दा विचार गर्नुपर्ने कुराहरु:**

- सकभर अनलाईन सेवाबाट सामग्री खरीद गरौं,
- सामग्री खरीद गर्न घरबाट बाहिर निस्कन परेमा अनिवार्य रूपमा मास्कको सहि तरिकाले प्रयोग गरौं,
- दैनिक उपभोग्य सामानहरु नजिकैको पसलबाट खरीद गरौं, भीड नभएको बेला पारेर जाने गरौं,
- पसलमै गएर किनमेल गर्दा अनिवार्यरूपमा मास्कको सहि तरिकाले प्रयोग गर्नुका साथै भौतिक दुरी कायम गरौं,
- किनमेल गर्नु अघि र गरिसकेपछि साबुन पानीले हात धुने वा स्यानिटाइजरको प्रयोग अनिवार्यरूपमा गरौं,
- किनमेल गरेर घरमा प्रवेश गर्दा राम्रो सँग २० सेकेन्ड सम्म मिचीमिची साबुनपानीले हात धोऔं,
- सम्भव भएसम्म दैनिक उपभोग्य सामग्रीहरु १ हप्ताको लागि पुग्ने गरी किनौं,
- भुक्तानी गर्दा विद्युतीय पद्धतिरकार्डहरु प्रयोग गरेर भुक्तानी गरौं,
- सकभर खुद्रा पैसा लिएर किनमेल गर्न जाऔं,
- बाहिरबाट आएपश्चात कसभर नुहाउने, सम्भव नभए हात, मुख र गोडाहरु राम्रोसँग साबुन पानीले मिचीमिची धोऔं,
- लामो समय र भीडभाडमा बाहिर जाँदा लगाएका कपडाहरु छुट्टै राख्ने र धोए पछि पुनः प्रयोग गर्ने गरौं,
- कामका सिलसिलामा नियमित बाहिर गईरहनु पर्ने व्यक्तिहरु घरमा बस्ने परिवारका सदस्यहरुसँग सकेसम्म न्युनतम भौतिक दुरी कायम गर्ने गरौं,
- आफुले प्रयोग गर्ने सवारी साधनको बढी प्रयोग हुने ठाउँहरु नियमितरूपले क्लोरिन घोल वा स्यानिटाइजरले सफा गरौं,

**व्यापारी वर्गहरुमा समेत विशेष अनुरोध**

- पसलहरु बिहान सबेरैदेखि अबेरसम्म खुल्ला राखौं, यसले गर्दा सेवाग्राहीहरु फरक फरक समयमा आई खरिद गर्न सक्ने हुँदा भीडभाड कम गर्न मद्दत पुग्नेछ ।
- पसलमा आउने सबै ग्राहकहरुलाई मास्क सहि तरिकाले प्रयोग गर्न, भौतिक दुरी, हातको सरसफाई गर्न प्रोत्साहित गर्ने र सो सम्बन्धि जानकारी सबैले देख्ने ठाउँहरुमा राखौं ।

**कोभिड-१९ बाट आफू बचौं र अरुलाई पनि बचाऔं ।**



नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग


**प्रकाशक** : वर्गदृष्टि मिडिया प्रा.लि., **प्रबन्ध निर्देशक** : हुकुमबहादुर सिंह, **सम्पादक** : इन्द्रबहादुर राउत, **फोटोः** जय दाहाल, **कार्यालय** : काठमाडौं-१०, बुद्धनगर **सम्पर्क नं.** : ९८५१०७६८६४, ०१-५२६०११२ **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।